# एकैछिन

## स्तम्भ

बुधबार साप्ताहिकमा

सन् १९९६ देखि २००५ सम्म प्रकाशित

मिडिया, सूचना र संचार प्रविधिसंबंधी लेख संकलन

विनयकुमार कसजू

## भूमिका

२०५३ साल फागुनमा म्याग्दीको तातोपानीमा नुहाउन गएको थिएँ । त्यहाँ बिजुली थिएन । मेरो स्तम्भ "एकैछिन" जिम्मा लिएको धेरै भएको थिएन । आफ्नो पालोमा लेख्न नछुटोस् भन्ने कुरामा म विशेष सचेत थिएँ । तर तातोपानीबाट लेख पठाउनुको त के कुरा लेख्नको लागि पर्याप्त प्रकाश पनि थिएन । सानो बजारमा मुस्किलले मैनबत्ती किन्न पाइयो । दिनभरिको हिँडाइको थकाइलाई बिर्सेर भट्टीपसलको खाटमा बस्दै मैनबत्तीको उज्यालोमा एकैछिन स्तम्भको लागि लेख लेखेको जीवनमा अविस्मरणीय घटना हो ।

यस्तै डेनमार्कको कोपनहेगनजस्तो संचार सुविधासम्पन्न सहरमा पनि इन्टरनेटको लागि घंटौँसम्म हिँडेर साइबर क्याफे खोज्नु परेको, पेरिस, म्युनिखजस्ता युरोपेली सहरहरूमा घण्टाको दुई युरो तिरेर इन्टरनेट चलाउनु परेको घटना बुधबारसँग गाँसिएको बिर्सन नसकिने घटनाहरू हुन् । बुधबारलाई निर्धारित समयमा लेख पठाउँदा अनेक रोचक घटना र हाँकहरू पनि आइलागेका छन् । कहिले लेख लेख्नै बिर्सेर निदाएको बेलामा राती ११ बजेतिर सम्पादकको फोनले ब्यूँझाएको र मध्यरातमा कम्प्युटर खोलेर लेख्न बसेका क्षणहरू पनि अविस्मरणीय नै हुन् । कहिलेकाहीँ संचारबिहीन गाउँमा जानुपर्दा जानुअगावै लेख लेखेर दिँदा असान्दर्भिक भएको पनि अनुभव छ । बुधबार साप्ताहिकमा नियमित रूपमा स्तम्भ लेख्न थालेपछि मलाई धेरै फाइदा भएको छ भने कतिपय अवस्थामा डेटलाइन पूरा गर्ने रमाइला हाँकहरू पनि झेल्नु परेको छ । खास गरी काठमाडौँ बाहिर, इन्टरनेट, फ्याक्स, बिजुली नभएको ठाउँमा गएको बेलामा पहिले नै बिचार पुर्‍याउनु पर्ने पाठ सिकेको छु ।  कुनै पनि पत्रिकाको नियमित स्तम्भ लेख्ने जिम्मा लिएपछि पत्रकार वा लेखकको लेखाइ र जिम्मेवारीमा धरै प्रभाव पर्ने रहेछ ।

स्पष्ट राजनीतिक विचार बोकेको र देश र जनताको पक्षमा आवाज उठाउने सुपरिचित पत्रिका बुधबार साप्ताहिक २०५२ मंसिर (सन् १९९५) देखि प्रकाशन सुरु थालेको हो । बुधबारमा मेरो पहिलो लेख "काली गण्डकी "ए" स्थानीय सरोकार विषयः काली गण्डकी परियोजनाले पार्ने वातावरणीय प्रभाव" २०५३ असार २६ गते छापिएको थियो । त्यही वर्ष साउनदेखि गोपाल गुरागाईँजीको "प्रारम्भ" र मेरो "एकैछिन" स्तम्भ आलोपालो गरी अर्थात् पाक्षिक रूपमा छापिन थाल्यो ।

२०५३ साउन १६ गते प्रकाशित "तरुलभित्रको ढुंगा" एकैछिन स्तम्भमा छापिएको मेरो पहिलो लेख थियो । त्यसपछि महिनाको औसत दुइटा लेख बुधबारमा छापिन थालेको थियो । यो सिलसिला २०५४ फागुन १३ "कुर्सीक्रान्तिमा भुल्दा" शीर्षकको लेख प्रकाशित हुँदासम्म चल्यो । त्यसपछि एकैचोटि २०५५ साल बैशाखमा "कसको जुँगा ?" छापिएपछि झण्डै दुई वर्षसम्म यो सिलसिला टुट्यो ।

२०५७ साउन ३२ गते "किरायाको कैद" लेखबाट एकैछिन स्तम्भ साप्ताहिक रूपमा सुरु भयो । तर २०५८ सालमा केवल चार वटा लेख छापिएको फेला परेको छ । अनि २०५९ साल बैशाखदेखि भने झण्डै कुनै अंक नबिराइकन एकैछिन स्तम्भमा मेरा लेखहरू छापिएका छन् । २०६० सालमा यो स्तम्भको नाम फेरिएर एक वर्षसम्म "चपाइएका नपचाइएका" भयो । तर पहिलेकै नाम धेरैलाई मनपर्‍यो ।

एकैछिनको यो डिजिटल पुस्तकमा सन् २००५ अर्थात् २०६२ मध्य पुससम्म एकैछिन स्तम्भमा छापिएका लेखहरूमध्ये सूचना, संचार, सूचना प्रविधि, पत्रकारिता विषयसँग संबंधित लेखहरू छानेर राखिएका छन् । केही लेख छुटेका हुनसक्छन् । भट्टिएमा फेरि यसमा समावेश गरिनेछ ।

कुनै पनि स्तम्भकारका लागि पाठकको प्रतिक्रिया र तारिफ नै वास्तविक पुरस्कार र प्रेरणा हो । एकैछिनको स्तम्भकारको हैसियतले म पाठकहरूको प्रतिक्रियाबाट पुरस्कृत र प्रेरित भएको छु । यो स्तम्भमार्फत पाठकहरुसँग भेटने अवसर मिलाइदिनु भएकोमा बुधबारका सम्पादक तथा पत्रकारहरू अनि पाठकहरूलाई धन्यवाद दिन्छु ।

*विनय कसजू,*

अप्रैल, २००६/चैत, २०६२

सूचीपत्र


| *लेख, रचनाको शीर्षक* | *पृष्ठ* |
|---|---|
| मामाको घोडा | ५ |
| चौथो अंगको दुर्दशा | ६ |
| खेलो हराएको पश्चिमा प्रेस | ७ |
| जर्नालिजम कि जर्नेलिजम | ८ |
| कुर्सीक्रान्तिमा भुल्दा | ९ |
| जंगबहादुर र इन्टरनेट | १० |
| मन्त्रीको पीडा कि जनताको पीडा ? | ११ |
| मिडिया टाइकुनको जन्मदाता को हो ? | १३ |
| छोरी कुटी बुहारी तर्साउने ? | १४ |
| श्रीपञ्चमीको दिन कम्प्युटरमा अक्षरारम्भ | १५ |
| सूचनामा नियन्त्रणको होड | १६ |
| गंगा जमुना र इन्टरनेट पत्रकारिता | १७ |
| सूचनाको हक | १८ |
| स्वर्गको लागि संचार | १९ |
| सरकारी संचार नीतिप्रति बेवास्ता किन ? | २१ |
| अब प्रेसको पालो ? | २२ |
| अखबार साना कि ठूला ? | २३ |
| नेपाली प्रेसले इतिहास लेख्दै, इतिहास बनाउँदै छ | २४ |
| मिडियाहरूबीच गाँड कोराकोर | २५ |
| व्यापारिक मिडियामाथि संकट  कि प्रजातन्त्रमाथि ? | २६ |
| जब पत्रकारको जिज्ञासा मर्छ | २७ |
| सम्पादकको बोका | २८ |
| पशुपतिको प्रसाद र इन्टरनेट | २९ |
| माओवादी, मिडिया र मदनपोखरा | ३० |
| डब्लुडब्लुडब्लु डट नेपाल मोनार्की डट कम | ३२ |
| मिडिया मालिकहरूको युद्ध : खतरामा प्रेस स्वतन्त्रता | ३३ |
| कारिन्दा पत्रकारिताको विकास | ३४ |
| नयाँ वर्षमा मिडियालाई हाँक | ३५ |
| अब संधैको लागि जनता मालिक | ३६ |

नेपाली प्रेसको मूल धार ३७
मासु पसले र मिडिया पसले ३८
क्यामराले समेट्न नसकेको इतिहास ३९
कलमको जवाफ कलमले नै दिनुपर्छ गोलीले होइन ४०
कान र आँखाबीच कति फरक ? ४१
प्रेस स्वतन्त्रता र बन्द उद्योग कसको हितमा ? ४२
सुनामी : सूचना र संचार प्रविधिको लागि कलंक ४३
बतासे डाँडा एफएम डाँडा भएछ ४४
सूचना क्रान्ति कि क्रान्तिको सूचना ? ४५
माछापुछ्रे बिनाको पोखरा ४६
आर्यघाट एफएमको खाँचो ४७
मोहन शमशेरको आवा ४८
भीमेश्वरको मन्दिरतिर ! ४९
एफएमको मुख थुन्दा .... ५०
राष्ट्र, राष्ट्रियता र स्वतन्त्र प्रेस ५१
मौन मोबाइल फोनको तीतो सन्देश ५२
घण्टाकर्णको कानमा एफएम ? ५३
यो आन्दोलन पत्रकारको लागि होइन ५४
सूचना प्रविधिमा पनि प्रतिगमन ५५
प्रेस स्वतन्त्रताका लागि अन्तर्राष्ट्रिय मिसन ५६
कलम बन्धकी राखेर आत्मघाततिर ? ५७
बालबालिका र मिडिया : सर्जकको भूमिका ५८
कार्टुनको कमाल ! ५९
ट्युनिसियामा हावादारी गफ ६०
जनता, प्रेस र बिचरा पत्रकार ! ६१

# मामाको घोडा

प्रजातन्त्र आएपछि मामाको घोडा चढ्नेहरूको संख्या निक्कै बढेको छ र बढ्दैछ । आफ्नो घरमा घोडा नभए पछि मावल गएको बेला घोडा चढ्ने रहर लाग्नु स्वाभाविकै हो । अरूमाथि चढ्ने बानी हामीलाई हाम्रै देवताहरूले सिकाएका हुन् । उनीहरू कोही गरुडमाथि चढ्छन् भने कोही सिंहमाथि, कोही उल्लुमाथि, कोही भैंसीमाथि चढ्ने पनि छन् ।

राणा प्रधानमन्त्रीहरू घोडा चढ्न निक्कै रुचाउँथे । आफरु मरेपछि पनि घोडा चढिरहने उनीहरूको रहर थियो । त्यसैले टुँडीखेलको वरिपरि उनीहरूले कुदिरहेको घोडामा चढेको आआफ्नो सालिक राख्न लगाए । मल्ल राजाहरूले आफ्नो दरबारको झ्यालको नमुना पुष्पक विमान जस्तै बनाए, जसले गर्दा उनीहरूले झ्यालबाट हेर्दा प्रजाहरूले आफ्ना राजारानीहरूलाई पुष्पक विमानमा चढेको देखुन् । त्यस्ता विमान झ्यालहरू पुराना दरबारहरूमा अझै पनि भेटिन्छन् ।

विज्ञानको चमत्कारले गर्दा अब मानिसको रहर घोडामा मात्रै सीमित नभएर उड्ने र गुड्नेतिर बढेको छ । तर नेपालमा सित्तैमा अर्थात मामाको घोडा चढ्नेहरूको संख्यामा कमी आएको छैन ।

सत्तामा पुगे पछि सबैलाई घोडा चढ्नैपर्छ । जंगबहादुरले पनि पहिले आफ्नो मामाको घोडा चढेपछि सरकारी घोडा चढेका थिए । बेलायत गएको बेलामा उनले घोडामाथि चढ्ने काठीलगायत सजाउने कुराहरू र घोडालाई तालिम दिने मानिस पनि बेलायतबाटै ल्याएका थिए रे !

त्यो भन्दा पनि महत्वपूर्ण कुरा जंगबहादुरले बेलायतबाट छापाखान ल्याए जसलाई गिद्धे प्रेस भनिन्थ्यो । उनले ल्याएको त्यो प्रेस कति महत्वपूर्ण थियो भन्ने कुरा यसबात पनि साबित हुन्छ कि जंगबहादुर बितेको केही वर्षमै देवशमशेरले गिद्धे प्रेसमा नेपालको पहिलो सरकारी अखबार गोरखापत्र छपाउन लगाए पछि सत्ताधारीहरूको चाकरी गर्न थालेको त्यो सरकारी अखबार पंचायतको त के कुरा प्रजातन्त्र आएपछि पनि सत्ताको सेवा गरिरहेको छ ।

हुनत गोरखापत्र छाप्ने आदेश दिँदा देवशम्शेरले आफ्नो तारिफ वा प्रशंसा नछाप्नू भन्ने हुकुम दिएका थिए, तर त्यो सरकारी प्रेसले जन्मेदेखि जे नगर्नू भनको हो त्यही गर्दै आएको छ । जनतालाई रिझाउन नपर्ने मालिकलाई रिझाए दानापानी हुने व्यवस्था रहँदासम्म त सरकारी प्रेसलाई सत्ताधारी वा पंचायती नेताहरूले मामाको घोडाझैं चढानु स्वाभाविक थियो । तर जनता रिझाउनु पर्ने व्यवस्था आइसक्दा पनि सरकारी प्रेसलाई मामाको घोडा बनाउने काम समय सुहाउँदो अवश्य पनि होइन ।

प्रजातान्त्रिक व्यवस्थामा हरेका शासक दल वा सरकारले "आजको सरकार भोलिको प्रतिपक्ष हो" भन्ने विचार गर्नुपर्छ । बहुदलीय व्यवस्था अपनाएपछि संचारमा पनि बहुलवादलाई मान्ने पर्ने हुन्छ । आमसंचार माध्यमहरूलाई सरकारको हातमा मात्रै होइन व्यक्ति विशेष वा कम्पनी विशेषको हातमा मात्रै पनि सीमित हुन दिनु हुँदैन । सरकारले अखबार चलाउनु हुँदैन भनेर सबै प्रजातन्त्र पक्षधरहरूले भन्छन् । तर कसले चलाउने भन्ने कुरामा सबैको एउटै बिचार देखिँदैन । चिनी कारखाना वा छाला कारखाना व्यक्ति विशेषलाई बेचेझैं सरकारी संचार माध्यमहरू पनि बेच्ने अर्थात् निजीकरण गर्ने कि अथवा जनतालाई तिनको मालिक बनाउने ?

जंगबहादुरले बेलायतबाट ल्याएको घोडालाई सबै सत्तधारीहरूले चढे, कुदाए र मोज गरे र तर अब त्यसमाथि जनताले चढ्ने कसरी ? यो कुरामा विचार पुर्‍याउनुपर्ने बेला आइसकेको छ ।

२०५४ बैशाख ११ गते

# चौथो अंगको दुर्दशा

कलमका सिपाही पत्रकारहरूले कलम छाडेर बन्दुक बोक्न थाले भने के हुन्छ ? समाचारकर्मी पत्रकारहरू स्वयं समाचार बने भने के हुन्छ ? नेपाल पत्रकार महासंघको चितवनमा आयोजित यस्तै नहुनुपर्ने कुराहरू भए । पंचायत कालमा यस्तो भएको भए व्यवस्था, नेता वा व्यक्ति विशेषलाई दोष लगाएर उम्कन सकिन्थ्यो होला । तर प्रजातन्त्रको निर्वाध उपभोग गर्ने र आफूलाई राज्यको चौथो अंगको रूपमा चिनाउन गर्व गर्ने पत्रकारहरूबाट चितवनमा जे जस्तो घटना भयो त्यसबाट पत्रकारभन्दा बाहिरको कसैलाई दोष दिएर उम्कन सकिने अवस्था छैन ।

पत्रकारलाई चौथो अंगको गरिमा र जिम्मेवारी न त संविधानले दिएको हो, न त कुनै ऐन कानुनले । नेपालको संविधानले देशको सम्पूर्ण अधिकार जनतालाई सुम्पेको छ । सार्वभौम सत्ता सम्पन्न जनताले आफ्नो प्रतिनिधि रोज्छन् र व्यवस्थापिका अर्थात् संसद बन्छ । संसदले सरकार अर्थात कार्यपालिका बनाउँछ । सरकार र संसदले मिलेर न्यायपालिका बनाउँछ । यसरी बनेका तीन अंगको शक्ति सन्तुलनको आधारमा संसदीय प्रजातन्त्रको जग खडा गरिएको छ भने चौथो अंग पत्रकारिताको उद्‌गम कहाँबाट भयो ?

निश्चय नै राज्यका तीन अंगहरूले राम्रोसँग काम गरोस् भन्नका लागि उनीहरूमाथि निगरानी राख्नका लागि स्वतन्त्र प्रेसको आवश्यकता हुन्छ । यसको अभावमा राज्यका तीन अंगमध्ये कुनै पनि अंग अनियन्त्रित हुनसक्छ । दलीय राजनीतिक व्यवस्थामा चौथो अंगको भूमिकालाई यसरी नै बुझिएको हुन्छ ।

वास्तवमा चौथो अंगको उत्तरदायित्व र गरिमा पत्रकारिताले आफ्नो सेवा र कर्तव्यबाट आर्जन गर्छ । पत्रकारको परिचय पत्र पाउँदैमा कोही पनि व्यक्ति चौथो अंगको गरिमामा पुगिहाल्दैन । पत्रिकाको प्रकाशकको लागि पत्रिका प्रकाशन एउटा कमाउने व्यवसाय हुनसक्छ । तर पत्रिकामा काम गर्ने सम्पादकदेखि सम्वाददातासम्मका लागि पत्रकारिता दश देखि पाँच बजेसम्म गरिने पेशा वा जागिर मात्रै हुँदैन । सुतेको बेलामा बाहेक हरेक पलमा पत्रार समाजको सजग दिमागी प्रहरी हुन्छ । "कहाँ नहुनु पर्ने कुरा भयो र कहाँ हुनुपर्ने कुरा भएन ?" यही चिन्तनमा ऊ लागिरहन्छ । अनि कहीँ खोँट भेट्टाउने बित्तिकै कलमको बन्दुक चलाइहाल्छ । डाक्टर, वकिल वा इन्जिनियरले झैँ पत्रकारले ग्राहकको अनुरोधमा मात्रै काम गर्ने भन्ने हुँदैन । ऊ अन्तरआत्माको आवाजले काम गर्ने समाजको प्रहरी हो । यही कर्तव्यबोधले गर्दा उसलाई चौथो अंगको गरिमा प्राप्त हुन्छ । यो गरिमासँग कर्तव्य अविच्छिन्न रूपमा गाँसिएको छ ।

नारायणघाटमा भएको घटनाले आफूलाई पत्रकार हुँ भनी गर्व गर्ने सबैलाई चिन्तित तुल्याएको हुनुपर्छ । यसका लागि व्यवस्थापन पक्ष लगायत कोकोबाट कमी कमजोरीहरू भए त्यसको छानबिन हुनुपर्छ । यसलाई हाँसो वा गिल्ला गर्ने विषयमात्रै बनाएर छाडियो भने नेपाली प्रेसमाथि यस्ता कलंकहरू फेरि पनि आइरहने छन् । प्रजातन्त्र बलियो बनाउन पनि प्रेस बलियो हुनुपर्छ भन्ने कुरामा शंका छैन । तर प्रेसलाई बलियो बन्न नदिने तगारा, बाधा र षडयन्त्रहरूलाई सखाप पार्न सकिएन भने प्रजातन्त्रकै जरोमा धमिरा लाग्छ भन्ने कुरा बिर्सनु हुँदैन ।

२०५४ असार १८ गते

# खेलो हराएको पश्चिमा प्रेस

गएको साता मदर टेरेसा र वेल्सकी राजकुमारी डायनाको निधन भयो । दुबैजनाको जीवनमा मेल खाने कुराहरू कमै छन् । एक जना, गरिब दुखीको भलाइमा जीवन समर्पण गरेर, आजीवन अविवाहित रहेर आमाको दर्जामा पुगेकी, नोबल पुरस्कार प्राप्त आदरणीय नारी । अर्की, बेलायतको राजपरिवारको मर्यादालाई तोडेर भावी राजासँग पारपाचुके गरेर, स्वच्छन्द जीवन बिताउन चाहने र धनवानसँग प्रेमालाप गर्दै अर्को विवाहका निम्ति आतुर, दुई सन्तानकी आमा ।

दुबैको निधनमा शोक मनाउने तरिका पनि उत्तिकै फरक थियो । डायनाको बिहेको उत्सव यो शताब्दीकै अद्वितीय समारोह थियो भने अन्त्येष्ठि पनि अद्वितीय नै भयो । टेलिभिजन हुनेहरू र अखबार पढनेहरूले करैले पनि एक सातासम्म डायनाको बाल्यकालदेखि अन्त्येष्ठिसम्मका दृश्यहरू हेर्न र पढन पाए । उनलाई ममताकी मूर्ति भनेर बखान गर्ने अखबारहरू पनि उनको प्रेमीसँग आलिंगबद्ध फोटोहरू छाप्न पछि परेनन् ।

हरेक समाज र समयका आफ्नै र बेग्लाबेग्लै नैतिक मूल्य र मान्यताहरू हुन्छन् । बेलायती वा पश्चिमी नैतिक मूल्य मान्यताले देखेको कुरा नेपाली आँखाले देख्न सम्भव छैन । यसैले मरिसकेको व्यक्तिको बारेमा टिप्पणी गर्नु यो पंक्तिकारको आशय होइन । आशय हो पश्चिमी प्रेसको व्यावसायिक मान्यता केलाउनु ।

पश्चिमी प्रेसलाई आफ्नो व्यावसायिक लाभका लागि प्रायः यस्तो छविको खाँचो परिरहन्छ जसबाट आफ्नो विज्ञापन र विक्री बढोस् । कहिले मर्लिन मोनरो त कहिले ज्याक्लिन क्यानेडीको रूपमा । मर्लिन र ज्याकलिनको समयमा इलोक्ट्रोनिक माध्यमहरूको विकास भएको थिएन । अमेरिकाका लोकप्रिय राष्ट्रपति जोन एफ केनेडीकी सुन्दर खर्चालु पत्नी ज्याकलिन केनेडी पतिको हत्या भएको केही वर्षपछि ग्रीसका जहाज मालिक अरबपति ओनासिससँग विहे गरी चर्चाको शिखरमा पुगेकी थिइन् । ओनासिसको मृत्युपछि उनले फेरि अर्कोसँग बिहे गरिन् । राजकुमारी डायनाले पनि बेलायतमा विवादास्पद धन्दाहरूमा संलग्न महम्मद अल फायदका धनाढ्य पुत्र डोडी अल फायदसँग विवाह बन्धनमा बाँधिन तयारी गर्दै थिइन् । डोडीले डायनालाई उपाहार दिन दुईलाख अमेरिकीडलर अर्थात् सवा करोड रूपैयाँभन्दा महँगो हिराको औठी बनाइसकेको थियो । तर दुर्घटनावश दुबैको बिहे हुन पाएन ।

डायनालाई प्रचारको शिखरमा पुर्‍याउने पश्चिमी प्रेसकै एउटा दुष्प्रवृत्ति, "पापाराची" माथि डायना र डोडीको प्रेमालाप मृत्युमा परिणत गरएको आरोप लागेको छ । डायनाको अन्त्येष्ठिको अवसरमा उनका भाइ अर्ल स्पेन्सरले डायनाको मृत्युको दोष प्रेस जगत, खास गरी पापाराचीलाई लगाए । कसैको व्यक्तिगत जीवनको गोपनीय कुराहरू, खास गरी दुर्लभ फोटो, लाई प्रचारप्रसार गरेर नाफा कमाउने पश्चिमी प्रेसमाथि यो गम्भीर आरोप हो । शायद यही कुरा महसुस गरेर बेलायतका अखबारहरूले डायनाका दुई छोराहरू राजकुमार विलियम र ह्यारीको निजी जीवनको समाचार र फोटो नछाप्ने वाचा गरेका छन् ।

पश्चिमी संचार माध्यमहरू स्वतन्त्रताको निम्ति जतिसुकै प्रख्यात भए पनि तिनीहरू समाजप्रति उत्तरदायित्वबारे कत्तिको सचेत छन् भन्ने कुरामा बेलाबेलामा प्रश्न उठ्ने गर्छ । राजनीतिक नेताहरूलाई उचाल्ने र पछार्ने, अफ्रिका, ल्याटिन अमेरिका र एसियाका विकासशील देशहरूमा सत्ता परिवर्तन गराउने खेलमा सिपालु पश्चिमा प्रेसले व्यावसायिकताको नाममा गर्ने कामकुराहरूलाई हामीले आँखा चिम्लेर स्वीकार्ने कि तार्किक आँखाले हेर्ने ? स्वतन्त्र र जिम्मेवार प्रेसको अदर्श या मोडेल के पश्चिमी प्रेस हुनसक्छ ? कदापि हुन सक्तैन । यसो भनेर प्रजातन्त्रमा स्वतन्त्र प्रेसको भूमिकालाई घटाउन वा नकार्न खोजिएको हैन । नाफामुखी पश्चिमी प्रेस हाम्रो सामाजिक र राजनीतिक परिप्रेक्ष्यमा जनताप्रति कत्तिको उत्तरदायी हुनसक्छ भन्ने प्रश्न उठाउन खोजिएको मात्रै हो ।

डायनाको निधनपछि पश्चिमी प्रेसको एउटा ठूलो हिस्सालाई खेलो हराएझैं भएको छ । निकट भविष्यमै त्यसले अर्को डायना तयार पार्नेछ । नेपाली प्रेस फेरि पनि त्यसको पछि लाग्ने कि ?

२०५४ भदौ, सेप्टेम्बर १९९७

# जर्नालिजम कि जर्नैलिजम

भियतनाम-अमेरिका युद्धताका भियतनामका छिमेकी देशहरूमा अमेरिकाको सहयोगमा लाखौं जवानको सेना तयार पारिएको थियो । तर लडाइँको बेलामा ती सैनिकको अत्तोपत्तो भएन । ती सेनाहरू कागतमा मात्रै थिए । वास्तवमा सेना थिएन र वास्तवमा त जर्नेजहरूमात्रै थिए । काल्पनिक सेनाका जवानहरूलाई कागतमा हाजिर गराएर जर्नेलहरूले तिनको तलब र रासनपानी आफैले खान्थे । यसरी हजम पारेको सम्पत्ती विदेशी बैंकमा थुपार्थे । त्यसैले अमेसिका भियतनामबाट हट्ने बित्तिकै त्यसको वरिपरिका अमेरिकाका कठपुतली सरकारहरू तासको घरझैं ढले । जर्नेलहरू अमेरिकातिर लागे ।

कुरा तीतो हो, तर भन्नेपर्छ । अहिले नेपालको पत्रकारिता क्षेत्रमा अर्थात् जर्नालिजममा पनि सेनाविहीन जर्नेलहरूको भीड लाग्न थालेको देखिँदैछ । अहिले नेपालका सयकडा पचहत्तरभन्दा बढी अखबारहरू सेना वा रिपोर्टरविहीन छन् । केही अखबारलाई छाडेर घेरैजसो अखबारका रिपोर्टर फिल्डमा छैनन् । भएका रिपोर्टरहरूमध्ये पनि धेरैले कलम चलाउने तालिम पाएका छैनन् । पत्रिकाको कार्यालयमै धेरैजसो समग्री तयार हुन्छ । अन्तर्वार्तासमेत टेलिफोनबाट वा लिखित रूपमा लिन थालिएको छ ।

सात सालअघि राणा शासकका छोराहरू पेटमै जर्नेल कर्णेल हुन्थे रे ! अहिले पत्रकारितामा त्यो स्थिति छ । फिल्डमा गएर काम गर्ने सैनिक हुन् वा कार्यालयमा कलम चलाउनेहरू हुन् पत्रकारिता सीप सिक्न कसैको पनि जाँगर छैन । सबैलाई एकैचोटि जर्नेल अथवा सम्पादक नै हुनु परेको छ ।

प्रजातन्त्रको पहरेदार भनिने जर्नालिजमलाई जर्नेलिजममा परिणत गर्ने काममा प्रजातन्त्रकै अर्को खम्बा राजनीतिक दल र तिनका नेताहरू कै प्रमुख हात रहेको छ । हिँजो जनताको छाप्रोमा सुत्ने, गुन्द्रुक र ढिंडो प्रेमपूर्वक खाने जनताका प्यारा नेताहरूलाई अब जनतको घर दैलोमा जाने फुर्सत छैन । यसैले उनीहरूले जनतासम्म पुग्न सजिलो उपाय निकालेका छन् – जर्नालिजम । यस क्षेत्रमा उनीहरूले आफ्नाआफ्ना जर्नेल खटाउन थालेका छन् ।

पंचायतलाई ढलाएन जुन मिसन जर्नालिजम (उद्देश्यमूलक पत्रकारिता) गरिएको थियो त्यसको चरण समाप्त भइसकेको छ र अब व्यावसायिक पत्रकारिता अर्थात् स्वतन्त्र आत्मनिर्भर र विश्वसनीय प्रेसको आवश्यकता खाँचो भइसकेको छ । पंचायत कालमा नेताहरूले पत्रिका मार्फत् राजनीति गरे, किनभने त्यति बेला खुला राजनीति गर्न पाइँदैनथ्यो । तर अहिलेको खुला वातावरणमा पनि पत्रिका मार्फत् राजनीति गर्न खोज्नु असान्दर्भिक भइसकेको छ । प्रजातन्त्रमा प्रेसले प्रतिपक्षको भूमिका खेल्छ, खेल्नुपर्छ ।

अर्को विर्सन नहुने कुरा के छ भने जनताद्वारा निर्वाचित नेताहरूले जनतालाई रिझउनुपर्छ अखबारलाई रिझाउन खोज्नुहुँदैन । कतिपय ठूला एवं सफल नेताहरू सम्पूर्ण प्रेस जगत आफ्नो विपरीत हुँदा पनि जनतालाई रिझाएर प्रिय बनेको पाइन्छ । जनप्रतिनिधिहरू प्रेसप्रति होइन जनताप्रति जवाफदेही हुन्छन् भन्ने कुरा नेताहरूले बिर्सनु हुँदैन । जर्नेलिजमले अन्ततोगत्वा उनीहरूको भलाइ गर्दैन न त जर्नालिजमकै भलाइ गर्छ ।

२०५४ मंसिर ४ गते ।

# कुर्सीक्रान्तिमा भुल्दा

संचारमा शक्ति छ र यो शक्ति अहिले पश्चिमी प्रेसको हातमा छ । त्यसले देवतालाई दानव र दानवलाई देवता साबित गर्नसक्छ । प्रिन्सेस डायनालाई देवी बनाउने पनि पश्चिमा प्रेस नै हो भने इराकी राष्ट्रपति सद्दाम हुसेनलाई दानवको रूपमभा प्रस्तुत गर्नसक्ने पनि पश्चिमा प्रेस नै हो ।

अमेरिकी राष्ट्रपति विल क्लिन्टनको यौन भ्रष्टाचारको मुद्दाबाट राष्ट्र र विश्वको ध्यान हटाउन अहिले इराकमाथि अमेरिकाले सैन्य बल प्रयोग गर्ने तयारी गरिरहेको छ । अनि पश्चिमा प्रेस आँखा चिम्लेर सद्दामलाई समाप्त पार्नै पर्ने व्यक्तिको रूपमा चित्रित गर्नमा व्यस्त छ । तर क्लिन्टनको नियतबारे अमेरिकामै पनि प्रश्न उठिरहेका छन् । भूतपूर्व राष्ट्रिपति रिचार्ड निक्सनलाई झैं उनीमाथि पनि महाभियोग लाग्ने स्पष्ट संकेत देखिन थालेको छ ।

पश्चिमी प्रेसको शक्ति ठूला संचार घराना र पूँजिपतिहरूको हातमा केन्द्रित हुँदै गइरहेको छ । स्वतन्त्र प्रेस भन्ने शब्द अब अर्थहीन हुन थालेको छ । विश्व बैंक बहुराष्ट्रिय व्यापारिक संस्थाहरूको स्वार्थ पूर्ति गर्ने हतियारको रूपमा पश्चिमा फ्री प्रेस प्रयोग गरिंदैछ । सम्पूर्ण विश्व संचारको महाजालमा फँस्दैछ ।

संचार प्रविधिको जुन अकल्पनीय विकास भएको छ त्यसले संसारभरिको सूचना अमेरिकामा पुर्‍याउने र संचार साधन उपकरण अर्थात् हार्डवेयर तथा सफ्टवेयरमाथि गरिने लगानीको निश्चित हिस्सा अमेरिका पुर्‍याउने सोझो बाटो बनाइसकेको छ । इन्टरनेटमा हुने विज्ञापन र व्यापारको सयकडा नब्बे हिस्सा अमेरिकाले ओगटेको छ भने भाषा र संस्कृतिको हिसाबले पनि सम्पूर्ण विश्वको अमेरिकीकरण गर्ने अभियान सुरु भइसकेको छ ।

स्टार टेलिभिजन कार्यक्रमलाई हाम्रा कोठाचोटामा पुर्‍याउने संचार भूउपग्रहहरूले निकट भविष्यमै टेलिफोन, इमेल, इन्टरनेट र अन्य संचार साधनलाई अति सुगम बनाइदिने छन् । यी सबै उपलब्धिको फल झट्ट हेर्दा तेस्रो विश्वले पनि पाएको देखिए पनि पूँजी र प्रविधि जोसँग छ ऊ नै सर्वाधिक लाभान्वित हुने हुनाले अन्ततोगत्वा तेस्रो विश्वका स्रोत साधन पश्चिमतिरै लाग्ने् कुरा निश्चित नै छ । यसरी हिंजोको विश्व औद्योगिक क्रान्तिको फलस्वरूप धनी र गरिब राष्ट्रहरूमा विभाजित थियो भने भोलिको विश्व संचार क्रान्तिको फलस्वरूप ज्ञान र सूचना सम्पन्न र ज्ञान र सूचनामा विपन्न राष्ट्रहरूमा विभाजित हुँदैछ । यसबाट जोगिन हाम्रो तयारी के छ ? कहिले हामीलाई “कुर्सीको लडाइँ” ले फुर्सत देला ?

२०५४ फागुन १३

# जंगबहादुर र इन्टरनेट

बाँसको कलमले मसी चोप्दै एक घण्टामा एक पाना मिसिल लेख्ने जमानामा एक मिनेटमा पाँचदस पाना छाप्ने हाते प्रेस देख्दा बेलायत घुम्न गएका प्रधानमन्त्री जंगबहादुर राणा छक्कै परे । उनले तुरुन्तै एउटा हातेप्रेस किने र आफूसँगै नेपाल ल्याए । आधुनिक छापाखानाको आविष्कार भएको (सन् १४५६) झण्डै चार सय वर्षपछि (१८५१) नेपालमा छापाखाना भित्रिए तापनि नेपालको संचार प्रविधिमा यो युगान्तकारी ऐतिहासिक कदम थियो । प्रधानमन्त्री जंगबहादुर राणालाई आफ्नो कामको महत्वबारे कत्तिको जानकारी थियो वा थिएन त्यो अनुमानकै कुरा हुनसक्छ । तर त्यसका दुइटा प्रभाव स्पष्ट रूपमा देखिए ।

सरकारी सूचना, इस्तिहारहरू हातले लेख्नुको सट्टा छापाखानामा छापिन थाल्यो । फलस्वरूप सरकारी सूचनामा एकरूपता आयो र अक्षर नबुझिनाले उत्पन्न हुने भ्रम घटयो । लिपिमा एकरूपता आउन थाल्यो र सरकारी कामकाज छिटो हुन थाल्यो । तैपनि कागतपत्र ओसार पसार गर्ने साधन हुलाक मात्रै थियो । गिद्धेप्रेस नाउँले चिनिएको त्यो प्रेसले अर्को दूरगामी एवं महत्वपूर्ण काम के गर्‍यो भने सरकारको तर्फबाट अखबार निकाल्ने परम्परा सुरु भयो ।

यदि जंगबहादुर बेलायत जाँदा त्यहाँ उनले कम्प्युटर देखेको भए के उनले कम्प्युटर लिएर आउँथे ? हुन त यो काल्पनिक सवाल हो, तर अनुमान गरौं त्यति बेला बेलायतमा कम्प्युटर मात्र होइन इन्टरनेट नै चल्थ्यो रे । अनि जंगबहादुरले नेपालमा इन्टरनेट भित्र्याएको भए नेपाल कहाँ पुग्थ्यो ?

श्री ३ वीर शमशेर प्रधानमन्त्री हुँदा पाल्पामा खड्ग शमशेर मुख्तियार थिए । प्रधानमन्त्री पदका दाबेदार तर षडयन्त्रको कारणले पाल्पा धपाइएका खड्ग शमशेर आफै प्रधानमन्त्रीसरह अधिकार प्रयोग गरी पाल्पामा राज्य गर्न थालेको कुरा वीर शमशेरलाई चित्त बुझेन । त्यसैले उनले कलाकारलाई आफ्नो चित्र लेख्न लगाई चाँदीको फ्रेममा सजाएर पाल्पा पठाए । उनले त्यो चित्र सबैले देख्ने ठाउँमा राख्न लगाए । उनको आसय के थियो भने प्रजाहरूले वास्तविक राजा (प्रधानमन्त्री) वीर शमशेर हुन् भनेर चिनुन् ।

खड्ग शमशेरले वीर शमशेरको हुकुम शिरोपर गर्दै त्यो चित्र दरबारको हलमा सबैले देख्ने ठाउँमा राख्न लगाए । तर चित्रमाथि बुट्टा भरेको मखमलको कपडाले छोपेर चित्र नदेखिने फ्रेम मात्र देखिने गरी राखे । भित्रियाहरूले (केन्द्रका जासुस) यो कुरा वीर शमशेरको कानमा पुर्‍याए । वीर शमशेरले खड्ग शमशेरसँग उनको चित्र किन छोपेको (ढाकेको) भनेर स्पष्टीकरण मागे । जवाफमा खड्ग शमशेरले भने, “हजूरको फोटोमा धुलो लाग्ला, दुष्टहरूको आँखा पर्ला र अनिष्ट होला भन्ने डरले फोटो छोपेको हो ।” कति रमाइलो वा चतुरतापूर्ण जवाफ !

यदि जंगबहादुरले इन्टरनेट भित्र्याएको भए पनि त्यसको दशा वा दुर्दशा वीर शमशेरले पाल्पामा पठाएको उनको चाँदीको फ्रेमले सजाएको चित्रजस्तै हुने थियो होला ।

जंगबहादुरको पालाको के कुरा अहिले डेढसय वर्षपछि पनि हाम्रो मानसिकतामा केही फरक परेको छैन । कम्प्युटरको उपयोग टाइपराइटरको रूपमा गर्ने सरकारी कार्यालयका हाकिमहरू कम्प्युटर चलाउनु टाइपिस्टको काम गर्नुसरह ठान्छन् । कम्प्युटर अपरेटरको दरबन्दी खडा गर्छन् ।

अहिले विज्ञान तथा प्रविधि मन्त्रालय तथा राष्ट्रिय योजना आयोग दुबै सूचना तथा संचार प्रविधिलाई देशको आर्थिक उन्नतिमा लगाउने उद्देश्यले साइबर नीति तर्जुमा गर्नमा व्यस्त छन् । अर्को साता “काठमाडौं सूचना प्रविधि शिखर मेला २०००” को भव्य आयोजना हुँदैछ । मेलामा सामान र प्रविधिको प्रदर्शनीको सँगसँगै सूचना प्रविधिका विविध विषयमा सेमिनार पनि हुनेछ । नेपालका सरकारी, गैरसरकारी, शैक्षिक तथा व्यापारिक संस्थाहरूले यसबाट फाइदा लिन सक्नेछन् ।

देशको आर्थिक उन्नतिको लागि सूचना तथा संचार प्रविधिको उपयोग गर्ने सन्दर्भमा जनतालाई सचेत पार्न यो मेला महत्वपूर्ण हुन सक्छ । तर हाम्रा नेताहरूको भिजन जंगबहादुरको जत्तिको पनि छ कि छैन ? कर्मचारीतन्त्रको त कुरै छाडौं ।

२०५७ भदौ २१ गते

# मन्त्रीको पीडा कि जनताको पीडा ?

प्रेस काउन्सिल नेपालको एकत्तीसौं वार्षिकोत्सव समारोहमा प्रमुख अतिथि सूचना तथा संचार मन्त्री जयप्रकाश गुप्ताले आफ्नो सम्बोधन प्रेस काउन्सिललाई उजुरी गर्दै सुरु गर्नुभयो । उहाँले भन्नुभयो, म मधिसे मन्त्री भएको पीडा भोग्दैछु । भनाइको सार थियो उहाँ मधिसे भएको कारणले उहाँले गरेको भाषण पत्रपत्रिकाले बुझ्नेनन् फलस्वरूप भन्दै नभनेको कुरा अथवा गलत कुरा अखबारहरूले छापे । उहाँको आशय शायद अघिल्लो दिन एडिटर्स गिल्ड अफ नेपालले आयोजना गरेको "साप्ताहिक पत्रिकाको नीति तथा चुनौति" विषयक गोष्ठीमा आफूले बोलेको अखबारको सेन्सरसिप सम्बन्धी कुरा अखबारमा बँग्याएर छापियो भन्ने थियो । अथवा वितेका केही दिनदेखि हिँसा र आतंकलाई प्रोत्साहन दिने अखबारहरूलाई कार्वाही गर्न सकिने बारेमा थियो ।

सात समुद्र पारिको भाषा बोल्नेहरूको कार्यक्रमको समाचार कत्ति पनि नबिराइकन छाप्ने, दूतावासहरूको प्रेस विज्ञप्ति र आइएनजीओहरूको अंग्रेजी भाषामा हुने कार्यक्रमको समाचार सबिस्तार छाप्न रुचाउने अखबारहरूले आफ्नै देशका मन्त्रीको भाषा नबुझ्ने कुरै भएन । मन्त्री स्वयं पनि अनुभवी पत्रकार भएको कारणले पत्रिकाहरूले कस्ता समाचारलाई महत्व दिन्छन् अथवा व्यावसायिक/व्यापारिक पत्रिका बिकाउन कस्तो समाचार बढी छापिन्छ भन्ने कुरा उहँलाई थाहा नहुने कुरा पनि भएन । त्यसैले सेन्सरसिपको हौवा वा आतंकले साना अखबारलाई भन्दा प्रजातान्त्रिक वातावरण पाएर मौलाएका करोडौंको लगानी लगाएर चलाइएका प्रकाशन संस्थाहरू डुब्लान् भन्ने चिन्ता नै प्रमुख चासो हुनु स्वाभाविक पनि हो ।

प्रेस काउन्सिल अखबारहरूको विरोधमा सिकायत वा उजुरी गर्ने ठाउँ भएको हुनाले मन्त्रीले उजुरी ठिक ठाउँमा गर्नु भएको छ । तर काउन्सिलको नियुक्ति पनि उहाँ आफैले गर्नु भएको हुनाले उहाँको उजुरीमाथि कार्वाही कुन रूपमा हुन्छ अहिले नै भन्न सकिन्न । हाम्रो प्रजातान्त्रिक संविधानमा वाक् तथा प्रकाशनको अधिकार, सुसूचित हुने अधिकार लगायत पत्रपत्रिका र छापाखाना बन्द वा जफत गर्न नपाइने कुरा स्पष्ट उल्लेख छ । यी कुरा दक्षिण एशियाली देशहरूमै सर्वाधिक प्रजातान्त्रिक मानिएको पनि छ । मन्त्रीजीले संविधानकै उल्लेख गर्दै त्यसमा भएका प्रतिवन्धात्मक धाराहरूतर्फ प्रेसको ध्यान आकृष्ट गर्न खोज्नु भएको छ । तर यो कुरा स्पष्ट छ कि पंचायत कालमा झैं अब पनि प्रेस काउन्सिललाई विरोधी पत्रपत्रिकाको घाँटी निमोठ्ने हतियारको रूपमा प्रयोग गर्न पाइँदैन । प्रजातन्त्रकै घाँटी ननिमोठी यो कुरा संभव छैन । जुन दिन प्रेसको घाँटी निमोठिन्छ त्यो दिन प्रजातन्त्रको पनि घाँटी निमोठिन्छ भन्ने कुरा विव्दान नेता तथा पत्रकारहरूलाई भनि राख्नु पर्ने होइन ।

प्रजातन्त्र जनताको मतद्वारा चल्ने व्यवस्था हो । जनताको मत भनेको चुनावमा खसाल्ने मत मात्र होइन । त्योभन्दा महत्वपूर्ण मत हो जनताले आफ्नो र राष्ट्र संचालनको संबंधमा दिनदिनै व्यक्त गर्ने विचार । जनताका बिचारहरू प्रेसबाट सबैभन्दा व्यापक र प्रभावकारी रूपमा व्यक्त हुन्छन् । तर प्रेस जनमत अभिव्यक्त हुने प्रभावकारी र प्रचलित माध्यम भएता पनि त्यो एक मात्र माध्यम कदापि होइन । जनताको बिचार पँधेराको गफमा पनि अभिव्यक्त भएको हुन्छ । स्थानीयदेखि राष्ट्रिय कार्यक्रम, योजना र नीतिको आधार पँधेरे गफदेखि लिएर जनमत अभिव्यक्त हुने हरेक सार्वजनिक स्थल, मंच, सभासमारोह, सेमिनार तथा अन्य माध्यमहरू पनि हुन सक्छन् । प्रजातन्त्रलाई बलियो बनाउनका लागि सर्वसाधारण जनताले निर्धक्क भएर आफ्ना कुरा राख्नसक्ने सार्वजनिक मंच वा चौतारीहरू (पब्लिक फोरम) लाई सकेसम्म प्रोत्साहन दिनुपर्छ । अखबार वा रेडियो वा टेलभिजन जनमत पोख्ने जनताको लागि सुगम माध्यम होइनन् । जनताको वारेस चुनिएका जन प्रतिनिधिहरूले पँधेरे गफदेखि जनमत बुझ्ने हरेक माध्यलाई ध्यान दिनु पर्छ । उनीहरू आफ्ना मतदाता जनताप्रति उत्तरदायी हुने कि ठूला व्यापारिक संचारमाध्यमहरू प्रति ?

पुराणमा महादेवले दानवलाई वर दिएर शक्तिशाली बनाएपछि त्यही दानवबाट जोगिन उनलाई लुकीलुकी हिँडनु परेको कथा पढन पाइन्छ । सरकारले व्यक्ति विशेष र संस्था विशेषको हातमा सचार माध्यमहरू केन्द्रित गर्दै छ, एउटै संस्थाको हातमा अखबार, रेडियो र टीभी दिँदैछ । विश्वमा ठूला संचार संस्थाहरूको एकीकरण गरेर विशाल कम्पनी बनाउने र बढी नाफ कमाउने होड नै चलेको छ । जसले गर्दा विकासशील देशहरू पीडित भइरहेका छन् । यो प्रवृत्ति विकासशील देशहरूमा पनि सुरु भएको छ । नेपालमा पनि संचार दानवहरूको जन्म हुने संकेत देखिइसकेको छ ।

हो, प्रजातन्त्रमा सरकार प्रेसप्रति उत्तरदायी हुनु पर्छ । सरकार प्रेसप्रति उत्तरदायी हुनु भनेको जनमत वा जनता प्रति उत्तरदायी हुनु हो । यसैले प्रेस वास्तवमै जनताको मत अभिव्यक्त गर्ने खालको र स्वतन्त्र हुनु पर्छ । व्यापारिक स्वार्थमा मुछिएको संचार माध्यमले के जनताको सही प्रतिनिधित्व गर्नसक्छ ?

हाम्रो संविधान तथा बहुदलीय व्यवस्थाको स्थापनाको लगत्तै बनेको राष्ट्रिय संचार नीतिले वास्तवमा प्रजातन्त्रमा सूचना र संचारको महत्वलाई बुझेर जनताको हातमा संचार माध्यमहरूको नियन्त्रण दिन खोजेको थियो । अधिकांश जनता निरक्षर भएको देशमा अखबारजस्तो छापा माध्यमको सीमित भूमिकालाई बुझेर संचार नीतिमा रेडियो तरंगलाई जनाताको हातमा दिने व्यवस्था गरिएको थियो । गाउँ वा इलाका इलाकामा सानासाना एफएम रेडियो स्टेसन वा प्रसारणद्वारा जनताका सूचना र ज्ञानका आवश्यकताहरू पूर्ति गर्ने, प्रजातान्त्रिक प्रक्रियामा जनतालाई सामेल गर्ने र आर्थिक गतिविधि बढाउन पनि सघाउने उद्देश्यले स्थापन गर्न खोजिएका एफएम प्रसारणलाई कुनै पनि सरकारले सकारात्मक रूपले लिएन । उल्टै सरकार आफैले व्यापारिक उद्देश्यले एफएफ चलायो र अब आएर नीजि क्षेत्रको व्यापारिक संस्थालाई दशहजार वाटको नेपालको भौगोलिक दृष्टिले पनि अपाच्य हुने खालको रेडियो स्टेसन चालाउन इजाजत दिने विवादास्पद काम गरेर सरकार आफैले संचार प्रेत (मिडिया जायन्ट) जन्माउने काम गर्दैछ । संचारको व्यापारीकरणले जनतालाई फाइदा गर्दैन । तर सरकार संचारको व्यापारीकरणमा सहयोगी बन्दैछ ।

प्रजातन्त्रमा प्रेसको महत्वबारे प्रायः अमेरिकी राष्ट्रपति टमस जेफर्सनको यो भनाइ उद्धृत गरिन्छ, "मलाई अखबारबिनाको सरकार र सरकार विनाको अखबामध्ये एउटा रोज्न दिइयो भने म कत्तिपनि नअल्मलिइकन दोस्रोलाई रोज्ने छु ।" तर यो भनाइ यत्तिमै टुँगिदैन । योसँगै उनले भनेका थिए – जहाँ हरेक घरमा अखबार पुग्छ । अर्थात् उनको भनाइ त्यो ठाउँको लागि हो जहाँ घरघरमा अखबार पुग्छ । त्यसबेला रेडियो थिएन । र आगामी दुईतीन दशकभित्र नेपालको घरघरमा पुग्ने माध्यम रेडियो बाहेक अरू होला भन्न गाह्रो छ ।

२०५७ असोज ११ गते

# मिडिया टाइकुनको जन्मदाता को हो ?

नेपालमा गैरसरकारी क्षेत्रबाट प्रकाशित हुने ठूला आकारका कुनै पनि दैनिक पत्रिका अब पत्रकारको हातमा रहेन । यो एउटा तीतो सत्य हो । नेपाली पत्रकारितामा आएको यो नयाँ प्रवृत्तिलाई औंल्याउँदै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले गएको साता पत्रकारहरूको सभामा भन्नुभयो : अखबारहरू बिस्तारै शक्तिशाली धनाढ्यहरूको हातमा जाँदैछ, फलस्वरूप सही (व्यावसायिक) पत्रकारहरू पाखा पर्ने मात्र होइन प्रजातन्त्रलाई नै गंभीर त्रास उत्पन्न भएको छ । यो भनाइप्रति ठूला अखबारहरूबाट तीव्र प्रतिवाद र प्रतिक्रियाहरू आइरहेका छन् । उनीहरूको एउटा मुख्य भनाइ के छ भने कम्युनिष्ट बाहेक सबै ठूला प्रजातान्त्रिक मुलुकहरूमा धनी वर्गले नै अखबार चलाउँछ ।

जेलनेल खाने बेलामा पत्रकारहरूले पत्रिका चलाउने नाफा खाने बेलामा व्यापारीले पत्रिका चलाउने यो त दुनियाको नियम नै होला । तर जहाँसम्म जिम्मेवार प्रेसको कुरा छ ती पश्चिमा प्रजातान्त्रिक मुलुकमा कसैको गाली बेइज्जती गरे बापत वा झुठा कुरा छापे बापत पाँच रूपैया दण्ड तिरेर वा एक दिन जेल बसेर उम्कने हाम्रोजस्तो कानुन ती देशमा पक्कै पनि छैन । न त पत्रकार आचार संहितामा समाचारको स्रोत खुलाउनु हुँदैन भन्ने हाम्रो जस्तो गैर जिम्मेवार प्रावधान नै ती देशका पत्रकाहरूको आचार संहितामा उल्लेख भएको पाइन्छ । यस कारण पश्चिमा देशमा धनीहरूले अखबार चलाउँछन् भन्ने तर्कको आधारमा नेपालमा पनि धनीहरू अखबारका मालिक र पत्रकारहरू तिनका ढुकुटी भर्ने कारिन्दा वा अदृश्य स्वार्थका पूरकको रूपमा काम गर्नु पर्छ भन्ने केही जरुरी छैन ।

अर्को कुरा पश्चिमा देशका अधिकांश व्यापारिक प्रकाशनहरूले पत्रिकालाई उद्योगको रूपमा चलाउँछन् । अडिट व्युरो अफ सर्कुलेसनले कुन अखबार कति बिक्छ भन्ने अभिलेख राख्छ र पत्रिकाको विक्रीको आधारमा उनीहरूको विज्ञापनको दर तोकिन्छ । अखबारी उद्योगको नाफाको आधार नै विज्ञापनबाट हुने आम्दानी हुन्छ । एकातिर अखबार चलाउने अर्कोतिर अर्कै उद्योग धन्दा गर्ने अनि आफ्नो अखबारमार्फत अर्को उद्योग धन्दालाई फाइदा पुऱ्याउन दबाव दिने वा सरकार वा नीति निर्माताहरूलाई प्रभाव पार्न अखबारको प्रभावको दुरूपयोग गर्ने काम ती देशहरूमा कमै हुन्छन् । यदि भयो भने पनि भण्डाफोर भइहाल्छ ।

नेपाली गैरसरकारी पत्रकारिताको वर्तमान प्रवृत्ति (ट्रेण्ड) हेर्दा प्रेसको पकड राजनीतिक दल वा व्यक्तिहरूको हातबाट खोसिएर ठूला व्यापारीहरूको हातमा गइरहेको छ र विस्तारै क्षेत्रीय र अन्तर्राष्ट्रिय, विभिन्न स्वार्थद्वारा संचालित आपराधिक गिरोहहरूको प्रवेश भइरहेको देखिन्छ ।

यस सन्दर्भमा भारतको स्थिति उल्लेख गर्नु उचित होला । संचार प्रविधि, खास गरी संचार भू उपग्रहमा आधारित प्रसारण, को विकासले गर्दा स्याटलाइट टेलिभिजन प्रसारणहरू सरकारको प्रत्यक्ष नियन्त्रणमा नरहे पनि भारतको विशाल बजारले गर्दा कुनै पनि व्यापारिक प्रसारणले भारतीय राष्ट्रिय स्वार्थको विपरीत चल्ने हिम्मत गर्न सकेका छैनन् भने छापा माध्यममा भारतले विदेशीको संलग्नतालाई अझै स्वीकारेको छैन । फलस्वरूप भारतका अखबारपतिहरू कहिल्यै पनि विदेशनीतिको खिलाफमा गएका देखिएका छैनन् । बरु विदेश विभागको हतियारको रूपमा काम गर्न गौरव मानेका देखिएका छन् ।

नेपालमा मिडिया टाइकुन अर्थात् धनाढ्य अखबारपतिहरू जन्माउने काम सरकारको अदूरदर्शी नीति तथा मन्त्रीहरूको क्षणिक स्वार्थले गरेको हो भन्ने कुरामा शंका छैन । जहाँसम्म राष्ट्रिय संचार नीतिको सवाल छ त्यसको मूल मर्म नै जनताको हातमा सूचना र संचारका साधनहरू राखिदिएर जनतालाई सुसूचित हुने अधिकार दिनु हो । यसैले नेपालजस्तो अल्प साक्षर र साना साना उपाय वा उद्यम सफल हुनसक्ने स्थितिलाई ध्यानमा राखेर संचार नीतिमा निरक्षरलाई पनि काम लाग्ने सामुदायिक रेडियो जस्तो साना र जनताले दिगो रूपमा चलाउनसक्ने संचार माध्यमहरू दिने प्रावधान राखिएको हो । तर यो मूल भावनाको विपरीत सरकारले दश हजार वाट क्षमताको एफएम प्रसारण गर्ने इजाजत निजी क्षेत्रलाई दिइसकेको छ । पचास वा सय वाटका एफएम प्रसारणको लागि परेका निवेदनहरूलाई रद्दीको डालोमा फ्याँकेर भीमकाय प्रसारणलाई इजाजत दिनुको पछाडि कुन नियतले काम गरिरहेको छ ? के मिडिया जायन्टहरू जन्माउने र साधारण जनतालाई आफ्नै संचार प्रणाली विकास गर्नबाट बंचित गर्ने अप्रजातान्त्रिक काम सरकार आफैले गरिरहेको होइन ? अब प्रधानमन्त्रीले अखबार धनाढ्यहरूको हातमा गएर प्रजातन्त्र खतरामा पर्न थाल्यो भनेर विलाप गरेर के हुन्छ ?

२०५७ पुस १९ गते

# छोरी कुटी बुहारी तर्साउने ?

पुस दुई गतेका अखबारहरूमा प्रेस काउन्सिलका अध्यक्ष, नेपाल टेलिभिजनका महाप्रवन्धक, कान्तिपुरका सम्बाददातालगायतका केही पत्रकारहरूको गलामा प्रधानमन्त्रीले फूलकोमाला लगाइदिएको कति सुहाएको थियो ! प्रेस स्वतन्त्रता र पत्रकारहरूको सम्मान भएको हेर्नु छ भने नेपाल आउ भनेर विदेशी पत्रकार मित्रहरूलाई निम्त्याउँ जस्तो लागेको थियो । प्रधानमन्त्रीले पत्रकारहरूको गलामा माला लगाइ सकेपछि ठूला अखबारपतिहरू अर्थात् मिडिया टाइकुनहरूबाट प्रजातन्त्रलाई खतरा भएको र साना अखबारहरूलाइ जोगाउने कुरा भन्नुभएको थियो । तर हिँजो साँझदेखि सरकारले एफएम रेडियो स्टेसनहरूलाई समाचारमूलक कार्यक्रम प्रसारणमा रोक लगाउनुका साथै कार्यक्रम प्रसारण गर्न बोर्डको स्वीकृति लिनु पर्ने नियम बनाएर मिडिया टाइकुन भनेको एफएमहरू हुन् र तिनीहरूबाट प्रजातन्त्र खतरामा परेको भन्ने संकेत दियो । एकातिर पत्रकारको गलामा फूलको माला अर्कोतिर सेन्सरको पासो कस्ने सरकारी कदमले स्वतन्त्र प्रेसका पक्षधर तथा प्रजातन्त्रवादीहरूलाई नराम्ररी तर्साएको छ ।

रेडियो सगरमाथाले प्रसारण गरेको यससंबंधी जानकारी अनुसार सरकारले यो कदम मन्त्रीस्तरीय निर्णयकाट पुस १८ गते नै लिएको रहेछ । एफएम स्टेसनहरूलाई दिइएको इजाजत पत्रमा तीन वटा प्रतिवन्धात्मक बुँदा थपेर सरकारले रेडियो स्टेसनहरूमाथि अप्रजातान्त्रिक सेन्सरसीप लागू गरेको स्पष्ट छ ।

हुन त संचारमन्त्रीले माओवादी गतिविधिका समाचार प्रकाशनलाई नियन्त्रण गर्न प्रेससँग निहू खोज्न थालेको धेरै महिना भइसकेको थियो । संयोगवश भारतीय सिनेमाका कलाकारको काण्ड घटयो । घटनाको सत्यता नजाँचिकन सरकारले उक्त कलाकारले खेलेको सिनेमामा प्रतिवन्ध लगाएर यो काण्डमा आगोमा घिउ थप्ने काम स्वयं संचारमन्त्री र मन्त्रालयले गरेको कुरा कसैबाट पनि लुकेको छैन । नैतिकताको आधारमा पनि मन्त्रीले राजिनामा दिनु पर्ने र कर्मचारीहरूमाथि कार्वाही गर्नु पर्नेमा उल्टो सरकार प्रेसलाई दोषी देखाएर उम्कन खोजेको देखिएको छ ।

सरकारले अर्को नाटक के गर्‍यो भने उक्त काण्डको सिलसिलामा स्पेस टाइम दैनिकका एकजना मालिकसँग बयान लिएर तर्साउन र भारतलाई खुशी पार्न खोज्यो । पत्रकारिताको क ख जानेकोलाई पनि थाहा हुन्छ कि अखवारमा छापिएका कुराको जिम्मेवार सम्पादक हुन्छ । पुस १८ गतेको स्पेस टाइमको मुखपृष्ठमै छापिएको सम्पादकको हस्ताक्षर सहितको “नेपाली भएर बाँच्न पाउने कि नपाउने” शीर्षकको विशेष सम्पादकीयबाट पनि सम्पादकको भूमिका स्पष्ट हुन्छ । तर स्पेस टाइमको सम्पादकलाई संचार मन्त्रालयले सरकारी अखबार गोरखापत्रको प्रधानसम्पादकको पदमा आसिन गरेर पुरस्कृत गर्नुको रहस्य के हो ?

नेपालको स्वतन्त्र प्रेसको घाँटी निमोठ्न सरकारले भित्रभित्रै खिचडी पकाउँदै छ भन्ने अनुमान त धेरैले गर्न थालिसकेका थिए । तर यसको प्रहार एफएमहरूमाथि पर्छ भनेर अडकल गरिएको थिएन । माघे सक्रांतिको साइत पारेर सरकारले प्रेस विरोधी खिचडी पकाएको छ । तर यो खिचडी नेपालको प्रजातन्त्रलाई बलियो बनाउनको लागि होइन प्रजातन्त्रलाई कमजोर बनाउन पकाइएको हो भन्ने कुरा जोसुकैले पनि बुझ्नसक्छ ।

सरकारको अहिलेको कदम कहाँ पुगेर टुंगिन्छ भन्ने पत्तो लागेको छैन र यसको वास्तविक निसाना को हो भन्ने पनि अहिले अडकलकै कुरा हुनसक्छ । संचारमन्त्री आफन्तको औषधोपचार गर्न भारत गएका छन् । त्यहाँ पनि केही खिचडी पाक्छ कि ?

यदि यो कदम छोरीलाई कुटेर बुहारी तर्साउने काम हो भने यो झन अनुचित भयो । किन भने सैकडा साठी जनता निरक्षर भएको देशमा जनताको सूचना र ज्ञानको स्रोत अखवार होइन रेडियो हो । प्रजातन्त्रलाई बलियो बनाउन जनता सुसूचित हुनु पर्छ भनी संविधानले भनेको र नेपालमा सुसूचित हुने प्रभावकारी माध्यम रेडियो नै भएको हुनाले रेडियो माध्यमलाई खुम्च्याउन खोज्नु अत्यन्तै अप्रजातान्त्रिक काम हो । तर कुनै पनि देशमा प्रजातन्त्रको हत्या प्रेसको घाँटी निमोठेर सुरु हुन्छ भन्ने कुरा नबिर्सौं ।

२०५७ माघ ४ गते

# श्रीपञ्चमीको दिन कम्प्युटरमा अक्षारम्भ

गएको श्रीपञ्चमीको दिन नेपालका बालबालिकाहरूले परम्पराअनुसार सरस्वतीको पूजा गरेर सग्ला अक्षता प्रसाद खाएर कापी वा सिलोटमा अक्षर लेख्न सुरु गरे भने केही नगरका केही बालबालिकाले कम्प्युटरमा पहिलो पटक अक्षर लेखेर अक्षरारम्भ गरे ।

यही माघ १२ देखि १६ गतेसम्म वीरेन्द्र अन्तर्राष्ट्रिय सभा गृहमा कम्प्युटर एसोसिएसन नेपालले आयोजना गरेको "क्यान इन्फोटेक २००१" प्रदर्शनी झण्डै चालिस हजार व्यक्तिले हेरे । दर्शकहरूमध्ये १६ देखि २५ वर्ष उमेरका किशोर र युवाहरूको संख्या ६० प्रतिशत जति थियो । प्रदर्शनी हेर्न राजधानी बाहिरबाट पनि आएका थिए । हजुर बाहरू नातिनातिनालाई कम्प्युटर देखाउँदै र चलाउन प्रेरित गर्दै थिए ।

हिँजोसम्म अधिकांश शिक्षित नेपालीहरू आफ्ना सन्तानलाई डाक्टर वा इन्जिनियर बनाउँछु भन्न गर्व गर्थे भने अब आफ्ना सन्तानलाई कम्प्युटर शिक्षामा लगाउँछु भन्ने आमाबाबुको संख्या बढन थालेको छ । कम्प्युटर शिक्षा, सीप र व्यवसायमा अनन्त संभावना छ र भोलिको युग कम्प्युटरको युग हो भनी बुझ्नेहरूको संख्या बिस्तारै बढदैछ ।

प्रौढहरूमा भन्दा युवाहरूमा सिक्ने क्षमता र गति बढी हुन्छ । युवाहरूमा भन्दा किशोरहरूमा सिक्ने क्षमता र गति बढी हुन्छ । यसैले सो प्रदर्शनीमा युवा र किशोरहरूको संख्या बढी हुनु खुसी र आशलाग्दो पनि हो । हुन त काठमाडौं नै नेपाल त होइन तर प्रदर्शनी हेर्न उर्लिएका युवा र किशोर किशोरीहरूको बाढीलाई हेर्दा नयाँ सूचना तथा संचार प्रविधिको क्षेत्रमा नेपालको प्रवेश अब अपरिहार्य छ भन्ने कुराको अडकल लगाउन गाह्रो छैन ।

प्रदर्शनी हेर्न जानेहरूमा बौद्धिकस्तरको हिसाबले औसतभन्दा माथि पर्ने प्रौढहरूको संख्या पनि उल्लेखनीय थियो । कतिपय प्रौढहरू आफ्ना सन्तानका लागि भविष्यको बाटो रोज्न वा खोज्न त्यहाँ पुगेका देखिन्थे भने यो क्षेत्रमा लगानी गर्न रुचि राख्ने भविष्यका लगानीकर्ताहरू पनि त्यहाँ पुगेका थिए । लगानी गर्नका लागि संधै सुरक्षित क्षेत्र खोज्ने नेपालीहरूको लागि यो प्रदर्शनीले सुरक्षित र नाफादायी क्षेत्र पहिचान गरेका भए प्रदर्शनीको एउटा अति महत्वपूर्ण उपलब्धी भएको मान्नु पर्नेछ ।

बेरोजगार र निराश युवा पुस्तालाई जंगल पस्न नदिनका लागि सरकारले कम्प्युटर र सूचना प्रविधिको विकासका लागि अझ उदार नीति र कार्यक्रम ल्याउनु जरुरी छ । सूचना प्रविधिको विकासमा दूरसंचार अति महत्वपूर्ण र अपरिहर्य आवश्यकता हो । कतिपय देशमा इन्टरनेट संचालनका लागि टेलिफोन महसुल नलाग्ने वा अति कम लाग्ने गरिएको छ । नेपाल दूरसंचार संस्थानले पनि इन्टरनेट र इमेलको लागि प्रयोग हुने टेलिफोन लाइनको महसुलमा ठूलो कटौती गर्ने संकेत दिएको थियो तर कार्यान्वयन भएको छैन ।

सूचना तथा संचार प्रविधिको माध्यमबाट राजधानीले ठूलो फडको मार्ने संभावना बढेको छ तर सरकारी परम्रागत काम गर्ने तरिका र सोच, अनुकूल ऐन कानुनहरूको अभाव आदि अहिले प्रमुख बाधकका रूपमा देखिएका छन् ।

अर्को महत्वपूर्ण पक्ष राजधानी र मोफसलबीच संचार प्रविधिको बढ्दो खाडललाई बेवास्ता गर्न मिल्दैन । विकसित र विकासशील देशहरूबीच भन्दा राजधानी र मोफसलबीच संचार प्रविधिको सुविधामा ठूलो खाडल छ । परम्परागत बाटो वा उपायबाट यो खाडल पूर्न गाह्रोछ । यसका लागि कमिसनतन्त्रको जालोमा नफस्ने र नयाँ संचार प्रविधिलाइ बुझ्न र आत्मसात गर्न उत्सुक संयन्त्रको खाँचो छ, किनकि बयल गाडामा चडेर अन्तरिक्ष यात्रामा जान सकिँदैन ।

२०५७ माघ १८ गते

# सूचनामा नियन्त्रणको होड

भन्सारका कर्मचारीहरू कर उठाउनका लागि नियुक्त गरिन्छन् । तर ती कर्मचारीहरूलाई थाहा छ कि भन्सार उठाएरभन्दा नउठाएर उनीहरूलाई बढी फाइदा हुन्छ । यसैले भन्सारमा धेरैको आकर्षण छ । नेपालमा यस्ता धेरै पदहरू छन् जहाँ जुन कामको लागि नियुक्त हुन्छन् त्यहाँ त्यो काम गरेभन्दा नगरेमा कर्मचारीलाई बढी फाइदा हुन्छ । त्यसैले होला हामीकहाँ हुनुपर्ने काम भइरकेका छैनन् । नहुनुपर्ने काम धमाधम भइरहेका छन् । जो मानिस जुन कामको लागि खटिएको वा छानिएको हो त्यो मानिसले आफ्नो निर्धारित काम नगरी अर्कै काम गरिरहेका देखिन्छ । यो कुरा प्रधानमन्त्रीदेखि पिउनसम्म लागू भइरहेको देखिन्छ ।

पंचायतकालमा सरकारी संचार माध्यमहरू जनतालाई सूचित गर्नमा भन्दा सूचना लुकाउनका लागि नामी थिए । सही सूचना लुकाउनु नै सरकारी नीति भएपछि सरकारी अखबार, रेडियो र टेलिभिजनलाई दोष दिएर के गर्नु ? तर यो प्रवृत्ति ती आमसंचार माध्यममा काम गर्ने संचारकर्मीहरूमा सरेको देखियो । उनीहरू समाचार प्रेषित गरेरभन्दा लुकाएर लाभान्वित हुन थाले । राजधानीका मात्र होइन जिल्लाजिल्लाका समाचारदाताहरू पनि समाचार लुकाएर नियमित र पटके आम्दानी गर्ने गर्थे । त्यस बेलाका कतिपय पत्रकारहरूले नाम र दाम दुबै कमाएका थिए । आम जनतालाई सुसूचित गर्ने गहन जिम्मेवारी लिएका पत्रकारहरू नै समाचार लेखेरभन्दा नलेखेर फाइदा गर्न थालेपछि पत्रकारिताको उपयोगिता र गति कस्तो हुन्छ भन्ने अनुभव पंचायत कालमा गरेकै हो ।

प्रजातान्त्रिक व्यवस्थामा आमसंचार माध्यम, प्रेस वा मिडियालाई राज्यको चौथो अंगको दर्जा दिइनुको एउटा मुख्य कारण के हो भने यसले राज्यका तीन वटा अंग – विधायिका, कार्यपालिका (सरकार) र न्यायपालिका – का नीति र काम कार्वाहीलाई पारदर्शी बनाएर तिनलाई जनताप्रति उत्तरदायी बन्न लगाउँछ । सुशासन व्यवस्थाको लागि यो अपरिहार्य छ । साथै प्रेसले जनताको जीवन र भविष्यलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पार्ने सबै प्रकारका नीति र कार्यक्रमहरूबारे आम जनताबीच छलफल चलाएर र सुसूचित गरेर जनतालाई सही निर्णय गर्नसक्ने, आत्म निर्भर र सबल बनाउँछ ।

२०५८ सालको आगमनसँगै नेपाली प्रेस जगतमा नयाँ तथा एतिहासिक कामहरूको थालनी हुँदैछ । काठमाडौँ र केही शहरी क्षेत्रमा केबल तारमार्फत विविध टीभी कार्यक्रम बाँडिरहेको स्पेसटाइम प्रालिले बैशाख १ गतेदेखि च्यानल नेपाल नामक कार्यक्रम श्रृंखला सिधै भूउपग्रहबाट प्रसारण गर्दैछ । त्यो च्यानल ५२ देशबाट हेर्न सकिनेछ । केही वर्षदेखि भूउपग्रहबाट प्रसारण गर्ने घोषणा गर्दै आइरहेको नेपाल टेलिभिजन पछि परेको छ । स्पेसटाइमको रद्द गरिएको इजाजतपत्र नवीकरण गरिको विरोधमा पहिलेका सूचना तथा संचारमन्त्रीले गएको साता आफ्नो पदबाट राजीनामासमेत दिए ।

मिडियामाथिको नियन्त्रण अहिले अन्तर्राष्ट्रिय बजारमा जस्तै नेपालमा पनि महत्वपूर्ण विषय बन्न थालिसकेको छ । हिँजो हतियारमा शक्ति थियो भने आज सूचनामा शक्ति केन्द्रित हुँदैछ । मिडियाको उपयोग नाफा कमाउनभन्दा शक्ति कमाउनतिर उन्मुख हुँदैछ । यसैले जनतालाई बलियो र प्रजातन्त्रलाई दिगो बनाउने काममा कसरी मिडियाको उपयोग गर्ने भन्ने प्रश्न दिनदिनै महत्वपूर्ण बन्दै गएको छ । समाचार लेखेर भन्दा नलेखेर वा लुकाएर फाइदा लिने प्रवृत्ति जनताको हित गर्दैन भन्ने कुरा स्पष्ट छ । तर समाचारका द्वारपालहरूले आफ्नो हित प्रतिकूल सूचना प्रवाहित हुन नदिने प्रवृत्ति हामीकहाँ बढिरहेको छ । यसैले पनि नयाँ संचार नीतिको आवश्यकता भइसकेको छ ।

२०५७ चैत ८ गते

# गंगा जमुना र इन्टरनेट पत्रकारिता

तीनचार दिनदेखि नेपालका आमसंचार माध्यमहरूमा गिरिजा र लाउडापछि गंगा र जमुनाको चर्चाले ठाउँ पाइरहेको छ । त्यसैले होला बुधबार कार्यालयबाट भीमसेनजीले सोध्नुभयो, “तपाइँ त इन्टरनेट चलाइ रहनुहुन्छ । गंगा र जमुनको फोटो कहाँ पाइन्छ होला ?”

पत्रपत्रिकालाई अन्तर्राष्ट्रिय फोटो पठाउने काम नेपालमा एसोसिएटेड प्रेस (एपी) नामक समाचार एजेन्सीले राससमार्फत गर्छ । इन्टरनेटबाट पनि फोटो पाउन त सकिन्छ । तर गंगा र जमुनाको विदेशी समाचार एजेन्सी वा इन्टरनेटलाई के चासो होला र ? त्यसैले मैले भीमसेनजीलाई जवाफ दिएँ । सीएनएन डट कम स्ल्यास हेल्थ वा बीबीसीमा छ कि ? मैले खोजेर पाएँ भने इमेलमा एटेच गरेर पठाइ दिउँला भनेर फोन राखेँ र इन्टरनेटमा विचरण गर्न थालेँ ।

एघार महिनाअधि काठमाडौँमा टाउको जोडिएर जन्मेका गंगा र जमुनालाई सिंगापुरको एउटा अस्पतालमा नब्बे घण्टाको अपरेसनपछि डाक्टरहरूले छुटचाइ दिएका छन् । गंगा र जमुनाको टाउकोको हाडमात्र जोडिएको थिएन, दुई जनाको दिमागका केही नसाहरू पनि जोडिएका थिए । कसको नसा कुन हो भनेर चिनेर, काटेर जसको हो उसैका टाउकोभित्र राखिदिनु निक्कै जोखिमको काम थियो । डाक्टरहले गरेको यो काम चिकित्सा विज्ञानमा भएको चमत्कारिक विकासको फल हो ।

इन्टरनेटमा यो जानकारी पाउने कसरी ? तरिका धेरै छन् तर समय थोरै छ । कुनै पोर्टलमा गएर गंगा जमुना टाइप गरेर विचरण (ब्राउज) गर्दा हजारौँ गंगा जमुना फेला पर्नसक्छन् । यसैले मैले कान्तिपुर अन लाइन र नेपालन्युज डट कम दुइटा नेपाली समाचार बेब साइटहरू खोलेँ । दुबैमा गंगा जमुनाको अपरेसनको समाचार रहेछ । ती दुबै समाचारमा ती टाउको जोडिएका जम्ल्याहालाई सियामिज ट्विन्स शब्द प्रयोग गरिएको रहेछ । त्यसपछि सीएनएन डट कम खोलेँ र सियामिज ट्विन्स टाइप गरेर सर्च गर्न लगाएँ । तत्कालै सिंगापुरको अस्पतालमा गंगा जमुनाको अपरेसन भएको दुइटा फोटो सहित दुई पेजजति लामो समाचार देखियो ।

अर्को बेबसाइटमा अझै राम्रो फोटा भेटिन्छ कि भनेर मैले नेपाल होमपेज डट कम नामक नामी पोर्टल खोलेँ । त्यसमा सुरुमै फोटो सहितको समाचार हरेछ । तर त्यो फोटो अस्तिको एउटा दैनिक अखबारले छापिसकेको थियो । विस्तृत समाचारको पेज (मोर) मा राम्रो फोटो छ कि भनी त्यता लागेँ । त्यहाँ बीबीसीको समाचार र दुइटा फोटो रहेछ । समाचारमा कसरी अपरेसन भयो र त्यसका जोखिमहरूको बारेमा रोमांचक विवरण रहेछ ।

आफूले फेला पारेको जानकारी दिँदा बुधबार कार्यालयमा सूर्य थापाजीबाट उही वेबसाइट फेला पारिसकेको जानकारी पाएँ । खुशी लाग्यो ।

मैले सम्झेसम्म चारपाँच वर्ष अघिसम्म सूचनाविभागमा एउटा सेक्सनले राजनेताहरूको फोटोको ब्लक बनाएर अखबारहरूलाई बाँडने गर्थ्यो । साना अखबारहरू, विशेष गरी मोफसलका पत्रपत्रिकाहरू तिनै ब्लकहरूबाट अखबारमा राजारानी र मन्त्रीका फोटो छाप्थे । यसरी सूचना विभागले दिएकै ब्लकबाट राजाको फोटो छाप्दा मसी लत्पटिएको फोटो छापिएकोमा पंचायत कालमा केही सम्पादकहरूले जेलको यात्रा पनि गर्न परेको थियो ।

अहिले सूचना प्रविधिको विकासले गर्दा ती दिन सपनाजस्ता भइसके । विश्वमा इन्टरनेट पत्रकारिता व्याप्त भइसकेको छ । तर नेपालमा कम्प्युटरलाई टाइपराइटरको विकसित रूप ठान्ने वरिष्ठ पत्रकारहरूको चुरीफुरी अझै हराएको छैन । की बोर्डमा अक्षर खोज्ने कि विचार गर्ने ? कम्प्युटरमा लेख्न बसेर पनि बिचार आउँछ र भन्ने पत्रकारहरू पनि विदेशी संवाददाताको जागिर खाएर बसेकै छन् हामी कहाँ । रिपोर्टरहरूलाई ल्यापटप चाहियो भन्दा हाँसेर उडाउने सम्पादकहरू यहाँ प्रशस्त छन् । पत्रकारिता तालिम दिने संस्थाहरूको कक्षा कोठाभित्र कम्प्युटरले अझै प्रवेश पाएको छैन । कम्प्युटरले टाइपराइटरको ठाउँसम्म लिन थालेको छ । संचारको सशक्त साधनको मान्यता यसले पाउन सकेको छैन । पत्रकारिता जगतको यो हालत छ भने अरूको के कुरा । यसैले इन्टरनेट पत्रकारिताको कुरा गर्दा कतिपय ठाउँमा म गिल्लाको पात्र भएको पनि छु । तर आज बुधबारका तन्नेरी पत्रकारहरूले देखाएको जाँगरबाट मलाई धेरै खुशी लागेको छ र विश्वास पल्हाएको छ । बधाइ छ ।

२०५७ चैत २९ गते

# सूचनाको हक

प्रजातन्त्रमा प्रेसको पहिलो र प्रमुख काम जनतालाई सुसूचित गराएर सही निर्णय लिनसक्ने बनाउनु हो । त्यस्तै दोस्रो र उत्तिकै महत्वपूर्ण काम राज्य संचालनका तीन वटै अंगहरूको निगरानी गर्नु हो । यसैले प्रजातन्त्रमा प्रेस अनिवार्य हुन्छ । तर प्रेसले प्रजातन्त्रप्रति आफ्नो भूमिका प्रभावकारी ढंगले पूरा गर्नका लागि प्रेस अर्थात् अखवार, रेडियो र टेलिभिजनजस्ता आम संचारका माध्यमहरूसम्म आम जनताको पहुँच हुनु पर्छ । पहुँच भौतिक र मानवीय दुबै हुनुपर्छ ।

अहिले बजारमा थुप्रै अखबार छन् । टेलिभिजनका पनि दर्जनौं च्यानल हेर्न सकिन्छ र रेडियो स्टेसनको संख्या पनि निरन्तर बढिरहेको छ । जनतालाई सुसूचित गर्ने काममा सरकारको व्यवहार जस्तो भए पनि राज्यको नीति उदार छ । प्रेसलाई हाम्रो संविधानले उल्लेखनीय ढंगले संरक्षण दिएको छ । प्रेस स्वतन्त्र छ । यति हुँदाहुँदै पनि जनता आवश्यक सूचना र ज्ञानबाट वंचित छ ।

यो निश्चय हो कि नेपाली संचार जगतमा सूचनाका माध्यमहरू र परिमाण निक्कै बढेको छ । तर यो वृद्धि वा सुविधा सैकडा दस सहरिया र सुशिक्षित नेपालीहरूका लागि मात्र उपलब्ध छ । सैकडा नब्बे जनता सूचना र जीवनको लागि आवश्यक  ज्ञानबाट बंचित छ ।  सूचना समग्री वा विषयवस्तुका हिसाबले सैकडा नब्बेभन्दा धेरै सामग्री आम पाठकका सरोकारबाहिरका र राजनीति केन्द्रित छन् ।

एकातिर परम्परागत प्रेसको पहुँच आमजनतासमक्ष प्रभावकारी नभैकै कारणले जनमत निर्माण गर्ने र सरकारका अंगहरूको निगरानी गर्ने प्रेसको भूमिका प्रजातन्त्रको लागि प्रभावकारी हुन नसकेको स्पष्ट छ । अर्कोतिर एक्काइसौं शताब्दीको आधुनिक सूचना प्रविधि ( आइटी) ले सूचना र ज्ञानलाई एकतर्फी होइन दोहोरो बनाइ दिएको छ । आइटीसमक्ष पहुँच भएको जोसुकैले पनि सूचनाको उपभोक्तामात्र होइन दाता वा संप्रेषक बन्नसक्छ । उसले आफ्नो विचार क्षणभरमै विश्वव्यापी बनाउनसक्छ । अब जनताले एकतर्फी रूपमा सूचना पाउने वा सूचनाको उपभोक्ता बन्ने मात्र होइन सूचनाको उत्पादनमा सक्रिय सहभागी बन्न सकिने यो स्थिति प्रजातन्त्रको लागि अति उपयोगी साधन बन्दैछ । यो परिस्थितिमा विश्वसनीय, गहन, विश्लेषणात्मक र आधिकारिक सूचना प्रसार गर्ने काममा आमसंचार माध्यमहरूको भूमिका बढेको छ ।

आइटीले पत्रकारलाई मात्र होइन यसमा पहुँच हुनसक्ने जोसुकैलाई पनि आफूले चाहेको सूचना प्राप्त गर्ने, संगालेर राख्ने, प्रशोधन गर्ने र संप्रेषण गर्ने असीमित अवसर प्रदान गरेको छ । तर सरकारी निकायहरूको सामान्य जानकारी पनि आइटीमा भेट्टाउन गाह्रो छ । सरकारको सूचना लुकाउने प्रवृत्ति र परम्परा पत्रकारहरूको लागि मात्र होइन आइटीको क्षेत्रमा पनि उत्तिकै बलियो छ ।

संविधानले दिएको सुसूचित हुने हक बहालीको लागि नेपाल पत्रकार महासंघले पहल गर्न थालेको दुई वर्ष नाध्न थालिसक्यो तर गुलिया आश्वासनका बाबजुद सुसूचित हुने हक संबंधी कानुन बन्ने कुरा बिरबलको खिचडीजस्तै भइरहेको छ । अहिलेको अवस्थामा सूचना पाउने हकको तात्पर्य सरकारी वा कुनै कार्यालयको फाइलमा भएको सूचना कार्यालयका प्रवक्ता मार्फत पत्रकारले पाउनु मात्र होइन । सूचनाको स्रोतसमक्ष आमजनताको पहुँचका साथै आधुनिक सूचना प्रविधिले प्रदान गरेको इन्टरनेट लगायत सूचानाका स्रोतमा सरकारी सूचनाहरू निरन्तर प्रवाहित गर्नु र जनताले निर्वाध रूपमा ती सूचनासम्म पुग्ने उपयुक्त साधनको उपयोग गर्न पाउनु हो ।

प्रजातन्त्रमा जनता मालिक हुन्छ । जनताले सरकार चुन्छ । जनताको करबाट तलब खाने सरकारले जनतालाई यो कुरा पढन, लेख्न, बोल्न र सोच्न पाइन्छ, यो कुरा पाइँदैन भन्न सक्दैन, मिल्दैन । आफूले पाएको सूचनाको विश्लेषण गर्ने हक पनि जनताकै हो । जनताले यो सूचना पाए भने यस्तो पक्ष वा विपक्षमा निर्णय गर्ला भनेर अडकल गरेर र पूर्वाग्रहयुक्त भएर सूचना पाउने हक बाट बँचित गरिनु हुँदैन । पारदर्शिता र जिम्मेवारी बिना प्रजातन्त्र दिगो हुन सक्तैन । दुबै कामका लागि प्रेस र  आधुनिक सूचना प्रविधिको भूमिका अत्यन्त महत्वपूर्ण छ । सूचनाको हक भनेको पत्रकारहरूको लागि मात्र होइन आमजनताको लागि हो र पत्रकारले चाहेको सूचना पनि आमजनताकै लागि हो , हुनुपर्छ भन्ने कुरा बिर्सनु हुँदैन ।

२०५८ बैशाख १२ गते

# स्वर्गको लागि संचार

झण्डै पैँतालिस वर्षअघिको कुरा हो हाम्रो घरमा भएको गीता महात्म्यको एक बाकस किताब आमाले काली गण्डकीमा बगाइदिनु भएको थियो । एक पल्ट पनि पाना नपल्टाइएका ती सुकिला किताबहरू त्यसरी गण्डकीको भेलमा बगाइदिनुका दुइटा कारण थिए ।

मानिसहरू रूपैयाँ पैसा, खाद्यान्न, फलफूल, लुगाजस्ता प्रिय वस्तुहरू काली गण्डकीलाई चढाएर पुण्य कमाइन्छ भन्ने विश्वास गर्थे । त्यस्तै धार्मिक पुस्तक काली गण्डकीलाई चढाए धर्म हुन्छ भन्ने उहाँको विश्वास थियो होला । अर्को कारण त्यो ताका एक जना गीता प्रवचन गर्ने स्वामीको प्रभाव स्वरूप मैले बुइँगलमा थन्किएको किताबको बाकसबाट गीताको किताब सुटुक्क झिकेर पढेको आमाले फेला पार्नुभएको थियो । अनि गीता पढ्यो भने छोरा जोगी हुन्छ वा बहुलाउँछ भन्ने आमाको पीर पनि होला । त्यति बेला काली गण्डकीको तटमा रहेको प्रसिद्ध तीर्थस्थल रिडीबजारमा प्रशस्त जोगी, सन्यासीहरू आइरहन्थे । कोही धेरै दिन बस्थे । कोही पागलको जस्तो व्यवहार गर्थे । एक जना वृद्ध ब्राह्मणको आचरण सामान्य मानिसको जस्तो थिएन । पढेलेखेका मानिसहरू उनलाई गीताको विद्वान भन्थे । तर साधारण मानिसहरूको दृष्टिमा उनी पागल थिए ।

मानिसहरू जीवनको अन्तिम काल बिताउन रिडीमा तीर्थबास बस्थे । काली गण्डकीको जलमा खुट्टा डुबाएर प्राण त्याग गर्‍यो भने साझै स्वर्ग गइन्छ भन्ने विश्वास मानिसहरूमा थियो । त्यसैले मानिसहरू मर्ने बेलामा काली गण्डकीको छेवैमा राखियोस् भन्ने चाहना गर्थे । यसरी मृत्युलोकको संघारमा पुगेकाहरूलाई स्वर्गलगायत विभिन्न लोकको ढोका खुलोस् भनेर मर्नलागेको मानिसको कानैमा महाकाल मृत्युंजयको जप, गीता, विष्णु सहस्रनाम आदि धार्मिक पुस्तकहरू ठूलो स्वरले पाठ गरेर सुनाइन्थ्यो । यस्ता पुस्तक पाठ गर्न तथा दशकर्म, श्राद्ध तथा विभिन्न प्रकारका कर्मकाण्डी अनुष्ठानहरू सम्पन्न गर्न रिडीमा घाटेबैद्य, घाटेपण्डित तथा पुरोहितहरू थिए ।

दशैं अगाडि हामी केटाहरूको हुल विहानै काली गण्डकीमा नुहाएर दुर्गा सप्तसति, चण्डी, दुर्गास्तोत्र आदि पाठ गर्दै देवी देवताका मन्दिरमा घुम्थ्यौं । भगवतीको मन्दिरभित्र पलेटी कसेर दुर्गाकवच पाठ गर्थ्यौं । त्यस्तै स्वस्थानी व्रतको अवसरमा महिना दिनसम्म साँझसाँझ स्वस्थानी पढेर आमा तथा दिदी बहिनीहरूलाई सुनाउँथ्यौं ।

रिडी बजारमा पुस्तक पसल थिएन । मेलापर्वमा बाहिरबाट पुस्तक पसल थाप्न मानिसहरू आउँथे । ती पसलहरूमा धेरैजसो धार्मिक पुस्तकहरूमात्रै बेचिन्थे । कहिलेकाहिँ विषेश अनुरोध गर्‍यो भने मधुमालती, अकबर बिरबल, तोतामैना, लालहिराका कथाका किताबहरूसम्म पाइन्थे । कुनैकुनै पुस्तक केटाकेटीलाई देखाउन हुन्न भन्थे र पाका मानिसहरूलाई मात्रै बेच्थे । मेरो अडकलमा कि त त्यो इन्द्रजालको किताब हुनुपर्छ कि कोकशास्त्र । ती सबै किताबहरू बनारसबाट ल्याइन्थे ।

रिडीमा सरकारी हुलाक पनि थियो । राणाकालदेखि नै रिडी हुलाक र पैदल यातायातको दृष्टिले महत्वपूर्ण मानिन्थ्यो । कँवर सिँह नाम भएका एकजना हल्करा थिए । गाउँगाउँमा चिठी बाँडन जाँदा उनी बाँसको कलम, मसीदानी र नेपाली कागतसमेत बोकेर जान्थे । गाउँलेलाई चिठी बाँचेर सुनाएपछि चिठीको जवाफ उनीहरूको भनाइअनुसार नेपाली कागतमा लेखिदिन्थे । कागत, खाम, टिकट र लेखेको मेहनतबापत गाउँलेले दिएको पाहुरपातको कुच्रुप्पको भारी बोकेर उनी गाउँबाट फर्कन्थे । स्कूल नजिकै हुलाक भएको हुनाले हुलाकका मुखिया कहिले काहीँ हामीलाई बोलाएर चिठी लेख्न लगाउँथे । अहिलेका किशोर तथा युवाहरूलाई इमेल र च्याट गर्न रमाइलो लागेझैं त्यसबेला हामीलाई हुलाकमा बसेर अरूको लागि चिठी पढिदिनु र लेखिदिनु रमाइलो लाग्थ्यो ।

उहिले ज्ञानको स्रोत साह्रै सीमित थियो । पुराण वाचन गर्नसक्नु ठूलो विद्वत्ता मानिन्थ्यो । आमाबा, गुरु, जोगी र पण्डितहरू नै ज्ञानका मुहान थिए । ज्ञानको उद्देश्य नै परलोक सुधार्नु थियो । ज्ञान यो लोकको प्रयोजनको लागि थिएन । मृत्यु शैय्यामा पुगेको मानिसलाई गीता सुनाउनुको उद्देश्य उसले जीवनमा या यो लोकका गीताका उपदेशहरू पालन गरोस् भनेर पक्कै पनि होइन । ज्ञानलाई स्वर्ग जाने सिढीको रूपमा उपयोग गर्ने परम्पराले गर्दा नै पुस्तक दान गर्ने, पुस्तक पुजा गर्ने, पुस्तक सेलाउने परम्परा बस्यो होला । पुस्तकमा भएको ज्ञान जीवनमा लागू गर्ने उद्देश्य कहिल्यै राखिएन ।

पचास वर्षमा भएको सूचना तथा संचार प्रविधिको अदभूत विकासले गर्दा अहिले इन्टरनेट सूचना र ज्ञानको महासागर र वरदानको रूपमा आएको छ । अब किताब किन्न बनारस पुग्नु वा मेलापर्व पर्खनु पर्दैन । चिठी लेख्न बाँसको कलम र मसीदानी बोकेर कहिले कँवर सिँह आउला भनेर कुर्नु पनि पर्दैन । संसारभरिको ज्ञान औँलाको टुप्पामा आइपुगेको छ । झण्डै मनको गतिमा सूचना र ज्ञानको आदानप्रदान हुन थालेको छ । देशको आर्थिक, प्रशासनिक तथा सामाजिक क्षेत्रमा अकल्पनीय परिवर्तन ल्याउनसक्ने

यो प्रविधिको उपयोग हामी कहाँ के उद्देश्यको लागि भइरहेको छ त?

इन्टरनेटको मदतले अब विदेश, खास गरी डलर चल्ने र कार्डबाट भुक्तान हुने व्यवस्था भएका मुलुकहरूमा बस्ने मानिसहरूले नेपालमा बस्ने आफ्ना आमाबा र आफन्तहरूलाई दशैंको बेलामा जख्खु बोका उपहार पठाउन सक्छन् । जन्मदिनमा फूल र केक पठाउँछन् । विदेशमा बसीबसी आर्यघाटका पुरेतबाट पितृको श्राद्ध गराउनसक्छन् । शनिवार दक्षिणकालीको पूजा गरेर घरमा प्रसाद झिकाउनसक्छन् । विहानविहान पशुपतिको पूजा गर्न सक्छन् । विदेशमा बसेर नेपाली ब्राह्मणहरूलाई हनुमान चालिसा, दुर्गा कवच, रुद्री, भागवत् पाठ गराउन र ब्राह्मण भोजन गराउनसक्छन् ।

विश्वका कुनै पनि देशका किशोर तथा युवाहरूको दाँजोमा हाम्रा किशोर तथा युवाहरू सूचना प्रविधिको क्षेत्रमा सीप देखाउन पछाडि छैनन् । तैपनि यो प्रविधिलाई सूचना र ज्ञान फैलाउने साधनको सट्टा स्वर्ग जाने माध्यमको रूपमा दुरूपयोग सुरु भइसकेको छ । प्रविधिको हिसाबले सूचना र ज्ञान प्राप्त गर्ने, भण्डार गर्ने र प्रसार गर्ने काममा अकल्पनीय विकास भए तापनि उद्देश्यको हिसाबले हामी पैंतालिस वर्षअघिको रिडीबजारमै छौं कि जस्तो लाग्छ ।

नेपालले विकासको लागि संचार भन्ने नारा दिएर त्यसैअनुरूप नीति र नियम बनाउन थालेको पनि तीस वर्षभन्दा धेरै भइसक्यो । तर हाम्रो आमसंचारको उद्देश्य झण्डै सवा सय वर्षअघि जंगबहादुरले बेलायतबाट गिद्धे छापाखाना ल्याउनुको उद्देश्यभन्दा फरक हुन सकेको छैन ।

झण्डै साढे पाँच सय वर्षअघि जर्मनीमा गुटेन वर्गले छापाखानामा पुस्तक छाप्न थालेपछि ज्ञान र सूचनाको प्रसारणको गति बढेको फलस्वरूप आज विश्व सूचना समाजको युगमा आइपुगेको छ । तर नेपालमा सूचना र ज्ञानलाई समाज परिवर्तनको साधनको रूपमा कहिल्यै स्वीकार गरिएन ।

विकासको लागि संचारका प्रयासहरू अहिले पनि प्रयोग र नमुनामा मात्र सीमित छन् । जतिसुकै सजिलो, सस्तो र उपयोगी संचार माध्यमहरू आए पनि हाम्रो उद्देश्य त्यो माध्यमलाई देश र जनतालाई उँभो लगाउने काममा उपयोग गर्नुभन्दा परलोक सुधार्ने काममै ती माध्यमाहरूलाई लागाउनतिर लाग्ने हाम्रो प्रवृत्ति देखा परेको छ । यसैले संचार नीति तर्जुमा गर्नुभन्दा पहिले हाम्रो संचार संस्कार (कम्युनिकेसन कल्चर) को अध्ययन गर्नु आवश्यक देखिन्छ । अन्यथा हाम्रा संचारका प्रयासहरू बालुवामा पानी खन्याएजस्तै निरर्थक हुनसक्छ ।

२०५९ जेठ १ गते

# सरकारी संचार नीतिप्रति बेवास्ता किन ?

प्रजातान्त्रिक व्यवस्था जनताको रायबाट चल्ने व्यवस्था हो । जनताको राय चुनावमा मतपत्र र अरू बेला आमसंचार माध्यमहरू (मिडिया) को माध्यमबाट व्यक्त हुन्छ । सही राय भएन भने प्रजातन्त्र खल्बलिन्छ । पर्याप्त र सही सूचना विना सही राय बन्न सक्तैन । यसैले प्रजातान्त्रिक व्यवस्थामा जनता सुसूचित हुनु पहिलो र सबैभन्दा महत्वपूर्ण कुरा हो । यही कुरालाई ध्यानमा राखेर प्रजातन्त्रको पुनर्स्थापना भएपछि बनेको संविधानमा पंचायत कालको तीतो अनुभवलाई सँगाल्दै अभिव्यक्ति स्वतन्त्रता, सुसूचित हुने हक तथा पत्रपत्रिका र छापाखाना बन्द वा जफत गर्न नपाइने, सेन्सरसिप लगाउन नपाइनेजस्ता अभूतपूर्व अधिकारहरू राखिएको देखिन्छ । त्यस्तै गरी प्रजातन्त्रलाई मौलाउने खालको सूचना तथा संचार नीति तर्जुमा गर्न कार्यदल गठन गरी राष्ट्रिय संचार नीति बनाई लागू गरिएको थियो । त्यो नीति सरकारी नभएर मिडियाको क्षेत्रमा लागिपरेका प्रवुद्ध वर्गको खारिएको अनुभवको आधारमा प्रजातन्त्रको चाहना र जनताको आवश्यकताको धरातलमा उभिएर तयार पारिएको थियो ।

हुन त सो संचार नीति पूर्ण रूपमा लागू भइसकेको छैन तापनि बाह्र वर्षको बीचमा सूचना तथा संचार प्रविधिमा आएको परिवर्तन र मिडियाको क्षेत्रमा देशले गरेको अनुभवको आधारमा त्यसलाई संशोधन, परिमार्जन गरिनुपर्ने खाँचो महसुस गर्न थालिएको हो । मिडिया क्षेत्रका मानिसहरू ४७ सालमा जस्तै वा त्योभन्दा पनि व्यापक र संचार प्रविधि विशेषज्ञहरू समावेश भएको कार्यदल गठन होला र अझ बढी उपयोगी तथा समसामयिक संचार नीति बन्ला भन्ने आशमा थिए । गएको जेठ २६ गतेमात्रै नेकपा एमालेले संचार संबंधी २० वर्षे भिजन तयार पार्ने अभ्यास थालेको थियो ।

यसैबीच सूचना तथा संचार मन्त्रालयले तयार पारेको ***सूचना तथा संचार क्षेत्रको दीर्घकालीन नीति*** जेठ २७ गते मन्त्रिपरिषदले स्वीकृत गरी कार्यान्वयनमा आएको कुरा असार ५ गते सार्वजनिक जानकारीमा आयो । जमेको पानीमा सुकेको पात सुस्तरी झरे पनि तरंग आउँछ तर पानी खाने सङ्लो पोखरीमा सुँगुर पसेर हिलाम्मे फोहोर पारेझैँ नेपाली काँग्रेसले फोहोर पारेको नेपाली राजनीतिक पोखरीमा नयाँ संचार नीतिको आगमनले कुनै तरंग उठाएको देखिएन । देश र प्रजातन्त्रको लागि यति महत्वपूर्ण मानिएको मिडिया आफ्नै भविष्य कोर्ने नीति लागू भएको घोषणा हुँदा कानमा तेल हालेको देखियो । मिडियाको भविष्य सोझै प्रजातन्त्रको भविष्यसँग अविच्छिन्न रूपले गाँसिएको छ भन्ने कुरा बिर्सियो ।

यहाँ उक्त सरकारी सूचना तथा संचार नीतिको केस्राकेस्रा केलाउनु यहाँ संभव छैन । यो त मिडियाको क्षेत्रमा लागेका सम्पूर्ण प्रवुद्ध, जिम्मेवार वर्गको कर्तव्य हो । अहिलेसम्म यस्तो काम गर्ने संस्थागत प्रयास भएको सुनिएको छैन । नेपालको मिडिया र संचारकर्मीहरू किन दिनदिनै यति धेरै अकर्मण्य बन्दै गइरहेको छन् ? आफ्नै जीवनसँग सरोकार राख्ने यति महत्वपूर्ण कुराप्रति बेवास्ता गर्नु निश्चय नै राम्रो लक्षण होइन । फोहोरी राजनीतिको खेलमा डुबेर प्रजातन्त्रका आधारभूत कुराहरूलाई नै बिर्सनु खतराको संकेत हो ।

असार १२, २०५९

# अब प्रेसको पालो ?

“दुष्टले दुष्टचाइँ गर्छ त्यसको परिणाम सज्जनले भोग्नुपर्छ । रावणले सीता हरण गऱ्यो त्यसको परिणाम समुद्र बाँधिनुपऱ्यो ।” संस्कृत साहित्यमा प्रचलित यो प्राचिन उक्ति अहिले पनि लागू हुन्छ । पीत पत्रकारिता गर्ने केही पत्रकारहरूको कुकृत्यले गर्दा अहिले पत्रकारिता पेशा नै बदनाम हुन लागेको छ र यसैको आधारमा हाल प्रेसले उपभोग गर्दै आइरहेको स्वतन्त्रता अपहरित हुने हो कि भन्ने शंकाको बादल मडारिन थालेको छ ।

संकटकालको घोषणपछि लत्रेको प्रेस असोज १८ गतेको घोषणापछि भने लत्रेन र त्यसपछिको प्रेसको भूमिका झन दरो भएको देखिएको छ । संसद र जननिर्वाचित सरकार नभएको अवस्थामा जनताको आस्था र आशा प्रेसतिर जाग्नु स्वाभाविक पनि हो । तर जनआस्था साप्ताहिकको अमर्यादित र अनुत्तरदायी कामले प्रेस प्रतिको जनआस्थालाई जनआक्रोशमा बदल्ने काम गर्दैछ । नेपाली प्रेसले यसलाई अहिले अग्नि परीक्षाको रूपमा स्वीकार गर्नुपर्छ र यो अवसरलाई कस फ्याँकेर अकबरी सुनझैं खारिने मौकाको रूपमा लिनुपर्छ ।

“हाम्रो सरकारको आधार नै जनमत भएको हुनाले पहिलो लक्ष नै यसलाई सही/ठिक गर्नु हुनुपर्छ । र यदि मैले अखबारबिनाको सरकार र सरकारबिनाको अखबारमध्ये एउटा रोज्नुपऱ्यो भने एकपल पनि नअन्कनाइकन म पछिल्लोलाई रोज्नेछु ।” अमेरिकाका भूतपूर्व राष्ट्रपति टमस जेफर्सनको यो भनाइ जनमत निर्माण गर्ने काममा प्रेसको महत्व दर्शाउने सन्दर्भमा बारम्बार उद्धृत गर्ने गरिन्छ ।

निर्वाचित विधायिका, विधायिकाप्रति उत्तरदायी सरकार, स्वतन्त्र न्यायालय तथा स्वतन्त्र प्रेस प्रजातन्त्रका चार वटा आधार स्तम्भ हुन् । यी चारमध्ये कुनैको पनि अभावमा प्रजातन्त्रको कल्पना पनि गर्न सकिँदैन । वितेका केही महिनाभित्र घटेका घटनाहरूको अध्ययन र विश्लेषण गर्दा प्रजातन्त्रका यी आधारहरूलाई क्रमैसँग निस्तेज, निर्मूल पार्ने र तिनीहरूप्रति वितृष्णा जगाउने काम भइरहेको देखिन्छ । सर्वप्रथम सरकारले स्थानीय निकायहरूलाई जनप्रतिनिधिविहीन बनाएर प्रजातन्त्रको जगमै प्रहार गऱ्यो । अनि निर्वाचित संसदको हत्या गऱ्यो । त्यसपछि सरकारले जनप्रतिनिधिविहीन द्वन्द्वहीनताको अवस्थालाई एक वर्ष लम्ब्याउने निर्णय गरेर आत्महत्या गऱ्यो ।

कार्तिक ६, २०५९

स्थानीय निकायहरू तथासंसद अनि जनताप्रति उत्तरदायी सरकार नभएपछि प्रजातन्त्रका बाकी दुई खम्बाहरू स्वतन्त्र न्यायालय र प्रेसको जिम्मेवारी बढनु र जनताको आशा र विश्वास पनि तिनीहरूमाथि केन्द्रित हुनु हो । तर यसैबीच प्रेसप्रति अविश्वास, वितृष्णा र प्रहार गर्ने घटना भएको छ । झट्ट हेर्दा यो दुर्घटनाजस्तो देखिएता पनि यसको दूरगामी प्रभाव प्रेसले संविधानकै आधारमा उपभोग गर्दै आएको स्वतन्त्रता गुम्ने डर पैदा भइसकेको छ । अब न्यायालयलाई निस्तेज पार्ने पालो कहिले होला भनेर पर्खनु नपर्लाजस्तो छ ।

हुनत अहिले नै यसो भनिहाल्नु अतिशयोक्ति होला, तर घटनाक्रमले संसदलाई सरकारले, सरकारलाई प्रेस र न्यायिक अधिकारयुक्त आयोगहरूले, अनि प्रेसलाई अदालतले घोक्र्याउने अनि अदालत एक्लिएपछि अफै लाचार हुने तारतम्य मिलेको देखिँदैछ ।

पाकिस्तानका सैनिक शासकका पूर्व संचारमन्त्री जाबेद जब्बारले भनेका थिए : यस पटकको सैनिक शासन र पहिलेका सैनिक शासनहरूबीच एउटा मुख्य कुरामा फरक छ र त्यो हो प्रेसप्रतिको सहिष्णुता । पहिलेका सैनिक शासकहरूले सबैभन्दा पहिले प्रेसको घाँटी निमोठ्थ्यो भने अहिले त्यसो गरेको छैन । विश्वमा भएको संचार माध्यम र प्रविधिहरूको विकास र सुलभताले गर्दा प्रेसलाई थुनेर राख्नु सजिलो पनि त छैन ।

अहिले छियालिस सालमा आएको प्रजातन्त्र घाइते भएको छ । यसलाई नव्युँताइ जनताको हित हुँदैन भन्ने कुरा पनि निश्चित नै छ । यसैले अहिले प्रजातन्त्रका हिमायती पक्षहरूले एकअर्कालाई आरोप लगाउने, शंका गर्ने कामबाट प्रजानन्त्रलाई नै कमजोर बनाउनेतिर लाग्नुभन्दा प्रजातन्त्रका चार वटै आधारस्तम्भहरूलाई पुनः प्रतिष्ठित र बलियो बनाउनेतिर लाग्नुपर्छ । दुई आधारस्तम्भहरूको अभावमा प्रेसको भूमिकालाई अझ बलियो, मर्यादित र जिम्मेवारयुक्त बनाउनु जरुरी छ । यो काम पत्रकारले मात्र गरेर हुँदैन प्रजातन्त्रका हिमायती सबै राजनीतिक दल तथा नागरिक समाजले गर्नुपर्छ । प्रेसलाई अवमूल्यन, अपमान र निस्तेज पार्ने प्रयास सबैतिरबाट रोकिनुपर्छ ।

# अखबार : साना कि ठूला ?

आमसंचार माध्यमको विश्वसनीयता, क्षमता र प्रभावकारिताको बारेमा चर्चा हुँदा केही वर्षअघिसम्म सरकारी अखबार र गैरसरकारी अखबार भनेर स्पष्ट दुई खालका अखबारको चर्चा हुने गर्थ्यो भने अहिले साना अखबार र ठूला अखबार भनेर चर्चा र वर्गीकरण गर्न थालिएको छ । यो वर्गीकरण कत्तिको उपयुक्त छ र यसले भविष्यमा पत्रकारहरू र जनस्तरमा संचलन गरेका अखबारहरूलाई कत्तिको फाइदा वा बेफाइदा गर्ला भन्ने कुरा मूल्यांकन गर्न बाकी नै छ । अहिले सामान्यतया ठूला अखबार भन्नाले ब्रोडसिट अर्थात् ठूला आकारका, धेरै लगानी भएका, गैरपत्रकारको स्वामित्व र नियन्त्रणमा रहेका, देशका अधिकांश शहरी क्षेत्रमा पुग्ने, राजधानी बाहिर पनि पर्याप्त संख्यामा आफ्नै समाचारदाता राख्नसक्ने, धेरै रंगमा छाप्ने अखबारहरूलाई लिन सकिन्छ ।

साना अखबारहरूमा ठूला अखबारका केही गुण र विशेषता भए पनि एउटा मुख्य भिन्नता के देखिन्छ भने साना अखबारका स्वामित्व र संचालन पत्रकारहरूको हातमा छ । यो वर्गीकरण आमसंचारको शास्त्रीय सिद्धान्त वा अन्तर्राष्ट्रिय मापदण्डका आधारमा नभै हाल नेपालको पत्रकारिताको क्षेत्रमा विकसित हुँदै आइरहेको स्थितिले जन्माएको देखिन्छ । साना अखबार भनेर सरकारसँग सुविधा माग्न सजिलो भएको कारणले पनि यो वर्गीकरणप्रति केही पत्रकारहरूको आकर्षण बढेको हुनसक्छ । तर यो वर्गीकरण वास्तवमा साना अखबारको पक्ष वा हितमा छ कि छैन ? विचारणीय छ ।

साना अखबार भन्ने बित्तिकै अहिले सरकार, व्यापारी र सर्वसाधारण पाठकहरूले औंलो ठडयाउनसक्ने केही कुराहरू छन्, जस्तै न्युन वितरण संख्या । यसले विज्ञापनलाई प्रभावित गर्छ । अर्को, राजनीतिक पक्षधरता । यसले विश्वसनीयतालाई असर पार्छ । अनि समाचारको स्रोतको व्यापकता र विश्वसनीयता । यी सबै कुराले विक्री प्रभावित हुन्छ । फलस्वरूप विक्री नै बाँच्ने आधार भएका साना अखबारहरूको दिगोपनमाथि खतरा उत्पन्न हुन्छ ।

ठूला भनिने अखबारहरूमाथि पनि औंला ठडयाउने धेरै आधारहरू बनिसकेका छन् ।

पहिलो आधार, मिडिया टाइकुन अर्थात् जसरी भए पनि कमाउन खोज्ने अखबारपति वर्गको उदय र सीमित व्यक्ति वा संस्थाको हातमा ठूला अखबारहरू जाने खतरा छ ।

दोस्रो, विज्ञापन र विक्रीको दृष्टिले बजारको सीमिततालाई बेवास्ता गरेर यति धेरै ठूला अखबारहरू बजारमा आउनुको पछाडि ती अखबारपतिका व्यापार गरेर नाफा कमाउने उद्देश्यभन्दा बेग्लै उद्देश्य ।

तेस्रो, दक्ष पत्रकारहरूको माग अचानक बढेको छ । साना अखबारमा काम गर्ने तथा जनताको लागि पत्रकारिता गर्न गर्व गर्ने कतिपय पत्रकार, फोटो पत्रकार र कार्टुनिस्टहरू अहिले ठूला अखबारहरूतिर आकर्षित भएका छन् । फलस्वरूप गुणस्तरीय साना अखबारहरूका लागि समस्या बढ्दैछ ।

चौथो, व्यावसायिक पत्रकारिता ओझेलमा पर्दैछ र व्यापारिक पत्रकारिता मौलाउँदैछ । सर्वसाधारण जनताको लागि आवश्यक सूचना र ज्ञान उपलब्ध गराउने, निस्वार्थ ढंगले राष्ट्रिय मुद्दाहरूलाई उठाउने पत्रकारहरूको खडेरी लाग्ने अवस्था आउँदैछ ।

विश्वीकरण (ग्लोबलाइजेसन), उदारीकरण र निजीकरणको विश्वव्यापी प्रवृत्ति को सार नै व्यापारीकरण हो । खुला विश्व बजारमा प्रवेश गर्न आतुर नेपालमा यसको प्रभाव नपर्ने कुरै भएन । पत्रकारितामा नैतिकता र व्यावसायिकताको कुरा जति गरे पनि जब नाफा र व्यापारको कुरा आउँछ तब नैतिकता र व्यावसायिकता फोस्रा गफ मात्र हुन जान्छन् ।

पचास वर्षभन्दा लामो समयसम्म नेपालका पत्रकारहरूले प्रजातन्त्रको लागि संघर्ष गरेका छन् । हाल आएको व्यापारिक पत्रकारिताले अहिलेसम्मको जनसेवी पत्रकारिताको इतिहास र छविलाई धमिल्याउन खोज्दैछ । नाफामुखी पत्रकारिता जति आकर्षक भए पनि त्यसको आत्मामा जनसेवा हुँदैन, कहिले काहिँ देखिने कुरा बेग्लै हो जसको पछाडि अर्को ठूलो स्वार्थ लुकेको पनि हुनसक्छ ।

साना र ठूला अखबारको हालको वर्गीकरणले न त व्यावसायिक पत्रकारको हित गर्छ न त सर्वसाधारण पाठकको । कुनै अखबार सानो छ कि ठूलो भन्ने आधारमा हैन, अखबारले जनताको सेवा गरेको छ कि अखबारपतिको नाफा थपेको छ भन्ने आधारमा वर्गीकरण हुनु जरुरी छ । संचार माध्यम जति सानो भयो उति जनताको जनिक हुन्छ भन्ने नबिसौं ।

कार्तिक, २०५९, अक्टोवर, २००२

# नेपाली प्रेसले इतिहास लेख्दै, इतिहास बनाउँदै छ

मनोनित सरकारका मन्त्रीहरूले पेट्रोलियम पदार्थको भाउ नबढाउने भाषण गरेको दुईतीन दिनभित्रै पेट्रोल र ग्यासको भाउ बढ्यो । अहिले तीन जना राजाको विश्वास पाएका सूचना तथा संचार मन्त्रीले प्रेस स्वतन्त्रता हनन हुने छैन भन्दै भाषण गर्नथालेको सुन्दा हाल उपभोग गर्दै आएको बाकीताकी प्रेस स्वतन्त्रताको गति पनि पेटोलियम पदार्थको जस्तै हुने हो कि भन्ने डर लाग्दैछ ।

अर्कोतिर, अभिनय कलाकार सन्तोष पन्तको सेनाबाट राजिनामा प्रकरणले पनि के कलाकार के पत्रकार माओवादीको विरुद्ध कलम वा कुची चलाउनुअघि दुई पल्ट सोच्नु पर्ने वा आफैमाथि आफैले अघोषित सेन्सर लागू गर्ने अवस्थामा परको स्पष्टै देखिन्छ ।

देशको सबैभन्दा पछि परेको क्षेत्र कर्णालीको कालिकोट जिल्लाको कर्णाली सन्देश साप्ताहिकका संस्थापक तथा संपादक, साथै नेपाल पत्रकार महासंघका जिल्ला सभापति नवराज वसन्त शर्मालाई माओवादीहरूले अपहरण गरेर पहिले हात काटेपछि आँखा फुटालेर अन्त्यमा छातीमा गोली हानी मारेको घटना पत्रकारहरूको विश्वसंस्था सीमाहीन पत्रकारहरू (रिपोर्टरर्स सान्स फ्रन्टियर्स) र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले स्थलगत अध्ययन गरी हालै जारी गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ । त्यसअघि पनि उनलाई माओवादीहरूले अपहरण गरेर झण्डै तीन महिना राखेको थियो । त्यहाँबाट छुटेपछि उनलाई सेनाले माओवादीहरूको गुप्तचर भएको शंकामा पाँच दिनसम्म सोधपुछ गरेको थियो ।

रिपोर्टअनुसार अहिले पनि माओवादीले अपहरण गरेका दुई जना पत्रकारहरूमध्ये एक जना पत्रकार माओवादी क्याम्पमा जिउँदै छन् भने अर्कोले अपहरण भएको चार दिनपछि भाग्न सफल भएका छन् ।

अर्कोतिर संकटकालको नौ महिनाको अवधिमा माओवादी भएको वा माओवादीहरूप्रति समर्थन वा सहयोग गरेको शंकामा हजारौं मानिसहरूलाई पक्रेको तथा तीमध्ये तीन सयभन्दा धेरै पत्रकारहरू रहेको कुरा पनि सो रिपोर्टमा उल्लेख छ । तीमध्ये दस जना पत्रकारहरूलाई यातना दिइएको थियो । अहिले पनि न्यायिक प्रक्रियालाई लत्याएर एक्काइस जना पत्रकारहरूलाई हिरासतमा राखिएको छ । पत्रकारहरूको सुरक्षाका लागि कार्यरत सो विश्वसंस्थाका अनुसार अहिले नेपाल प्रेसका लागि सबैभन्दा ठूलो जेल भएको छ । हिरासतमै पत्रकार कृष्णसेन इच्छुकको मृत्युले पनि पत्रकारहरूप्रति हिरासतमा गरिने शत्रुवत व्यवहारको संकेत दिन्छ । रिपोर्टले रेवती सुवेदी, गोपाल बूढाथोकी लगायतका पत्रकारहरूको हिरासत र यातनाको उल्लेख गरेको छ ।

रिपोर्टमा सुरक्षा फौजका कार्वाही तथा माओवादीहरूको आक्रमणको समाचार पाउन, दुबै पक्षबाट हुने मानवअधिकारको हननका घटनाहरूको समाचारको पुष्टि गर्न कति गाह्रो छ भन्ने कुरा पनि नेपालगंजका पत्रकारहरूले भोग्नु परेको अनुभवबाट छर्लंग पारिएको छ ।

पत्रकारहरूको सुरक्षाको लागि पत्रकार महासंघले गरेको संघर्षको फलस्वरूप पत्रकारहरूको केही सकारात्मक कामहरू भएका छन् । प्रेस स्वतन्त्रताको हनन भएका घटनाहरूको निगरानी गर्न गठन भएको समितिले सुरक्षा फौजले पत्रकारहरूलाई गिरफ्तार गरेको १३६ घटना दर्ता गरेको छ ।  संकटकाल हटे पनि समाचार संकलन र समाचारको सत्यता परीक्षणमा बाधा अडचन हटेको छैन । आफ्नो विपक्षमा समाचार छाप्नेलाई धम्क्याउने काम दुबैतिरबाट कायमै छ भन्ने कुरा रिपोर्टले स्पष्ट पारेको छ ।

स्वतन्त्र, आत्मनिर्भर, विश्वसनीय र उत्तरदायित्वपूर्ण प्रेस बिना प्रजातन्त्र बाँच्नसक्तैन भन्ने कुरामा कुनै शंका छैन तर त्यसको पक्षमा न त राज्यपक्ष न माओवादी पक्ष नै सकारात्मक देखिन्छ । अहिले आएर प्रेसको भूमिकालाई नै हल्ला चलेको छ र यसलाई निराधार हल्ला भनेर चुप लागेर बस्ने अवस्था पनि छैन । किनकि प्रजातन्त्रका दुई मुख्य खम्बा, जननिर्वाचित संसद र स्थानीय निकायहरूलाई सखाप पारिएको अवस्थामा सशक्त विपक्षको भूमिका प्रेसले नै खेल्छ । अहिलेको नेपालको राजनीतिक रिक्तताको अवस्थामा नेपाली प्रेसले खेलिरहेको भूमिका निश्चय नै महत्वपूर्ण र एतिहासिक छ । वास्तवमा प्रेसको निर्भीकता र एकता नै अहिले प्रजातन्त्रप्रेमी जनताको आशाको केन्द्र बनेको छ । अहिले नेपाली प्रेसले इतिहास लेख्ने काम मात्रै होइन इतिहास बनाउने काम नै गर्दैछ भन्दा अत्युक्ति हुने छैन । यो महत्वपूर्ण घडीमा बुधवार साप्ताहिकको आठौं वर्ष प्रवेशको उपलक्ष्यमा हार्दिक शुभकामना ।

मंसिर ११, २०५९

# मिडियाहरूबीच गाँड कोराकोर

हिँजो अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पूर्वमन्त्री चिरंजीवी बाग्लेविरुद्ध भ्रष्टाचारको अभियोगमा विशेष अदालतमा मुद्दा दर्ता गर्‍यो । यसबाट क्रूद्ध बनेका वाग्लेले आयोग र विशेष गरी प्रमुख आयुक्तविरुद्ध प्रजातन्त्र मास्न खोजेको आसयको आरोप लगाए । उनको सो आक्रोशलाई कान्तिपुर एफएम रेडियोले महत्वकासाथ उनकै स्वरमा प्रसार गर्‍यो भने च्यानल नेपाल टेलिभिजनले आयोगको कार्वाहीलाई महत्व दिने गरी प्रसारित गर्‍यो । त्यसैगरी पूर्व सूचना तथा संचारमन्त्री जयप्रकाश प्रसाद गुप्तामाथि आयोगले गरिरहेको अनुसन्धानलाई नुनचुक छर्कर प्रस्तुत गर्ने च्यानल नेपालले मन्त्री गुप्ताको कार्यकालमा स्याटेलाइट टेलिभिजन संचालन गर्ने अनुमति पाएको कान्तिपुर टेलिभिजनसँग सलग्न कैलास सिराहियासँग आयोगले लिएको बयानलाई पनि महत्वकासाथ प्रसार गर्‍यो भने त्यो कुरालाई कान्तिपुर एफएमले बेग्लै ढंगले प्रसार गर्‍यो ।

गुप्ता संचार मन्त्री भएको बेलामा सर्वाधिक फाइदा कुन आमसंचार उत्पादक संस्थाले उपभोग गर्‍यो भन्ने कुरा नेपाली मिडिया, खास गरी इलेक्ट्रोनिक मिडियामा रुचि राख्ने सबैलाई थाहै छ । नेपालको कानुनअनुसार घुस खानेमात्रै होइन ख्वाउने पनि सजायको भागिदार हुने हुनाले आयोगको कार्वाहीलाई घटुवा वा बदनाम गर्ने गरी कुनै मिडिया संस्था लागिपर्छ भने आश्चर्य मान्नु पर्दैन ।

त्यस्तै पोहोरदेखि प्रकाशित भइरहेको विवादास्पद अंग्रेजी दैनिक अखबार दी हिमालयन टाइम्सको प्रकाशन र विदेशी पुँजी लगानी भएको विषयलाई लिएर स्थापित नेपाली दैनिकका प्रकाशकहरू अहिले दी हिमालयन टाइम्सको प्रकाशक विरुद्ध खनिएका छन् । नेपाली मिडियाको इतिहासमा निश्चय नै अत्यन्तै रोचक बन्न गइरहेको यो काण्ड सजिलै टुंगिएला जस्तो देखिँदैन । पृष्ठभूमिका खेलाडीहरू अगाडि देखा परेका छैनन् । भाँतीभाँतीका अडकलहरू मिडियामा रुचि लिनेहरूमाझ व्यापक रूपमा चलेको छ । परिणामको लागि केही समय पर्खनै पर्ला ।

द्वन्द्व समाधानमा नेपाली आमसंचार माध्यमहरू (मिडिया) को बढ्दो भूमिकाबारे दिनहुँ चर्चा बढिरहेको बेलामा नेपाली मिडियामा विदेशी पुँजीको लगानीको विषयलाई लिएर द्वन्द्व चर्केको छ । अहिले यो द्वन्द्व अदालत, मन्त्रालय, दरबार र अखबार तथा रेडियोसम्म पुगेको छ भने भोलि सडकमा पुग्यो भने आश्चर्य मान्नु पर्ने छैन । बाहिरबाट हेर्दा यो द्वन्द्व राष्ट्रियतामा अधारित देखिएता पनि आँखा चिम्लेर विश्वास गर्ने अवस्था छैन ।

नेपाली मिडियालाई नियन्त्रण गर्ने होडमा अहिले मुख्य तीन थरीका स्वार्थ वा रुचिहरू सक्रिय देखिएका छन् । राजनीतिक स्वार्थ, व्यापारिक स्वार्थ र जनताको स्वार्थ । साप्ताहिक अखबारहरू कुनै राजनीतिक दल, त्यसमा पनि दलका नेता विशेषको खल्तीबाट निस्कने गरेको चर्चा चलिरहेकै बेला ठूला आकारका दैनिक अखबारहरू पनि विभिन्न राजनीतिक वृत्तबाट निस्कने गरेको रहस्य खुल्दैछ । मिडियामा राजनीतिक स्वार्थ स्वदेशभित्रका खेलाडीहरूमाझ मात्र सीमित नभएर विदेशी खेलाडीहरूबीच पनि चल्ने गरेको नयाँ कुरा होइन । पंचायत कालमा मात्र होइन अहिले पनि विदेशी दूतावासहरूले पत्रकार पाल्ने गरेको बेलाबेलामा चर्चामा आउने गरेको छ । अखबारमा प्रत्यक्ष पुँजीगत लगानीको कुरा अहिले आएर उदाँगिए पनि यो लगानी व्यक्तिको नाममा धेरै पहिलेदेखि आउन थालेको कुरा मिडिया अनुसन्धाताहरू स्वीकार्छन् ।

अहिले नेपाली मिडिया मालिकहरूबीचमा भइरहेको गाँड कोराकोरको घटनाले कतिपय तीतो सत्य उद्घाटित् गरेता पनि यसले नेपाली मिडियाको अपरेसन गरेर सुधार गर्न र यसलाई जनतामुखी बनाउन सघाउने छ भन्ने कुरामा आश गर्न सकिन्छ ।

पुस ३, २०५९

# व्यापारिक मिडियामाथि संकट  कि प्रजातन्त्रमाथि ?

प्रेस र सरकारबीचको द्वन्द्व प्रजातान्त्रिक मुलुकमा नयाँ कुरा होइन । अभिव्यक्ति स्वतन्त्रता र जनताको हकको लागि पत्रकारहरू बेलाबेलामा जेलनेल सहन तयार हुन्छन् । यसैले जनताको मनमा प्रेसप्रति सम्मान हुन्छ । पत्रकारहरू जेलयात्रालाई तीर्थयात्राभन्दा पवित्र ठान्छन् । नेपाली प्रेसको इतिहास पनि यस्ता गौरव गाथाहरूले रंगिएका छन् ।

संकटकालीन अवस्थाको अवधि र त्यसयता नेपाली पत्रकारहरूले गैरकानुनी थुनछेकदेखि हत्यासम्मका निक्कै पीडा र यातना भोग्नु परेको छ । नेपाल विश्वमै पत्रकारहरूको लागि प्रताडना भूमिको रूपमा चिनिन थालेको छ । नेपालको प्रेस स्वतन्त्रताको इतिहासमा यो अवधिलाई अवश्य नै कालो युगको रूपमा अंकित हुने छ भन्ने कुरामा शंका छैन ।

गएको असोज १८ गतेको शाही कदमपछि नेपाली प्रेसले उपभोग गरिरहेको स्वतन्त्रतामा अंकूश लाग्नेछ भन्ने कुरा धेरैले अडकल गरेका थिए । फलस्वरूप आमसंचार माध्यमको सम्बन्धमा सरकारले गर्ने हरेक प्रकारका सोझो र घुमाउरो कदमप्रति नेपाली मिडिया जगत निक्कै शंकालु र सचेत हुँदै आएको छ । अगुल्टोले हानेको कुकुर बिजुली देखेर तर्सन्छ भनेझैं आफूसँग सम्बन्धित हरेक खालका निर्णय प्रति मिडिया जगत सजग हुनु स्वाभाविक र प्रजातन्त्रको लागि राम्रो लक्षण हो ।

हालै निजी क्षेत्रमा नेपालको सबैभन्दा ठूलो मिडिया प्रकाशन गृह उदीयमान सबैभन्दा विशाल रेडियो र टेलिभिजन प्रसारण संस्थाका एक जना मालिक तथा कान्तिपुर टेलिभिजनका निर्देशकलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले तत्कालीन सूचना तथा संचार मन्त्रीसँग अनियमित कारोवार गरेको अर्थात् भ्रष्टाचारको आरोपमा मुद्दा चलाउने क्रममा थुनामा राखेका छ । भ्रष्टाचारको अभियोगमा तीन जना पूर्व मन्त्री लगायत कतिपय कर्मचारीहरूमाथि अहिले आयोगले विशेष अदालतमा मुद्दा चलाइरहको छ । यसरी भ्रष्टाचारको आरोपमा थुनिएका मन्त्रीहरूले अख्तियारको यो कार्वाहीलाई प्रजातन्त्र मास्ने कदमको रूपमा आरोपित गर्न पनि पछि परेका छैनन् । कान्तिपुरका निर्देशकले पनि अख्तियारमाथि यस्तै अर्थात् व्यावसायिक प्रेसप्रति प्रहार भएको आरोप लगाएका छन् ।

के शाही घोषणापछि नेपाली प्रेसलाई नियन्त्रित गरिने छ भनी आशंकित कदमको यो घटना पूर्वाभ्यास हो त ? अस्तिदेखि यो विचार नेपाली प्रेसमा मडारिन थालेको छ । भ्रष्टाचारको विरुद्धमा अभूतपूर्व काम गरेर सबैतिरबाट प्रशंसा कमाएको  अख्तियार दुरूपयोग अनुसन्धान आयोगमाथि यस्तो आरोप लाग्नु निश्चय पनि राम्रो होइन । यसको निर्क्यौल मुद्दाको फैसला र भविष्यले गर्ने नै छ , तर यो घटनाले नेपाली प्रेसको व्यावसायिक विकास कत्तिको स्वच्छ रूपमा भइरहेको छ र कुन दिशामा भइरहेको भन्ने महत्वपूर्ण प्रश्न खडा भएको छ ।

हाल भ्रष्टाचारको मुद्दामा थुनामा परेका भूतपूर्व सूचना तथा संचारमन्त्रीको कार्यकालमा ठूलाठूला र व्यापारिक उद्देश्य भएका रेडियो र टेलिभिजन स्टेसनले प्रसारण अनुमति पाउनु, एउटै नगर पोखरामा छ वटा एफएम स्टेसनले एकै पटक इजाजत पाउनु र इजाजत पाएपछि मात्रै ती स्टेसनहरूलाई एकै चोटी यत्ति धेरै स्टेसनले इजाजत पाएको थाहा पाई अस्तित्वको संकट झेल्ने अवस्था आउनु अनि सो अवधिमा एउटा पनि सामुदायिक रेडियोले इजाजत नपाउनु , काठमाडौंबाट पाँच सय वाट क्षमतामा प्रसारण भइरहेका कान्तिपुर एफएमले धनकुटाको भेडेटारबाट दस हजार वाट क्षमताको एफएम प्रसारणको इजाजत (प्रचलन, मान्यता र आवश्यकताको दृष्टिले अविश्वसनीय) पाउनु आदि विविध घटना सूचना र संचारलाई जनसेवाको लागि लगाउने र नेपालजस्तो असाक्षर बहुल देशमा एफएममार्फत जनचेतना जगाउन परिकल्पना गर्ने नीति निर्माता र तृणमूल तहमा काम गर्नेहरूको लागि अपाच्य भएको थियो ।

यसैले व्यावसायिकताको नाममा नाफामुखी प्रसारणले जरा गाडन लागेको देशीय तथा अन्तर्राष्ट्रिय सन्दर्भमा यो घटनालाई हेर्नु बढी सामयिक र जनोपयोगी हुने कुरामा शंका छैन ।

पुस १०, २०५९

# जब पत्रकारको जिज्ञासा मर्छ

उद्योगधन्दा, व्यापार, समुद्री शक्ति, ज्ञानविज्ञान र सभ्यताको दृष्टिले अमेरिका र बेलायतकै समकक्षी युरोपको एउटा देश पुर्तगालको नाम अचेल विश्वको राजनीति, अर्थतन्त्र तथा सभ्यता र संस्कृतिको सन्दर्भमा अज्ञातजस्तै भएको छ । इतिहासविदहरूका अनुसार पुर्तगालको पतन तब सुरु भयो जब त्यसले आफ्नो देशको ढोका बाहिरका लागि बन्द गर्‍यो ।

पुर्तगालले बाहिरका खतरनाक मानिसहरू र खतरनाक बाहिरी र स्थापित मान्यता र परम्पराभन्दा बेग्लै विचारका लागि आफ्नो ढोका बन्द गरेपछि शिक्षाको नियन्त्रण चर्चले गर्नथाल्यो । विद्यार्थी, प्राध्यापकहरू, ज्ञान विज्ञान, अर्थ र राजनीतिका कुरा छाडेर भाषा, व्याकरण, सौन्दर्य शास्त्र, दार्शनिक, पारलौकिक तथा धार्मिक चिन्तनमा रमाउन थाले । नयाँ विचारलाई रोक लगाइएको मात्रै होइन कि नयाँ विचारमाथि छलफल गर्न पनि बन्देज गरियो । पृथ्वी गोल छ भनी सिद्ध गर्नखोज्ने वैज्ञानिक ग्यालिलियोलाई सजाय दिइएको घटना त सर्वविदितै छ तर उनले आफ्ना विचारहरू ल्याटिन भाषामा नछपाइकन देश बाहिर प्रचलित इटालियन भाषामा छपाएका हुनाले उनको विचार मर्न पाएन ।

विचारको घुसपैठ रोक्न बाहिरबाट आएका पानी जहाजहरू र देशभित्रका पुस्तक पसलहरूलाई कडाइका साथ जाँचिन्थ्यो । शब्दकोश, व्याकरण र धार्मिक पुस्तकबाहेक अन्य विषयका पुस्तक छापिन्नथ्यो । नयाँ विचार गर्नेहरू खासगरी यहुदी व्यापारीहरू, ज्योतिषशास्त्रीहरू, चिकित्सकहरूलाई या त देश निकाला गरियो या सखाप पारियो ।

विद्यार्थीहरू विदेशमा अध्ययन गर्न जान छाडे किन भने विदेशमा नयाँ र परम्पराबाहिरको विचार दिमागमा पस्नसक्थ्यो र फर्कँदा देशभित्र दुख पाउनसक्थ्यो । बाहिर घुमेर स्वदेश फर्केका पुर्तगालीहरूले आफ्नो देश अरूको दाँजोमा पछि पर्दैगएको कुरा गरे भने तिनलाई शंका र देश विरोधीको रूपमा हेरिन्थ्यो ।

चर्चअन्तर्गत संचालित धार्मिक गुप्तचरीले त उसको बाकीताकी शक्ति पनि धुलोपिठो पारिदियो । नयाँ कुराको बारेमा जिज्ञासा गर्नु अपराध भयो । जिज्ञासा मरेपछि ज्ञान र विज्ञानको बाटो थुनिनु स्वाभाविक थियो । फलस्वरूप देशको व्यापार अर्थतन्त्र र खास गरी समुद्री शक्तिमा वर्चस्व समाप्त भयो ।

विचारको स्वतन्त्रता र जिज्ञासा गर्ने स्वभाव समाप्त भएपछि विज्ञान, अर्थतन्त्र, व्यापारमात्रै समाप्त भएन, भ्रष्टाचार भयावह रूपमा प्रकट भयो । चर्च भ्रष्टाचारको केन्द्र बन्यो ।

पुर्तगालको जस्तै पतनको इतिहास धेरै देशले भोगेका छन् त्यसैले मानव सभ्यताका पक्षधरहरू मात्रै होइन इतिहासविदहरू पनि भन्छन् जहाँ विचारका बाटाहरू बन्दहुन्छन् तब मानव पतनको प्रारम्भ हुन्छ । यसैले भनिन्छ विचारलाई सीमित गर्नखोज्नेहरू, नयाँविचारमा पहुँच रोक्नेहरू र नयाँ विचार हुर्कन नदिनेहरूले कुनै पनि आतंककारीले भन्दा धेरै विनाश गर्नसक्छन् ।

विचार र अभिव्यक्ति स्वतन्त्रताको हिसाबले नेपालको वितेको बाह्र वर्षको अवधिलाई हेर्दा पंचायतकालको दाँजोमा र संविधानको प्रावधानको दृष्टिले उत्कृष्ट भनिए तापनि व्यवहार र आधुनिक प्रविधि तथा उपलब्ध सुविधाको दृष्टिले विचारको स्वतन्त्र प्रवाह र अभिव्यक्ति संविधानमा परिकल्पना गरिएजस्तो भएन । विचार र अभिव्यक्तिको सबैभन्दा प्रभावकारी औजारको रूपमा रहेको आमसंचार माध्यम अथवा मिडिया अहिले दोहोरो सेन्सरको सिकार बनेको छ । कानुनले सेन्सरको कुरा नगरे पनि पत्रकारहरूले देशमा संघर्षरत दुबै पक्षबाट अघोषित सेन्सरको आदेश पालन गरिरहेका देखिन्छन् । पत्रकारहरूको जिज्ञासा विस्तारै मर्दै गएको देखिन्छ । उनीहरूको संप्रेषण दिनदिनै खोजपूर्णभन्दा भ्रमपूर्ण र धेरैजसो औपचारिक रिपोर्टिङमा परिणत हुँदै गइरहेको छ । अहिले प्रजातन्त्रको स्तम्भ, निर्वाचित निकायहरूको अभावको स्थितिमा केही हदसम्म मिडियाले जनताको प्रतिनिधित्व गर्ने र विपक्षीको भूमिका खेल्ने काम गरेको देखिन्छ र जनताले यो भूमिका अझै सशक्त होस् भन्ने चाहेका छन् ।

माघ ८, २०५९

## सम्पादकको बोका

केही वर्षअघि पाल्पामा छँदाको कुरा हो दसैंको लागि भनेर गाउँबाट ल्याएको कालो बोका सप्तमीको दिन राती मऱ्यो । बोका मरेको घटना न त समाचार बन्छ न त अखबारमा समवेदना विज्ञापन नै बन्छ । बोका मरेर कुनै पनि आमसंचार माध्यमलाई प्रत्यक्ष लाभ छैन । तर सम्पादककै बोका मऱ्यो भने कुरा बेग्लै हुने रहेछ ।

बोका मरेपछि त्यसलाई कागतीको बोटमुनि गाडियो । त्यो साल कागती खुबै फल्यो । यी कुरा आफ्नै प्रकाशन सत्य साप्ताहिकमा छापियो । त्यो पढेर एक जना हितैषी मित्रले भन्नुभयो, "सम्पादकको बोका भएर त्यसले छापिने मौका पायो । अरूको बोका भए के को लेखा ?"

झापा घर भई विराटनगरमा व्यापारी प्रदीप मुरारकाको घरमा काम गर्ने चन्दन यादवको पाँच दिनअघि मृत्यु भएको घटनालाई हत्या हो भन्ने आसयको समाचार कान्तिपुर दैनिकमा माघ १७ गतेको अंकमा मुख पृष्ठमा तीन कलममा छापियो । त्यही समाचार भोलि पल्ट पनि सोही अखबारको तेस्रो पेजको महत्वपूर्ण ठाउँमा तीन कलममा छापियो जसमा हत्या लुकाउन रकम दिएको समाचार थियो । एवं रितले केही दिनसम्म त्यो अखबारले सो समाचारको फलोअप गर्दै गयो र संभवतः यो क्रम रोकिएको छैन ।

अर्को दैनिक अखबार नेपाल समाचारपत्रले त्यो घटनालाई स्वाभाविक मृत्यु हो हत्या होइन भन्ने आसयले समाचार छाप्न थाल्यो र खण्डनको त्यो क्रम संभवतः रोकिएको छैन । समाचारको प्रकाशन र खण्डनको यो क्रमवद्ध घटनाले दुई प्रकाशन गृहका मालिक वा अंशियारहरूबीच पारिवारिक द्वन्द्व भएको पाठकहरूले अनुमान गर्न थालेका छन् । कसैकसैलाई, खास गरी जिम्मेवार आमसंचार माध्यमहरूलाई लडाएर आमपाठकको आँखामा मिडियाको विश्वसनीयता गिराएर मिडियाको अहिलेको महत्वपूर्ण भूमिकालाई ओझेलमा पार्न खोज्नेहरूलाई आनन्द लागेको होला ।

देशमा भर्खरै द्वन्द्व समाधानको संकेत देखिएको छ । अहिलेको स्थितिमा द्वन्द्व समाधानमा मिडियाको कति महत्वपूर्ण भूमिका छ भन्ने कुरा जिम्मेवार मिडिया हाउसहरूलाई सम्झाइराख्नु परोइन । दुई मिडिया हाउसहरूलाई लडाएर कसकसले फाइदा उठाउँछ भन्ने कुरामा सम्बन्धित मिडिया हाउसहरूलाई सम्झाउन खोज्नु मुर्खता हुनसक्छ । तर प्रजातन्त्र र विकासमा मिडियाको भूमिकालाई बुझ्नेकाहरूको लागि यो चिन्ताको विषय हो । यो झगडामा कोही पनि प्रजातन्त्रप्रेमीले आगोमा ध्यु थप्ने काम गर्नु हुँदैन । बरु जिम्मेवार राजनीतिक तथा नागरिक समाज र खास गरी आमसंचार संस्थाका जिम्मेवार व्यक्तिहरू यो द्वन्द्व समाधान गर्न अगाडि सर्नु पऱ्यो । ढिलो भयो भने कसले फाइदा उठाउला भनेर अडकल गर्न गाहो छैन ।

माघ २२, २०५९

# पशुपतिको प्रसाद र इन्टरनेट

स्वस्थानीका अनुसार उहिले शिवसँग बिहे गर्नका लागि पार्वतीले बालुवाको शिव लिंग बनाएर त्यसैमा फूलअक्षता चढाएर शिवलाई खुशी पारेकी थिइन् । त्यसबेला इन्टरनेट वेबसाइट आदि सूचना प्रविधि थिएन । छोराछोरीले इन्टरनेटमा पोर्नोग्राफी अर्थात् अश्लील चित्र हेर्ला भन्ने पीर पनि थिएन । शिव खुशी भएभने संसारको जुनसुकै भागमा पनि प्रकट भएर भक्तलाई सन्तुष्ट पार्नसक्थे रे । अहिले पशुपति क्षेत्र विकास कोषले आधिकारिक वेबसाइट स्थापना गरेर पशुपतिनाथका भक्तजनहरूले विश्वको जुकसुकै कुनामा रहे पनि त्यहाँबाट अनलाइन पूजाअर्चना गर्न सक्ने र कुरियर सेवाबाट प्रसाद पठाउने व्यवस्था गर्ने भएको समाचार आएको छ । डलरअनुसार भाँतिभाँतीका पूजा गर्न पाइन्छ अब ।

इन्टरनेटको माध्यमले संसारको कुनै ठाउँबाट पनि आर्यघाटमा पितृलाई श्राद्ध तर्पण गर्ने, दक्षिणकालीमा बोका चढाउने, दसैंमा आफन्तलाई वा घरमा जख्खु बोका पठाउन अनलाइन व्यवस्था भइसकेको थियो अब पशुपतिको पूजा गर्ने र कुरियरबाट प्रसाद पठाउने थप सुविधा भएको छ । सूचना प्रविधिको चमत्कारको योभन्दा उत्तम उपयोग हामी हिन्दूहरूको लागि अरू के हुनसक्ला ?

सूचना र ज्ञान मानिसको जीवनलाई सपार्नको लागि हो भनिन्छ । तर नेपाल भारत तथा कतिपय बौद्धधर्मावलम्बी समुदायहरूमा ज्ञानको उपयोग यो लोकको लागि नभइ परलोकको लागि हुने गरेको छ । गीता, रुद्री, हनुमान चालिसा आदि विभिन्न काव्यहरूको महत्व त्यसमा अन्तर्निहित विषयवस्तुमा भन्दा तिनलाई जपेर वा सुनेर मुक्ति वा धर्म कमाइन लोभ नै प्रमुख उद्धेश्य हुन्छ हाम्रो समाजमा । मानिसहरू हजारौं रूपैयाँ खर्च गरेर सप्ताह लगाउँछन्, भाग्वत कथा सुन्नका लागि जीवनको अमूल्य कमाइ खर्च गर्न तयार हुन्छन् , तर पाँच रूपैयाँको अखबार किन्न, दुईचार सयको रेडियो किन्न वा पत्रपत्रिकाको ग्राहक बन्न मान्दैनन् । कारण स्पष्ट छ । सूचना र ज्ञान यो लोकको लागि होइन परलोकको लागि हो ।

सूचना शक्ति हो र सूचना पैसा पनि हो । अहिले सूचना प्रविधिको विकासले विश्वका प्रमुख राष्ट्रहरूको विकासको लक्ष नै फेरिएको छ । नेपालले पनि ज्ञानमा आधारित सूचना समाजको निर्माण गर्ने लक्ष लिएको छ । सूचना समाज भनेको यस्तो समाज हो जहाँ उत्पादन र उपभोग, आर्थिक कारोबारका अधिकांश बस्तु वा विषयहरू तथा विनिमयका आधारहरू सूचना र ज्ञानमा आधारित हुन्छ । सूचना समाजको स्तरमा उक्लने पहिलो देश जापान हो । जापानले युद्धका हात हतियार बनाएर पैसा कमाउँदैन । उसले सूचना प्रविधिमा आधारित सामान र विषय उत्पादन र कारोबार गर्छ । गोजीमा अटाउने क्यामेरादेखि हिँडदा हिँडदै इन्टरनेट चलाउन मिल्ने मोबाइल, स्याटेलाइट फोन बनाएर पैसा कमाउँछ । हतियारको व्यापार गरेर अकूत सम्पत्ति कमाउन पल्केका अमेरिका समेत अहिले विश्वको मनोरंजन सामग्रीको एक नम्बरको निर्यातक बनेको छ । भारत, चिन, कोरिया अहिले सूचना प्रविधिको आधारमा अचानक आर्थिक समृद्धिको दौडमा अगाडि बढेको देखिँदै छ ।

तर, नेपाललाई पाँच वर्षभित्र सूचना प्रविधिको विश्वमानचित्रमा अंकित गराउने हाम्रो राष्ट्रिय नीति तुहिइसकेको देखिन्छ । हामी सूचना प्रविधिको चमत्कार हेरेर रमाइरहेका छौँ । यसलाई स्वर्ग सुधार्ने औजारको रूपमा प्रयोग गर्दै छौँ । सायद हाम्रो विशेषता पनि यही हो कि ?

फरवरी, २००३

# माओवादी, मिडिया र मदनपोखरा

गएको आइतबार एकातिर सम्पादक समाजले आयोजना गरेको प्रेस स्वतन्त्रता र पारदर्शिता विषयको विचार गोष्ठीमा मन्त्रीदेखि लिएर पत्रकारहरूले समेत नेपाली मिडियामा विदेशी लगानी बढदा हुनसक्ने खतराको बारेमा छलफल गर्दै थिए भने अर्कोतिर नेकपा माओवादीका नेता तथा वार्ता टोलीका प्रमुख डा. बाबुराम भट्टराई भारतीय लगानीकर्ताहरूले संचालन गरेको विवादास्पद अखबारको कार्यालयमा पुगेर अन्तरवार्ता दिइरहनु भएको थियो । भित्ते लेखनदेखि लिएर इन्टरनेटसम्म सबै खालका परम्परागत तथा अत्याधुनिक संचार माध्यमहरूको जनक्रान्तिमा उपयोग गर्न पछि नपरेको माओवादीले वार्ताको लागि अवतरणको अवसरदेखि नै मिडियाको ग्लेमरको भरपूर उपयोग गर्न खोजेको स्पष्टै देखिन्छ । अवतरणको दोस्रो दिन विदेशी पत्रकारहरूको लागि बेग्लै पत्रकार सम्मेलनको आयोजना अनि रिपोर्टर्स क्लबमा विवादास्पद पत्रकारहरूलाई पुरस्कार वितरणलगायतका श्रृंखलावद्ध घटनावलीहरूले मिडियाको उपयोग गर्न मात्र होइन मिडियामा छाउन, मिडियाको चकाचौंधबाट अत्यधिक आकर्षित हुन पनि माओवादीहरू पछि नपरेको देखिन्छ ।

माओवादीहरूलाई नेपालमा मात्र होइन विश्वमै आफ्नो छवि सपार्न मिडियाको अत्यधिक खाँचो परेको छ । वार्ताको आचार संहितामा पनि संचार माध्यमहरूको उपयोगबारे त्यसको संकेत देखिएकै छ । शायद यसैले अहिले माओवादीहरूले मिडियालाई जुन मात्रामा खुराक दिइरहेका छन् त्यसलाई अविचारित वा अचानकको व्यवहार भन्न मिल्दैन । नेपाली मिडियाले पनि जसरी त्यो खुराक पाठक दर्शक तथा श्रोताहरूको लागि पस्किरहेको छ यदि त्यही गतिले मिडियाले खुराक दिने र उपभोक्तहरूले पचाउने काम भइरह्यो भने त्यो खुराका रित्तिन धेरै दिन लाग्दैन । खुराक पाउन छाडेपछि वा दिन नसकेपछि माओवादीप्रति मिडियाको व्यवहार उही रहन्न र आकार्षण पनि घटनु स्वभाविक हो ।

मिडियालाई आफ्नो पक्षमा सकेसम्म उपयोग गर्न आतुर माओवादीहरू मिडियाको स्वतन्त्रता, जनताको सूचना पाउने अधिकार र प्रजातन्त्रमा प्रेसको अनिवार्य अवश्यकताप्रति कत्तिको वचनवद्ध छन् भन्ने कुरा लिखित वा मौखिक रूपमा अर्भ्कै आएको देखिएको छैन । जनताको सुसूचित हुने अधिकार, प्रेसको निर्वाध स्वतन्त्रता, प्रजतन्त्रका लागि प्रेसको जनमत निर्माणकारी भूमिका तथा जनताका आवाजलाई मुखरित गर्ने प्रेसको जिम्मेवारीबारे माओवादीहरूको आधिकारित भनाइ वा नीति अर्भ्कै बाहिर आइसकेको छैन ।

विश्वका अरू भागमा भ्कैं नेपालमा पनि मिडिया शक्ति र सम्पत्तिको वरिपरि घुम्न थालेको छ । व्यापारिक, नाफामुखी पत्रकारिता दिनदिनै मौलाइरहेको छ । संस्कृति र विचारको माध्यमबाट विदेशी दासताको थालनी हुन्छ र त्यो विस्तारै आर्थिक र राजनीतिक क्षेत्रमा पर्छ । विचार र संस्कृतिलाई प्रभाववित पार्ने सबैभन्दा बलियो र प्रभावकारी औजार आमसंचार नै हो । नाफामुखी मिडिया यसका सशक्त माध्यम हुन् । सत्तामुखी, नाफामुखी, शहर तथा शिक्षित वर्गमा सीमित नेपाली मिडियाले देशका ८५ प्रतिशत जनतासम्म पुग्न र उनीहरूको आवाज उकास्न नसकेको कुरा छर्लंगै छ । यस्तो मिडिया आमजनतासम्म पुग्न, उनीहरूको पक्षमा बोल्न र उनीहरूको लागि सान्दर्भिक र उपयोगी बन्ननसक्ने स्पष्टै छ । यसको विकल्प वा पूरकको रूपमा अहिले विकासशील देशहरूमा वैकल्पिक तथा सामुदायिक मिडियाको उपयोग निरन्तर बढिरहेको छ । तर माओवादीहरूले आफ्नो आधार क्षेत्रहरूमा बाहिरी वा सत्ता र सम्पत्तिमुखी मिडियामा रोक लगाएको देखिए तापनि त्यसको विकल्पमा समुदायले नै संचालन गर्ने सामुदायिक मिडिया, सामुदायिक रेडियोलगायतका सूचना प्रविधि तथा विधिहरूको उपयोग गर्ने गरेको देखिएको छैन ।

सात सालको क्रान्तिमा समेत रेडियोको उपयोग गर्ने प्रयास गरिएको थियो नेपालमा । श्रीलंकालगायत विश्वका कतिपय गृहयुद्धको आगो लागेका देशहरूमा विद्रोही पक्षले रेडियो, अखबार आदि आमसंचार माध्यमहरूको यथेष्ठ उपयोग गरेको देखिन्छ भने नेपालमा माओवादी विद्रोहमा यसको अभाव देखिन्छ । काठमाडौंबाट प्रकाशित, बीचमा प्रतिवन्धित र अहिले फेरि प्रकाशनमा आएका अखबारहरूको पहुँच शहरी र शिक्षित पाठकमा मात्र सीमित देखिन्छ । आमजनतासम्म आफ्नो विचार, सन्देश, सूचना पुर्‍याउन र जनताको विचार, सुखदुःख बुझ्न माओवादीहरूले समुदायमा आधारित आफ्नै आमसंचार माध्यम स्थापना, संचालन र उपयोग गरेको देखिएको छैन ।

सूचना र ज्ञानबिना समाजमा परिवर्तन आउनसक्तैन भन्ने कुरा निर्विवाद छ । जनतालाई भेँडा बनाउने काम अधिनायकवादीहरूले मात्रै गर्छन् । माओवादीहरूले मिडियालाई आफ्नो छवि नेपालमा र विश्वमा सुधार्नको लागि मात्रै उपयोग गर्छन् कि निरक्षर जनतालाई शिक्षित, सचेत बनाएर समाज परिवर्तका लागि पनि मिडियाको उपयोग गर्छन् भन्ने कुरा अर्भ्कै स्पष्ट भइसकेको छैन । जनतालाई सर्वोपरि शक्ति ठान्ने जोसुकैले पनि जनताको सूचनाको अधिकार र परिवर्तनमा सूचना र ज्ञानको भूमिका, उपयोगलाई नकार्न सक्तैन अनि जनतालाई मिडिया विहीन बनाएर राख्नसक्तैन ।

आज पाल्पाको एउटा गाउँ मदनपोखरामा गाउँ विकासको स्वामित्व र नियन्त्रणमा जनताले नै चलाएको सामुदायिक

रेडियोको उद्घाटन हुँदैछ । समुदायले आफ्नै बल बुद्धि, मेहनत र जाँगरले कसरी आफ्नै मौलिक, दिगो संचार व्यवस्था संचालन गर्नसक्छ भन्ने सिक्नको लागि रेडियो मदनपोखराले थुप्रै खुराक दिनसक्छ । नेपालमा सुहाउँदो सामुदायिक आमसंचार संचालन गर्न चाहनेहरूका लागि मदनपोखराले सिकाउनसक्ने अनगिन्ती पाठ छन् । पुरानो सत्तामात्रै होइन नयाँ सत्ताले पनि सिक्न खोजे सिक्ने कुरा धेरै छन् मदनपोखरामा । मदनपोखरा बाहिरी आँखाले हेर्दा नेपालका अरू गाउँभन्दा फरक नदेखिए पनि भित्री आँखाले हेर्नेहरूले जनताको जीवनस्तर र चिन्तनको स्तर उकास्न संचारले कस्तो भूमिका खेल्ने रहेछ, सामुदायिक संचार र सत्ता तथा नाफमुखी संचारबीच के भिन्नता रहेछ, समुदायको सूचना र ज्ञानसंबंधी खाँचो सामुदायिक संचारले कसरी पूरा गर्छ र नाफामुखी संचारले कसरी बिगार्छ भन्ने कुरा मदन पोखरामा आएर सजिलै बुझ्नसक्छन् । दुई वर्षको सफल अनुभव बटुलेपछि औपचारिक रूपले उद्घाटन हुन लागेको रेडियो मदनपोखराका मेहनती हात गोडा र दिमागलाई मुरीमुरी बधाइ र शुभकामना ।

२०५९ चैत २६

# डब्लुडब्लुडब्लु डट नेपाल मोनार्की डट कम

श्री ३ प्रधानमन्त्रीहरूले राष्ट्रिय महत्वको घोषणा गर्दा टुडिखेलका चौरमा तिनका परिवार दाजुभाइ, भारदार तथा प्रजाहरूलाई भेला गराएर खरीको बोटमुनि बसेर घोषणा गर्थे । सातसालको सम्झौता दिल्लीबाट राजा त्रिभुवानले अल इण्डिया रेडियोबाट गरेका थिए । सत्रसाल पुस १ गते राजा महेन्द्रले रेडियो नेपालबाट सरकार विघटन गरेको घोषणा गरेका थिए । तर पोहोर साल असोज १८ गतेको शाही कदमको घोषणा टेलिभिजनबाट भएको थियो ।

सूचना र संचार प्रविधिको विकाससँगै परम्परागत माध्यमहरू लोप वा असान्दर्भिक हुँदै गएका छन् । टुंडिखेल परेड ग्राउण्डमात्र होइन राज्यले रैतीलाई सन्देश दिने माध्यम पनि थियो किनकि त्यसबेला अखबार र रेडियो थिएन । तर अहिले रेडियो र टेलिभिजनलाई उछिनेर इन्टरनेट आइसकेको छ । यसले राजा र जनताबीच एकतर्फी होइन दोहोरो संचारको काम गर्नसक्छ ।

रक्त संचार होस् कि सूचना संचार, त्यो दुईतर्फी हुनुपर्छ । रक्त संचार एकतर्फी भयो भने रगत अशुद्ध हुँदै विषाक्त हुन्छ र जीवको मृत्यु हुन्छ । सूचना संचार पनि एकतर्फी भयो भने अहितकर हुन्छ । प्रजातन्त्रमा त झन दोहोरो संचार भएन भने प्रजातन्त्रको मृत्यु हुन्छ । नेपालमा राज्य संचालनमा संलग्न अति महत्वपूर्ण केही निकायहरू अहिले पनि एकतर्फी सूचना संचारका लागि चिनिएका छन् । जहाँ आदेश चल्छ, शंका वा प्रश्न गर्नु अपराध मानिन्छ त्यस्ता निकायहरू बिसौं शताब्दीको अन्त्यसँगै असान्दर्भिक र पछौटै भइसकेका छन् । त्यस्तो खालको संचारले दमन, अशान्ति र हिंसा निम्त्याउँछ ।

माओवादी र सरकारबीच अहिले दोहोरो संचार भइरहेछ तर कागत मसीको माध्यमबाट । इन्टरनेटको युगमा कागतबाट संचार हुँदैछ । यसो गर्न भएन टेबुलामा मुखामुख बसेर संचार गर्नुपऱ्यो भने मानिसहरू कराइरहेका छन् । माओवादीहरू भूमिगत भएकाले अब सरकार र माओवादीबीच वार्ता नहुने भयो भनेर कतिपयले दुःख मनाउ गरेका छन् । तर आधुनिक सूचना प्रविधि, आईटीको, प्रचूर उपयोग गरिरहेका माओवादीहरूलाई थाहा छ वार्ता गर्न टेबुल कुर्सी, कोठा, सुरक्षा व्यवस्था वा पाँच तारे होटल चाहिँदैन । किनकि आधुनिक उपकरणको प्रयोग गरेर हिमालको गुफामा बस्नेहरू र न्युयोर्कको वालस्ट्रिटमा बस्नेहरूबीच प्रत्यक्ष वार्ता – भिडियो कन्फ्रेन्सिङ हुनसक्छ ।

माओवादीहरूले सूचना प्रविधि, वेबसाइटको उपयोग गरेर संसारको सामु आफ्ना कुराहरू पुऱ्याउन थालेको धेरै वर्ष भइसक्यो । राजदरबारको वेबसाइट www.nepalmonarchy.gov.np सुरु भएको दुई साता पनि भएको छैन । तर एक्काइसौं शताब्दिको राजतन्त्र वेबसाइटमा जानु भनेको स्वागत योग्य कुरा हो । किनकि वेबसाइट भनेको संसारभर पुग्ने जोसुकैले जहिले सुकै हेर्न सकिने पाना हो जहाँ अक्षर, चित्र, स्वर र चलचित्रसमेत हेर्न पाइन्छ । वेबसाइटमा पुगेपछि कुनै पनि चिज गोप्य हुँदैन । यसको अर्को विशेषता ताजा पन हो अर्थात् यो निरन्तर अपडेट गरिनुपर्छ नत्र किताबका अचल अक्षर र चित्र तथा बेवसाइटबीच केही भिन्नता रहँदैन । कककक इन्टरनेटको फाइदाको सूची बनाउँदै एकजना विदेशी विकासे कार्यकर्ताले लेखेका थिए : अब नेपालमा माथिल्लो जात र दलितहरूबीच इन्टरनेट र सूचना प्रविधिका अन्य साधन मार्फत वार्ता हुनेभयो र जातीय भेदभाव मेटिने भयो । राजदरबारको वेबसाइटले पनि त्यही काम गर्छ कि ?

अहिले सरकार र माओवादीबीच वार्ता हुने कि नहुने भन्ने प्रश्न धेरै नेपालीको मनमा उब्जिरहेको छ । छ महिना अघि युद्ध विरामले जन्माएको आशा, उत्साह र उमंग अचानक सेलाएको छ । अब वार्ता नहोला, फेरि देश रगतले लत्पतिएला भन्ने डर र त्रासले जनता वार्ताको लागि अधैर्य भएर कामना गरिरहेका छन् । तर वार्ताकारहरूको चालामाला बेग्लै देखिन्छ ।

माओवादी नेताहरूले अब हामी जंगल पस्दैनौं जसरी भए पनि वार्ता सफल पार्छौं भन्दै जनतालाई दिएको आश्वासन मूल्यहीन हुँदैछ भने जनसमर्थनविहीन सरकारको बोली र व्यवहारमा विश्वास गर्ने स्थिति छैन । सरकारसँग वार्ता गर्नु निरर्थक छ भन्ने कुरा बितेको छ महिनामा माओवादीहरूले बुझेर नै अहिले उनीहरू जोसँग कुरा गर्नुपर्ने हो उनैसँग कुरा गर्ने अडान लिएको हुनुपर्छ ।

अब माओवादीहरूको दरबारसँग वार्ता गर्ने माग सोझै इन्टरनेट तथा भिडियो कन्फ्रेन्सिङमार्फत जंगल, विदेश जहाँ बसेर पनि गर्न सकिने हुनाले र काठमाडौंमा वार्ता गर्दा अरू राजनीतिक दल, महिला, दलित आदि विभिन्न पक्षले आआफ्ना माग राखेर हैरान गर्न वा बिथोल्न नमिल्ने हुनाले त्यो माध्यमको उपयोग गर्न उनीहरू भूमिगत भएका पो हुन् कि । यसो भयो भने जनता र राजनीतिक दलहरूलाई पनि बाइपास गर्न पाइने भयो । दुबैलाई हाईसंचो । कसो ?

२०६० साउन

# मिडिया मालिकहरूको युद्ध : खतरामा प्रेस स्वतन्त्रता

सोलु एफएमको काममा दुई दिनको लागि सोलुखुम्बुको सल्लेरी गएको थिएँ । हाम्रो एउटा टोली नै थियो । कहिले काठमाडौंमा त कहिले फाप्लु विमानस्थलमा मौसम खराब भएर पाँच दिन पछि हेलिकोप्टरबाट फर्कनु पऱ्यो । यसरी अडकिएर बेकम्मा भै बस्नुपर्दा एक दिन होटलको भात खाने ठूलो कोठामा त्यहीँका शेर्पा नानीहरूसँग अन्ताक्षरी खेलेर बितायौँ ।

गाउँबाट आएर एसएलसी परीक्षाको तयारीमा सल्लेरीमा डेरा गरी बस्ने पाँच छ जना नानीहरूसँग अन्ताक्षरी खेल्दा नेपालका दुर्गम जिल्लामा पनि भारतीय संचार माध्यमहरूको कस्तो प्रभाव रहेछ भन्ने प्रत्यक्ष अनुभव भयो । किनकि ती नानीहरूले शुद्ध नेपाली गीतको अन्ताक्षरी खेल्न मानेनन् । हिन्दी गाना नगाइ हुँदैन भने । यदि उनीहरूले गाएको हिन्दी गीतको भाषा र लय सोनु निगमले सुनेका भए शायद मुर्छापर्थे ?

भारतभित्रै हिन्दी भाषा नबुझ्ने र त्यसको विरोध गर्ने राज्यहरू थुप्रै छन् । तर खुला सीमाना र नेपाली सिक्नै नपर्ने स्वतः बुझ्ने हिन्दी भाषाको कारणले पनि कुनै पनि नेपालीका लागि हिन्दी भाषाका संचार सामग्री बुझ्न गाह्रो छैन । कुनै पनि शिक्षित नेपाली भारतीय संचार सामग्रीबाट अछुतो छैन । अल इण्डिया रेडियोबाट प्रसारण हुने नेपाली लगायत विभिन्न भाषाका कार्यक्रम नेपालका पहाड हिमाल र तराइमा उत्तिकै राम्ररी सुन्नसकिन्छ । डिस्क एन्टेना राखेर दर्जनौं भारतीय टीभी च्यानलहरू नेपालका सबै ठाउँमा हेर्नसकिन्छ । हिमाली भेकका विद्यार्थीहरूले पनि अन्ताक्षरी खेल्दा हिन्दी गीत नगाई खेल्न नसक्ने अवस्था छ । यसको असर नेपालको मनोरंजन उद्योगमा मात्रै परेको छैन । नेपाली युवाहरूको बोलाइ, सोचाइ र व्यवहारमा पनि भारतीय संचार माध्यमहरूको प्रभाव देखिन्छ ।

भारतीय टीभी च्यानल हेरेबापत नेपालबाट हरेक महिना झण्डै चार करोड रूपैयाँ तिर्नुपर्छ भने ती च्यानलले प्रसार गर्ने विज्ञापनका सामग्रीहरूको नेपाल खुला र उर्वर बजार पनि बनेको छ । यसको विपरीत नेपालको कुनै पनि संचार माध्यमले भारतमा प्रवेश पाउनु भनेको फलामको पर्दा खोल्नु जस्तै हो । किनकि भारतको संचार नीति र कानुन अनुसार त्यो देश विदेशी छापा माध्यमहरूको लागि अभेद्य गढजस्तै छ जबकि नेपाल भारतीय छापा, इलेक्ट्रनिक माध्यमहरू तथा सिनेमाको लागि खुला बजार नै बनेको छ ।

यस्तो परिस्थितिमा भारतीय लगानीको दुइटा अखबारले भारतीय विचारको प्रचार गऱ्यो भनेर होहल्ला गर्नु कत्तिको पत्यारिलो र प्रभावकारी होला ?

अहिले नेपाली मिडियालाई डोऱ्याउने ठूला आकारका दैनिक अखबार, गैरसरकारी क्षेत्रमा संचालित टेलिभिजन र रेडियो समेत पत्रकारहरूको हातबाट मिडिया मालिकहरूको हातमा पुगिसकेको देखिन्छ । व्यावसायिक हितको उद्देश्यले संचालित मिडियाका मालिकहरू विगतमा पनि सानातिना विषयमा पनि पत्रकारिताको धर्म र आचार विपरीत एकअर्कामाथि खनिएको नदेखिएको होइन । मिडिया मालिकहरूको छाता संगठन मिडिया सोसाइटीको अगुवाइमा अहिले नेपाली मिडियामा देखिएको झगडालाई राष्ट्रियताको लुगा ओढाउने प्रयास गरे पनि मूल रूपमा यो मिडिया मालिकहरूको स्वार्थको युद्ध हो भन्ने कुरामा शंका छैन । अहिले नेपालमा संचालित अखबारमात्रै होइन टेलिभिजन च्यानहरू पनि विशुद्ध नेपाली पैसाले मात्रै चलेको छ भनेर कोही पनि पत्याउने छैनन् ।

अहिलेको मिडिया मालिकहरूको झगडाले एकातिर प्रजातान्त्रिक आन्दोलनलाई अल्मल्याउने खतरा छ भने अर्कोतिर विदेशी लगानी नियन्त्रण गर्ने निउँमा सरकारले प्रेस स्वतन्त्रलाई निमोठने खालका अध्यादेश ल्याउने संभावना पनि बढेको छ । प्रेस काउन्सिल नेपालका नयाँ अध्यक्ष र संचार मन्त्रालयका कर्मचारीहरूको मिडियालाई निगरानी गर्ने निकायको खाँचो छ भन्ने हिँजोको भनाइले पनि यही कुराको संकेत गर्छ ।

२०६० माघ, जनवरी, २००४

# कारिन्दा पत्रकारिताको विकास

हिँजो सिडियोको विरोधमा बोल्न नसक्ने अखबारहरू अहिले यो देशमा राजतन्त्रको आवश्यकता छ कि छैन भनेर खुलेर छलफल चलाउनसक्ने भएका छन् । निश्चय नै प्रजातन्त्रको बाह्र वर्षे कालमा देशले गौरव गर्न लायको विकास गरेको क्षेत्र पत्रकारिता नै हो । अब पत्रकारको मात्र होइन आमनेपालीको पनि मुख र मस्तिष्क थुन्न असंभव छ । तर व्यावसायिक पत्रकारिताको नाममा कारिन्दा पत्रकारिताको उदय पनि भएको, मिडिया टाइकुनहरू जन्मन थालेको, सम्पादकीय स्वतन्त्रता घटेको अनि बढ्दो द्वन्द्वको चेपुवामा परेर जनताको सूचित हुने अधिकार र पत्रकारहरूको समाचारको स्रोत सम्म निर्वाध रूपमा पुग्ने तथा समाचार सम्प्रेषण गर्ने हक हनन हुँदै गएको कुरातिर आँखा चिम्लन सकिँदैन ।

गएको आइतबार नेपाल पत्रकार महासंघको स्थापनाको ४९ औं वार्षिकोत्सवको अवसरमा केन्द्रलगायत जिल्लाका शाखाहरूले पनि गोष्ठी र विभिन्न कार्यक्रम गरे । संविधान घाटमा तेर्सिएको र जनप्रतिनिधित्व विहीन आजको अवस्थामा चौथो अंग पत्रकारिताले नै जनताको हितमा आवाज उठाउने काम गरिरहेको छ भन्ने कुरामा शंका छैन । यसैबीच नेपली प्रेस जगतमा केही अनौठा प्रवृत्तिहरू देखिन थालेका छन् ।

ठूला आकारका दैनिकहरूले विदेशी लगानीको नाममा थालेको आपसी लडाइँ अहिले बिसाएजस्तो छ । तर यसले पाठकहरूलाई मिडियाबारे चेतना बढाउन सघाएको छ । नेपालको मिडियालाई आफ्नो मात्र खेलको मैदान ठान्ने केही नेपाली रूपर्ट मर्डकहरू जन्मेका छन् । ठूला आकारका दैनिकहरूको भीड अब चरमोत्कर्षमा पुगेर ओरालो लागेजस्तो छ । म्यागजिन पत्रकारिताको नयाँनयाँ शैली देखा परेको छ । कान्तिपुर दैनिक र काठमाडौं पोष्ट दैनिकका पूर्वसम्पादकले समय नामक साप्ताहिक प्रकाशन गर्ने घोषणा गरेको सातादिन बित्दानबित्दै कान्तिपुर प्रकाशनले नेपाल पाक्षिकलाई साप्ताहिकमा परिणत गरेर आफ्नै पूर्व सम्पादकलाई लोप्पा ख्वाउन खोजेको छ । त्यसले हिमालको साप्ताहिक हुने हल्लालाई पनि उछिनेको छ । मर्न लागे भनिएको साप्ताहिक पत्रकारितालाई दैनिक प्रकाशकहरूले नै व्युँताउन खोजेजस्तो छ ।

संचारलाई आमजनताको सेवामा लगाउनुको सट्टा मिडिया टाइकुनहरूको सेवामा लगाउन सक्रिय र बदनाम संचारमन्त्री जयप्रकाशले हिँजो मात्रै एउटा दैनिकमा लामो समाचार लेख (?) छपाएर आफ्नो कर्तुत लुकाउने र चोखिने कोसिस गरेका छन् ।

हिँजो पत्रकार महासंघले दोसल्ला ओढाएका पत्रकार, संपादकहरूको भूमिका अब इतिहास बनिसकेको छ । अब उनीहरू मूलधारमा छैनन् । भए पनि कुनै मिडिया हाउसको निगाहामा छन् । उहिले जस्तो प्रेसमा अब संपादकको महत्व रहेन । मिडिया मालिकहरूले अह्रौटेहरूलाई सम्पादक बनाउन थालेका छन् र नाम चलेका पत्रकारहरू मूलधारबाट पाखा परिसकेका छन् । यसको अर्को पाटो मिडिया मालिकहरू विज्ञापन एजेन्सीको मुखापेक्षी बन्दै गइरहेका छन् । जसले नेपाली बजारमा विदेशी मालसामानको ओइरो बढिरहेको छ । सारमा, मिडिया अब देश र जनताको सेवा गर्ने साधन नभएर पैसा कमाउने, राजनीतिक दवाव सिर्जना गरेर आफ्नो दुनो सोझ्याउने औजार बन्दैछ । यसको लागि मिडिया मालिकहरूलाई कारिन्दा पत्रकारहरूको भीड चाहिएको छ ।

२०६० चैत, अप्रिल, २००४

# नयाँ वर्षमा मिडियालाई हाँक

नयाँ वर्षको आगमनसँगै नेपालको राजनीतिमा युगान्तकारी परिवर्तनको सम्भावनाबारे स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा चर्चा परिचर्चा हुन थालेको छ । विगत आठ वर्षमा व्याप्त हिंसा र आतंकमात्रै होइन १२ वर्षको प्रजातान्त्रिक कालका बारेमा फैलिएका धेरै भ्रमहरू अब स्पष्ट हुँदैछन् । जनआन्दोलनबारे बौद्धिक तथा राजनीतिकस्तरमा मात्र सीमित विश्लेषण, खोजीनीति र चर्चा अब जनस्तरमा पुगेको छ ।

२०६० साल निश्चय नै मानवअधिकार र प्रजतन्त्रको दृष्टिले सबैभन्दा कहालीलाग्दो र निराशाजनक वर्ष थियो । तर हरेक बादलको वरिपरि चाँदीको धेरा हुन्छ भनेझैं जनअधिकार र प्रजातन्त्रको बारेमा चेतनाको स्तर बढाउने दृष्टिले गएको साल निक्कै उपलब्धिमूलक रह्यो । यसको लागि नेपाली आमसंचार जगतलाई बधाइ दिनैपर्छ ।

अहिले नेपालमा प्रतिनिधि सभाका सभामुखको कुर्सीमा तारानाथ रानाभाट छन् । उनीबाहेक अहिले कुनै पनि जनप्रतिनिधि मूलक संस्था र कुर्सीमा जनताले चुनेका कोही पनि व्यक्ति छैनन् । त्यसैले जनताको आवाज उठाउने, जनअधिकार र जनहितको पहरेदारी गर्ने र जनताको प्रतिनिधित्व गर्ने संस्थाको रूपमा मिडिया र नागरिक समाज नै देखिएको छ ।

वास्तवमा अहिले नेपालमा, खासगरी काठमाडौंमा, प्रजातन्त्र छ भन्ने आभास विहानैदेखि झण्डै मध्यरातसम्म एक घण्टा नबिराइकन एफएम स्टेसनबाट प्रसारित हुने समाचार र अखबारका समाचारका लगभग ५० वटा बुलेटिन प्रसारण, छ वटा टेलिभिजन च्यानलहरूले प्रसारण गर्ने चालिस वटाजति समाचार बुलेटिनहरू, दश वटा ठूलाआकारका दैनिक अखबारहरू, दुई दर्जनजति नयाँ र पुराना साप्ताहिक अखबार र म्यागजिनहरूले दिइरहेका छन् । वैधानिक रूपले निर्वाचित नभए पनि प्रेसले जनता र प्रजातन्त्रप्रति आफ्नो परम्परागत जिम्मेवारी कर्तब्य र धर्म पूरा गर्दै नेपालको पत्रकारिताको इतिहास बनाउँदै छ ।

गएको साता विभिन्न देशबाट शान्तिका लागि एक्यवद्धता टोलीले यहाँका राजनीतिक नेताहरू, बौद्धिक व्यक्तित्वहरू र युद्धरत पक्षहरूबीच विचार विमर्श गर्न आएको थियो । एउटा कार्यक्रममा नेपालका राजनीतिक विश्लेषक, बुद्धिजीवी र नेताहरूका कुरा सुनेपछि थाइल्याण्डबाट आएकी चालिदाको भनाइ थियो, “राजाप्रति हामीकहाँ यस्तो भावना छैन र यस्तो भाषा प्रयोग गर्दैनौं । मलाई अचम्म लाग्यो ।”

हुन पनि हो डेढ वर्ष पहिले नेपालको राजसंस्था र राजाबारे मिडियामा मात्रै होइन आम जनताको घरमा र सार्वजनिक कार्यक्रमहरूमा पनि जस्तो भाषा प्रयोग हुनेगर्थ्यो त्यसको अबशेष अब पंचायती पत्रकारहरूको अखबारहरूमा र सरकारी जगिरेहरूको घरभित्रमात्रै सीमित भएको छ ।

विगत डेढ वर्षभित्र राजनीतिक दलहरू र नागरिक समाजले जनताका खोसिएका अधिकार, सार्वभौमसत्ता, संवैधानिक राजतन्त्रको अर्थ, संविधानको विश्लेषण, डेढ वर्षको राजाको शासन, माओवादीहरूको जनताका प्रजातान्त्रिक अधिकारबारे धारणा र व्यवहार, प्रजातान्त्रिक दलहरूको भूमिका आदिबारे २०६० सालमा भएका छलफल चर्चा, खोज, विश्लेषण, समाचारलाई अखबार, रेडियो, टेलिभिजनजस्ता आमसंचार माध्यमहरूले व्यापक रूपमा फैलाए । फलस्वरूप जनताले आफ्नो अधिकार कसले खोस्यो र भविष्यमा कसले खोस्नसक्छ भन्ने कुरा बुझे । अहिले संवैधानिक राजनीतिक दलहरूले चलाएको आन्दोलनमा अचानक जनसमर्थन र सहभागिता बढनुको पछाडि मिडियाको यो भूमिकालाई जस दिनुपर्छ ।

अहिले पंचायती संस्कार बोकेका र पंचायती सरकारका खप्पीस मन्त्रीहरूको सरकारले मिडियालाई गाली गर्नुको पछाडि यही कारण लुकेको छ । उनीहरूले सक्ने भए मिडियाको घाँटी निमोठिसक्थे । तर यो संविधानको धुकधुकी बाकी रहँदासम्म र अन्तर्राष्ट्रिय समुदायमा प्रजातान्त्रिक देशको मुकुण्डो बाकी राख्नको लागि पनि मिडियालाई नियन्त्रण गर्न गहिरिएर सोच्नुपर्ने अवस्था छ । २०५८ साल जेठमा भएको दरबार काण्डपछि केही दिन केबुल टेलिभिजन रोक्दा जनता, खास गरी युवाहरू घरघरबाट निस्केको घटना पुरानो भइसकेको छैन । यसैले जनतालाई मिडियाबाट बंचित गर्दा उत्पन्न हुने जनआक्रोशको खतरा सरकारले थाम्न सक्ने छैन । तर विनाशको बेलामा बुद्धि हराउँछ भन्ने भनाइ नै छ ।

वैशाख २०६१, अप्रिल २००४

# अब संधैको लागि जनता मालिक

गएको शुक्रबार सरकारी सुरक्षाकर्मीहरूले आन्दोलनको रिपोर्टिंग गर्न गएका पत्रकारहरूलाई छानीछानी हमला गरेर अनि ७५ जना पत्रकारहरूलाई पक्रेर सरकारले अरिंगालको गोलामा हात हालेको छ । पत्रकारहरूमाथि भएको अमानवीय तथा सभ्य विश्वका लागि लज्जास्पद यो घटनाको विरोधमा अहिले देशभरका पत्रकारहरू आन्दोलनमा उत्रेका छन् । सूचनाको स्रोत समक्ष पत्रकारहरूको निर्वाध पहुँच, अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताको लागि पत्रकारहरू आन्दोलित भएका छन् । उनीहरूको आन्दोलन जनताको सार्वभौमसत्ताको पुनर्वहालीको आन्दोलनसँग गाँसिन पुगेको छ ।

जनता सार्वभौम नभई प्रजातन्त्र हुनसक्तैन । प्रजातन्त्र नभई प्रेस स्वतन्त्रता हुनसक्तैन । अनि स्वतन्त्र, आत्मनिर्भर तथा जिम्मेवार प्रेस बिना प्रजातन्त्र बाँच्नसक्तैन । विश्वको कुनै पनि मुलुकमा यो सार्वभौम सिद्धन्त लागू हुन्छ । प्रेस भनेको जनताको आँखा र कान दुबै हो । बितेको बाह्र वर्षे प्रजातान्त्रिक कालमा जनताका आँखा र कान दुबै निक्कै चनाखा भएको कुरा सबैले स्वीकारेको सत्य हो । अब कसैले जनताको आँखा र कान थुन्ने दुष्प्रयास गर्नसक्तैन । गर्छ भने त्यसको अन्त निश्चित हुन्छ ।

पत्रकारहरूले यो घटनालाई पत्रकारहरूमाथि भएको दुर्व्यवहारको रूपमा मात्र लिएनन् । यसलाई देशमा प्रेस स्वतन्त्रलाई हनन गर्ने षडयन्त्रको रूपमा लिएका छन् । संभवतः सरकारले यसलाई परीक्षणको रूपमा लिएको हुनसक्छ । तर पत्रकार महासंघको नेतृत्वमा सम्पूर्ण पत्रकारहरूले जुन एकता र जनताको सुसूचित हुने हकको बहालीको लागि जुधारूपन देखाएका छन् त्यो स्वयं नेपालको प्रेस स्वतन्त्रमा चौथो अंगको पहरेदारी र रखवारीको ग्यारेंटी हो । नेपालका प्रजातान्त्रिक भविष्यको लागि एउटा सुखद संकेत हो यो ।

प्रेसले अब राम्ररी बुझ्यो कि प्रजातन्त्रको भविष्य प्रेसको भविष्यसँग अभिन्न रूपमा गाँसिएको छ । अब प्रेसले वर्तमान राजनीतिक मंचका तीन शक्तिहरू, संविधान र प्रजातन्त्रका हिमायती राजनीतिक दल, राजा र माओवादी, मध्ये कसको उदयमा प्रेस र जनताको भलाई हुन्छ अनि कसको अवसानमा प्रेस र जनताले दुःख पाउँछ भन्ने कुरा राम्ररी थाहा पाएको छ । यसैले अब ती तीन शक्तिप्रति प्रेसको दृष्टिकोण पनि फेरिनु अवश्यंभावी देखिन्छ ।

प्रतिगमन विरुद्धको हालको आन्दोलन अब पाँच दलको आन्दोलनको रूपमा मात्र सीमित रहेन । बिस्तारै यसले जनआन्दोलनको रूप लिँदैछ । यो अब काठमाडौँमा मात्र सीमित पनि छैन । यही मेसोमा पत्रकार, कानुन व्यवसायी, डाक्टर, इन्जिनियर, अपांगलगायत विभिन्न पेशागत तथा जनवर्गीय संगठनहरूले यो आन्दोलनप्रति एक्यवद्धता जनाइसकेका छन् । आन्दोलनप्रति अन्य क्षेत्रको समर्थन र एक्यवद्धताको क्रम बढ्दो छ । तर सिनेमा कलाकार र खेलाडीहरूले आन्दोलनको खुलेर समर्थन गरेको देखिएको छैन । पंचायत कालमा शरदचन्द्र शाह र नीर शाहको छत्रछायामा हुर्केका सिने कलाकार र खेलाडीहरूको वर्चश्व अझै पनि त्यो क्षेत्रमा कायमै रहेको देखिन्छ ।

हिँजोसम्म मानवअधिकार र प्रजातन्त्रको फाँटलाई अलगअलग हो भनेर हेर्नेहरूको विचार अचानक फेरिएको छ । प्रजातन्त्र र मानवअधिकार एउटै सिक्काको दुई पाटा रहेछ भन्ने कुरा अझै स्पष्ट भएको छ । यसैले मानवअधिकारबादीहरूले पनि आन्दोलनप्रति एक्यवद्धता जनाउँदै सडकमा उत्रेर गिरफ्तारी दिएका छन् ।

यसका साथै अर्को महत्वपूर्ण पाठ पनि मानवअधिकार आन्दोलनले सिक्दैछ । मानवअधिकार आन्दोलनले जनताको दैनिक जीवनसँग सरोकार राख्ने आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका कुराहरूलाई ध्यान नदिएर केवल राजनीतिक अधिकारका कुरामा लागे भने पाएको राजनीतिक अधिकार पनि गुम्ने रहेछ । बाह्र वर्षपछि फेरि जनअधिकारकै लागि सडकमा उत्रनु पर्ने अवस्था आउनु यसको ज्वलन्त प्रमाण हो । राजनीतिक अधिकारलाई दिगो बनाउन आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको बहाली हुनुपर्दो रहेछ भन्ने कुरा स्पष्ट भएको छ ।

यो आन्दोलनको लक्ष विभिन्न राजनीतिक दल, पेशागत संगठन, बुद्धिजीवी तथा विभिन्न वर्ग र समुदायको लागि बेग्लाबेग्लै होला तर समग्रमा यो नेपाली जनताको हातमा फेरि सार्वभौमसत्ता सुम्पने आन्दोलन हो । यो सत्ता किन र कसरी जनताको हातबाट खोसियो भन्ने कुरा स्पष्ट भइसकेको हुनाले फेरि खोसिन नसकिने गरी सदासदाको लागि जनताको हातमा सुम्पनसके मात्रै यो आन्दोलन सार्थक र सफल हुनेछ ।

वैशाख २०६१, अप्रिल २००४

# नेपाली प्रेसको मूल धार

अर्को साता सोमवार विश्वका पत्रकारहरू विश्व प्रेस स्वतन्त्रता दिवस मनाइरहेको बेलामा नेपालका पत्रकारहरूले हातमा कालो धजा बाँधेर सडकमा र कार्यस्थलमा संघर्ष गररहेका हुनेछन् । किनकि पत्रकारहरूमाथि सरकारले गरेको निन्दनीय आक्रमण र हस्तक्षेपको लागि सरकारले माफी मागेको छैन । न त संचालमन्त्री नै हटाइएका छन् । वास्तवमा नेपाली प्रेसले यति महत्वपूर्ण भूमिका खेलेको, यति धेरै सक्रिय भएको, साथै यति धेरै दु:ख कष्ट दमन र पीडा भोग्नु परेको इतिहासमै पहिलो पटक हो । अनि यति धेरै स्वतन्त्र भएर लेखेको र बोलेको पनि पहिलो पटक नै हो ।

यो वर्षको विश्व प्रेस स्वतन्त्रता दिवसको आयोजक युनेस्कोले द्वन्द्को परिवेशमा मिडिया र परिवर्तनको संघारमा उभिएका राष्ट्रहरूलाई यो वर्षको विषयको केन्द्रविन्दु बनाएको छ । तर नेपाल यसभित्र परेको छैन । नेपालको द्वन्द्वबारे संयुक्त राष्ट्र संघको एउटा महत्वपूर्ण अंग युनेस्कोलाई थाहा नहुनु सम्भव कुरा होइन । यो वर्षको युनेस्को गुलेरमो कानो वर्ल्ड प्रेस फ्रिडम प्राइज क्युबाका कारागारबासी पत्रकार तथा कवि राउल रिभेरो कास्टानेडालाई दिइनुमा द्वन्द्वको क्षेत्रमा उल्लेखनीय काम गर्ने पत्रकारलाई भन्दा पनि अमेरिकाको शत्रु क्युबालाई बदनाम गर्ने र अमेरिकालाई खुशी पार्ने नियत झल्कन्छ ।

नेपालमा पत्रकारहरू विविध प्रकारको द्वन्द्व तथा दमनको चेपुवामा परेका छन् । गृहयुद्धको कारणले सरकार र विद्रोही दुबैपक्षको शंका र आवेशको शिकार भएर पत्रकारहरूले ज्यान गुमाएका छन्, दु:खकष्ट पाएका छन् र बेपत्ता परिएका छन् । अर्कोतिर नेपालमा संसद र जनप्रतिनिधिहरूको अस्तित्व समाप्त पारिएको हुँदा प्रेसले नै विपक्षको भूमिका खेल्नु परेको छ । यसबाट पनि प्रेसमाथि सरकारको रिस झन खनिएको छ । अनि अहिले आएर संसदवादी राजनीतिक दलहरूको आन्दोलनमा एक्यवद्धता जनाउँदा प्रहरीको प्रहारको निसाना बन्नु परेको छ । तैपनि नेपाली प्रेस दरो र खरो भएर कर्तव्यको बाटोमा डटेर अघि बढिरहेको छ । नेपाली प्रेसले अभूतपूर्व इतिहास बनाउँदैछ । युनेस्कोको दृष्टि यता नपर्नु दु:खको कुरा हो ।

पश्चिमी देशहरूमा प्रेसको भूमिका सक्रिय विपक्षको रूपमा रहेन जबकि नेपालजस्ता विकासशील देशहरूमा प्रेसको जन्म नै स्थापित निरंकूश सत्ताको विरोधको लागि भयो । नेपाली प्रेसको यो भूमिका नेपालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापना पछि पनि कायमै रह्यो । यही भूमिकाको कारणले गर्दा अहिले चलिरहेको द्वन्द्वका तीन पक्षहरूमध्ये कुन पक्ष स्वतन्त्र प्रेसको पक्षधर हो र कुन पक्ष स्वतन्त्र प्रेसको बाधक हो भन्ने कुरा बुझ्न नेपाली प्रेसलाई गाह्रो भएन । परिणाम स्वरूप आज नेपाली प्रेस बहुलबादी प्रजातन्त्रको पक्षमा दरोसँग उभिएको छ र यसैको सफलतामा प्रेसको सफलता र उज्ज्वल भविष्य निहित छ भन्ने कुरा प्रेसले राम्ररी बुझेको छ ।

यसैले नेपाली प्रेस द्वन्द्वरत पक्षहरूको बीचमा निष्पक्ष रहेर वस्तुगत रिपोर्टिंग गर्ने पश्चिमा मान्यताको पत्रकारिताको धर्ममा सीमित भएर बस्न सकेन । देशको समस्याप्रति निष्पक्ष दर्शक वा विवेचकको भूमिका खेल्नुभन्दा पनि प्रजातन्त्रको रक्षा र जनताको हितको लागि प्रेसले आफ्नो जिम्मेवारी पूरा गर्न अघि सरेको छ । यो नै नेपाली प्रेसको मूल धार हो ।

वैशाख २०६१, अप्रिल २००४

# मासु पसले र मिडिया पसले

हाम्रो छिमेकमा एक जना मधेसीले खसीको मासु बेच्न थालेको थियो । मधेसका लामालामा कान, अग्ला खुट्टा र चिल्लो जिऊ भएका रहरलाग्दा खसीको मासु खान पाएकोमा ग्राहकहरू खुशी नै थिए । तर त्यो खुशी धेरै दिन टिक्न पाएन । एक दिन सबेरै मासुको व्यापारमा एकाधिकार जमाएको, तर विभिन्न खालको प्रदूषित मासु बेच्न बदनाम भएको, एक जना स्थानीय मासुपसले आएर मधेसीको मासुपसलमा तोडफोड गर्‍यो । मासु जोख्ने काठको डंडी भएको कांटा भाँचेर फालिदियो र पसलेलाई कुटेर पसल बन्द गर्न कबुल्याएर छाड्यो । उसलाई घर बहालमा दिने घरपेटीलाई पनि धम्क्याएर निकाल्न लगायो । स्थानीय मासु पसलेको जिल्लाका प्रशासकहरूसँग उठबस थियो । त्यसैले त्यो घटना त्यत्तिकै सेलायो । धेरै वर्षअघि, पंचायती व्यवस्थाको जगजगी भएको बेलामा पाल्पा तानसेनमा भएको घटना हो यो ।

गएको शुक्रबार साँझ प्रहरीले काठमाडौं उपत्यकाका छ वटा केबुल टेलिभिजन कम्पनीहरूमा छापामारी केबुल टेलिभिजन कार्यक्रम प्रसार गर्ने उपकरणका तारहरू काटेर उपकरणहरू लिएर गएपछि ती कम्पनीका सेवाहरू बन्द भए । त्यही दिन बिहान कान्तिपुर दैनिकमा आधा पेजको रंगिन र भडकिलो विज्ञापन छापिएको थियो । विज्ञापनमा एचबीओ र सिनेम्याक्स नामक सनसनीपूर्ण र सेक्सी फिल्म देखाउने अमेरिकी च्यानलहरू प्रदर्शन गर्ने अधिकार उपत्यका र अधिराज्यका प्रमुख शहरका केबुल कम्पनीहरूले पाएको विज्ञापन सहित ती कम्पनीहरूको नाम छापिएको थियो । प्रहरीले तोडफोड गरिएका केबुल कम्पनीहरूको नाम सुरुमै थिए । काठमाडौंमा लोकप्रिय ती च्यानलहरू स्पेस टाइम नेटवर्क नामक केबुल कम्पनीले केही समयअघि सम्म देखाउने गरेको थियो र हाल देखाउन छाडेको थियो ।

नेपालको निजी क्षेत्रको पहिलो टीभी प्रसारण, च्यानल नेपाल स्पेस टाइम नेटवर्ककै प्रसारण हो । त्यसले दैनिक अखबार पनि चलाउँछ । स्पेस टाइमले भारतीय र अरू देशका च्यानल गरी थुप्रै च्यानलहरू प्रसार गर्छ तर सरकार संचालित नेपाल टेलिभिजन र मेट्रो च्यानलबाहेक त्यसले नेपालका निजी क्षेत्रका च्यानलहरू, कान्तिपुर टेलिभिजन र इमेज च्यानल, प्रसार गर्दैन । ती दुबै च्यानल भूसतही प्रसारण भएको हुनाले डिस्क एन्टेना राखेर हेर्न मिल्दैन । काठमाडौंमात्र होइन नेपालका शहरी क्षेत्रमा पनि स्पेस टाइम नेटवर्ककै धेरै ग्राहक छन् । सामान्य परिस्थितिमा स्पेस टाइम नेटवर्कका उपत्यकाभित्रका ग्राहकहरूले कान्तिपुर टेलिभिजन र इमेज च्यानल हेर्नसक्तैनन् । कान्तिपुर टेलिभिजनका कार्यक्रम स्पेस टाइम नेटवर्कले प्रसारण गर्न अस्वीकार गरेपछि कान्तिपुर टेलिभिजनले अरू केबुल कम्पनीहरूलाई अगाडि बढाउने प्रयास गर्‍यो । नेपालमा केबुल कम्पनीहरूको बीच तीव्र द्वन्द्व त्यसपछि चर्केको हो । त्यसमाथि सुबिसु केबुल नेटवर्कले केबुलका ग्राहकहरूलाई इन्टरनेट हेर्ने सुविधा दिने घोषणा गरेपछि यो द्वन्द्व झन चर्क्यो ।

निजी क्षेत्रमा सबैभन्दा ठूलो लगानी भएको कान्तिपुर टेलिभिजन उपत्यकामा कि त केबुल नेटबाट कि स्याटेलाइटबाट घरघरमा नपुगी बाँच्नसक्ने अवस्था छैन । यसैले च्यानल नेपालजस्तै कान्तिपुर पनि स्याटेलाइटबाट प्रसारण गर्ने तयारीमा छ । तर त्यसका लागि कान्तिपुरले लाइसेन्स पाइसकेको छैन ।

नेपालमा चलिरहेको केबुल युद्धको यो परिदृश्य बाहिरबाट हेर्दा यस्तो देखिए पनि भित्रभित्र यसको जालो र जरा निकै जटिल छ । राजनीतिक खेल, कर्मचारीतन्त्र, कमिसन तन्त्र, विज्ञापनको लागि तानातान, विदेशी च्यानलका लागि प्रतिस्पर्धा, आर्थिक घोटाला आदि अनेक रूपमा यो जेलिएको छ । राजस्व चुहावटको नाममा प्रहरीले गरेको यो हस्तक्षेप केबुल युद्धको एउटा सानो पाटो मात्रै हो ।

केबुलहरूमाथि कारवाही गर्ने नाममा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकमा तगारो नलागोस् भन्ने कुरामा संचार जगत सचेत हुनैपर्छ । नेपाल पत्रकार महासंघले प्रहरी हस्तक्षेपको विरोध र स्वतन्त्र छानबीनको माग गरेर समयोचित कदम चालेको छ । तर मूल समस्या केबुल कम्पनी वा राजस्व चुहावट होइन । केबुल कम्पनीहरूको बारेमा स्पष्ट नीतिको अभाव, आमसंचार माध्यमहरूलाई जनहितमा संचालन गर्ने सरकारको भिजनको अभाव, ऐन कानुनको अपर्याप्तता, विद्यमान काननुनहरूको अस्पष्टता र तिनलाई लागू गर्ने निकायको अस्पष्टता साथै केबुल कम्पनी र प्रशासनको अपवित्र गठवन्धनले गर्दा हाल यो समस्या देखिएको छ । यसको लागि दीर्घकालीन सोच र नीतिको अवश्यकता छ ।

साउन २०६१, जुलाई २००४

# क्यामराले समेट्न नसकेको इतिहास

हल तालीले गुंजिएको सुनेर क्यामेराम्यानहरू जुर्मुराए । तर उनीहरूले एउटा ऐतिहासिक र महत्वपूर्ण अवसर गुमाइसकेका थिए । विचार गोष्ठीको गतिविधि टेलिभिजन क्यामेरामा रिकर्ड गर्न आएका नेपालका पाँच वटा टीभी च्यानलका क्यामेराहरू र अरू एकदुई वटा गरी सात वटाजति क्यामेराहरू हलमा थिए । तर क्यामराम्यानहरू कहिले मूल पाहुना नेकपा एमालेका महासचिव माधवकुमार नेपाल वा राप्रपाका अध्यक्ष पशुपति शमशेर राणाको बोल्ने पालो आउला भनेर पर्खेर बसेका वा कोही निदाएका थिए शायद । क्यामराहरू स्टचाण्डमा थिए । क्यामेराहरू चलेको संकेत दिने रातो बत्ती कुनैमा पनि बलेको थिएन ।

मानवअधिकारबादी नेता कृष्ण पहाडीलाई क्यामेरा र टेपरेकर्डहरू बन्द भएको मौका छोपेर राजतन्त्रबारे बोल्ने आवश्यकता थिएन । तैपनि संयोग यस्तै भयो । अचानक उनले बोलेको वाक्य सुनेर पूरै हल तालीले गुंजियो । क्यामेराम्यानहरू सक्रिय भए । तर मौका खुस्किइसकेको थियो । उनले राप्रपा अध्यक्ष पशुपति शमशेर राणालाई देखाउँदै भनेका थिए । सात सालको परिवर्तनले नेपालमा श्री ३ को आवश्यकता देखेन र अहिले श्री ३ मोहन शमशेरका नाती यहीँ मंचमा हुनुहुन्छ । अहिलेको नेपालमा प्रजातन्त्र र जनताको लागि यदि श्री ५ को आवश्यता छैन भने हामी त्यसको लागि पनि तयार हुनुपर्छ ।

सार्वजनिक कार्यक्रमको रिपोर्टिंग गर्न आउने क्यामराम्यानहरूको गतिविधि हेर्दा नेपालका टीभी क्यामराम्यानहरूलाई पत्रकार हुन कि होइनन् भन्ने शंका लाग्छ । उनीहरू हलमा पसेपछि सबैभन्दा पहिले व्यानरको भिडियो खिच्छन् । त्यसपछि क्रमश: उनीहरूको क्यामरा मंचमा विराजमान पाहुनाहरू, पोडियममा उभिएर बोलिरहेको वक्ता, अधिल्लो पंक्तिमा बसेका दर्शक तथा श्रोताहरू अनि भीडतिर फोकस हुन्छ । कुन वक्ताको खिच्ने, कुनको धेरैबेर खिच्ने कुनको थोरै बेर खिच्ने भन्ने सामान्य परम्परा जस्तै हुन्छ । उनीहरूले पनि सरकारी मिडियाले पालन गर्ने गरेकै मर्यादाक्रम पालन गरेजस्तो देखिन्छ । समाचारीय महत्वको उनीहरूलाई सरोकार नै भएको देखिँदैन । वक्ताले बोलेको कुराप्रति क्यामराम्यानहरूको शायदै ध्यान जान्छ । शायद बोलेको कुरा टिप्ने अर्थात् न्युज क्यारी गर्ने काम कलम कापी लिने पत्रकारको हो भन्ने ठान्छन् उनीहरू ।

अनि, जब मूल पाहुना, खास गरी राजनीतिक दलका नेताहरूको बोल्ने पालो आउँछ तब छसात वटा क्यामराहरूले पोडियमलाई छोप्छन् । हलका दर्शकहरूले वक्ताको अनुहार देख्न पनि सक्तैनन् । व्यक्ति विशेषको महत्वको हिसाबले यो कुरा ठिकै होला । तर उनीहरूले यो क्लोजअप खिच्ने काम पनि एकअर्कासँग प्रतिस्पर्धा गर्ने बाहेक अरू केही होइन किनकि महत्वपूर्ण कुरा बोल्ने बेलामा ती क्यामेराहरू परपर वा हल बाहिर गइसकेका हुनसक्छन् ।

गएको शनिवार मानवअधिकारवादी योद्धा प्रकाश काफ्लेको सम्झनामा राष्ट्रिय सभा गृहमा भएको कार्यक्रममा यस्तै भयो । मूल पाहुनाले देशको जल्दोबल्दो समस्याबारे बोल्न थाल्दा प्राय: सबैजसो टीभी क्यामराम्यानहरू बाहिर गइसकेका थिए । मानवअधिकार आयोगका सदस्य सुशील प्याकुर्यालले सुरक्षा निकायको भूमिकाबारे खरो टिप्पणी गर्दा पनि कुनै क्यामेरा सक्रिय भएनन् ।

सडकमा ढुंगा हानेको, प्रहरीले लाठी चार्ज गरेको घटना खिच्न टीभी क्यामराम्यानहरूले जुन ख्याति कमाए त्यो ख्याति वक्ताले बोलेको कुराको महत्वको आधारमा खिच्ने कुरामा नेपाली टीभी पत्रकारहरूले कमाउन सकेको देखिँदैन । नेपालका टीभी च्यानलहरू मनोरंजनको लागि भन्दा पनि समाचार र घटनाको लागि नेपाली दर्शकहरूले हेर्छन् भन्ने कुरा स्थापित भइसकेको छ । मनोरंजनका लागि त भारतीय च्यानलहरू नै लोकप्रिय छन् । यसैले नेपाली टीभी च्यानलहरूले न्युज र करेण्ट एफिएरमा बढी ध्यान दिएका हुन् । यो कुरालाई टीभी पत्रकार, क्यामराम्यानहरूले विशेष ध्यान दिएनन् भने उनीहरूको कार्यक्रमको लोकप्रियता घट्नु स्वाभाविक छ ।

समाचार संप्रेषणमा अखबार र रेडियोको दाँजोमा टेलिभिजनको बेग्लै र प्रभावकारी भूमिका हुन्छ । अझै, हाम्रोजस्तो अल्पशिक्षित र अल्पसाक्षर समाजमा त टेलिभिजन भनेको आँखा, कान, दिमाग सबै हो । यतातिर नवोदित च्यानलहरूको ध्यान गएन भने हाम्रो जीवन्त इतिहास चलचित्रमा सुरक्षित हुनबाट बंचित हुनेछ र यो खती सानोतिनो खती होइन आजको सूचना प्रविधिको युगमा ।

साउन २०६१, अगस्ट २००४

# कलमको जवाफ कलमले नै दिनुपर्छ गोलीले होइन

आधुनिक युगमा मानिसले बारुदको गन्ध सुँघेर वा बमको आवाज सुनेर निर्णय गर्दैन । शक्तिको स्रोत बन्दुकको नाल होइन जनताको मत हो । जनमतको निर्माण सूचना र ज्ञानले गर्छ । जनतालाई सही सूचना र ज्ञान दिएर सही निर्णय गर्न सघाउने काम प्रेसले गर्छ । यसैले प्रेसबिनाको आधुनिक मानव समाजको कल्पना पनि गर्न सकिँदैन ।

माओवादीले पत्रकार डिकेन्द्रराज थापाको हत्या र थप पत्रकारहरूलाई मार्ने धम्की दिएपछि नेपाली प्रेस माओवादीप्रति आफ्नो धारणामाथि पुनर्विचार गर्ने चौबाटोमा उभिन वाध्य भएको छ । राज्य र विद्रोही पक्षप्रति समदृष्टि, समदूरी र सन्तुलन कायम गर्ने प्रयासमा नेपाली प्रेसले आत्महत्याको बाटो त समातेको छैन भन्ने प्रश्न उठ्न थालेको छ । निष्पक्षता, वस्तुनिष्ठता, सत्यता, सन्तुलन तथा उत्तरदायित्वजस्ता प्रेसका मूल सिद्धान्त पालन गर्ने मेसोमा नेपाली प्रेसले हत्या, हिंसा र आतंकलाई अनावश्यक रूपले प्रचार र गौरवान्वित गर्ने गल्ती त गरेन भन्ने सवाल बारम्बार उठ्न थालेको छ । कतिपय पत्रकारहरू त माओवादीबाट उपयोग त गरिएनौँ भन्ने हदसम्मको प्रश्न गर्न थालेका छन् । हालको घटनाले नेपाली प्रेस माओवादीप्रति अनुदार बन्ने सम्भावना बढेको छ ।

प्रेसको धर्म नै समदृष्टि, समव्यवहार, समदूरी हो । पूर्वाग्रह र पक्षधरता प्रेसको लागि विष नै हो । यसैले समाचारको कुनै पनि पक्ष प्रेसप्रति जतिसुकै हिंसक र अनुदार भए पनि सिद्धान्ततः प्रेस स्वयं कसैप्रति पूर्वाग्रही वा अनुदार बन्न मिल्दैन । तर प्रेसले आफ्नो धर्म वा कर्तव्यको पालना तबसम्म मात्र गर्नसक्छ जबसम्म त्यसको अस्तित्व संकटमा पर्दैन । प्रेसले आफ्नै विनाश हुने गरी आफ्नो धर्मको पालना गर्नसक्तैन ।

केवल सामन्त र अधिनायकवादीहरू आफ्नो स्तुतिगान मात्र सुन्न चाहन्छन् । आलोचना गर्नेहरूलाई उनीहरू देखी सहँदैनन् । आलोचना औषधी हो, सुध्रने अवसर हो भन्ने कुरा उनीहरू बिर्सन्छन् । अन्ततोगत्वा अलोचना सुन्न नचाहनेहरूको पतन अवश्य हुन्छ । नयाँ सत्ताका हिमायतीहरूमा आलोचना सुन्न नसक्ने प्रवृत्ति बढेको हो कि अथवा उनीहरूको मनमा नेपाली प्रेस प्रतिक्रियावादी सत्ताको हिमायती वा प्रतिनिधि हो भन्ने कुराले जरा गाडेको हो ? अथवा उनीहरूको सत्तामा स्वतन्त्र प्रेस नामको कुनै बस्तु नै हुँदैन किनकि स्वतन्त्र प्रेस पुँजीवादी समाजको उपज हो भन्ने धारणाको प्रकटीकरण हो ? अथवा अहिले उत्पन्न भएको स्थिति उनीहरूले भन्ने गरेको जनयुद्धको दौरानमा उब्जेको क्षणिक अवस्था हो ?

अहिले नेपाली प्रेसमा छाएको आतंकको पछाडिको मूल सवाल यही हो । स्वतन्त्र प्रेसको आवश्यकताबारे माओवादीहरूको धारणा र व्यवहार स्पष्ट हुनुपर्ने बेला आइसकेको छ । दुबै पक्षले एकअर्काप्रतिको भ्रम हटाउनै पर्छ र आआफ्नो काम र धारणाबारे स्पष्ट हुनैपर्छ ।

भदौ २०६१, अगस्ट २००४

# कान र आँखाबीच कति फरक ?

पैसाको लागि लडाइँको मैदानमा लडन र मर्न आफ्ना छोरा पठाउने नेपालको पुरानै चलन हो । लडाइँमा मारिएका छोराको पेन्सन थापेर विधवा र आमाबाको गुजारा हुथ्यो । लडाइँमा अपांग हुनेहरूको पनि पेन्सनबाट गुजारा चल्थ्यो । सेनामा भर्ती हुने इजाजत केही निश्चित जातका मानिसहरूले मात्रै पाएका थिए । अहिले पनि ती जातको परिवारमा छोरा जन्मेपछि गाउँका साहुले पत्याएर रिन दिन थाल्छ । सैकडौं वर्षको सामन्ती शोषणको बाध्यतावश हुर्केको यो परम्पराले अहिले रूप फेरेको छ ।

गएको बुधबारभन्दा पहिले पनि दिनदिनै दर्जनौं नेपालीहरू क्रूरतापूर्वक मारिन्थे । मौलामा राँगो काटेभैँ रुखमा र भलिबलको खाँबोमा शिक्षक र पत्रकारहरू मारिएका थिए । कतिपयलाई एकै चोटी नमारेर खुट्टा, हात, आदि एकएक अंग भाँच्दै मारिएको, कतिलाई खुकुरीले छप्काएर मार्नुको विकल्पमा गोलीको पैसा असुलेर दया गरेर मारेका, कसैलाई आफूलाई पुर्ने खाल्टो आफै खन्न लगाएर पुरेर मारेको यस्ता क्रूरताका अनगिन्ती घटनाहरू नेपालमा नघटेका होइनन् । तर इराकमा १२ जना नेपालीलाई मार्दा किन जनता यसरी आक्रोशित भए ?

कान र आँखाबीच एक बित्ताको पनि फरक छैन तर तिनले गर्ने काम र मानिसको दिमागमा तिनले पार्ने प्रभावको यति धेरै फरक छ कि कल्पना पनि गर्न सकिँदैन । उहिले गाइनेहरूले गाउँगाउँ घुमेर युद्धको लागि तन्नेरीहरू चाहिएको, भर्ती खुलेको सन्देश दिन्थे । छोरा मरेको सन्देश धागो बाँधेको चिठी आएपछि थाहा हुन्थ्यो । बाबु र विधवाले काजक्रिया गरेपछि गोरखपुर छाउनी पुग्थे र रहलपहल बुझेर आउँथे ।

उहिले टेलिभिजन, भिडियो वा इन्टरनेट थिएन । सबै कामकुरा कानको भरमा चल्थ्यो । इराकमा मारिएका नेपालीहरूको समाचार रेडियोबाट मात्रै आएको भए निश्चय पनि नेपालीहरू यति धेरै आक्रोशित हुने थिएनन् । टेलिभिजनले आतंकबादीहरूको दुष्कर्मलाई आँखामा देखाइदिएर उनीहरूलाई आतंक, त्रास र भय फैलाउन अप्रत्यक्ष रूपमा सघाएको छ । अरबी टेलिभिजन अलजजिराले यो काम जानीजानी वा उद्देश्य लिएरै गरेको आरोप लागेको छ भने कतिपय टेलिभिजनले अनजानमा, दर्शकलाई सुसूचित गर्ने होड र लोभमा यो काम उत्साहपूर्वक गरिरहेका छन् । कम्प्युटरको की थिच्नेबित्तिकै हेर्नसकिने विश्वव्यापी बिहेदेखि बमसम्मको जानकारी दिने इन्टरनेटमा समेत डर, त्रास र आतंक फैलाउने उद्देश्यले नै नेपालीहरूलाई पाशविक तरिकाले मारेको दृश्य भिडियो क्लिपिंग राखिनु निश्चय पनि आधुनिक सूचना प्रविधिको दुरूपयोग हो । यसलाई सुसूचित हुने अधिकार वा अभिव्यक्ति स्वतन्त्रता वा प्रेस स्वतन्त्रताको मुकुण्डो भिराउन सकिँदैन ।

सूचना प्रविधिको युगमा सूचना र संचारका माध्यमहरू दिनदिनै शक्तिशाली बन्दै गइरहेका छन् । शक्तिको साधन शारीरिक बल, ढुंगामुढा, हातहतियार, रूपैयाँ पैसा हुँदै अहिले सूचना र ज्ञानमा आइपुगेको छ । मिडिया शक्तिको विकास सँगै यसको दुरूपयोग पनि बढिरहेको छ । कतिपयले यसलाई मिडिया आतंकको नाम पनि दिएका छन् । "बोल्नेको पिठो बिक्छ । नबोल्नेको चामल पनि बिक्दैन ।" भन्ने नेपाली उखान अहिले संचारको युगमा आएर अझै यर्थार्थ बन्दै गएको छ । अबको शक्तिशाली भनेको त्यो हो जसले संचारलाई आफ्नो मुठ्ठीमा राख्नसक्छ ।

पश्चिमी मिडियाको सिको गर्दै नेपाली मिडियाले पनि आतंककारी संगठनहरूलाई धार्मिक उद्गमको लुगा लाइदिने काम मिडियाबाट नभएको होइन । हाम्रा मिडियाले पश्चिमा मिडियालाई आदर्श र गुरु मान्दासम्म यो चलन तोडन् गाह्रो छ । भीडको रिस मस्जिदमाथि पोखिनुमा यो एउटा कारण हुनसक्छ । यो घटना नेपालका धार्मिक तथा जातीय सहिष्णुता, मेलमिलाप र सहअस्तित्वको परम्पराको बिलकुलै उल्टो हो ।

जहाँसम्म मिडिया हाउसहरूमाथिको आक्रमणको सवाल छ त्यसलाई कतिपय राजनीतिक नेताहरूले प्रजातन्त्र मास्ने षडयन्त्र भनेका छन् । कतिपयले गोहीको आँसु पनि झारेका छन् भने कतिपयले धमिलो पानीमा माछा मार्ने अवसरको रूपमा पनि उपयोग गरेका छन् । तर मूल कारण त भदौ २० गतेको कान्तिपुर दैनिकमा एउटा छापिएको कार्टुनमा "टेलिभिजनमा १२ नेपालीको हत्या" को समाचार हेरिरहेको परिवारको छोराले "लौ खा" भन्दै टेलिभिन फुटाएको दृश्यले स्पष्ट पारेकै छ ।

भदौ २०६१, सेप्टम्बर २००४

# प्रेस स्वतन्त्रता र बन्द उद्योग कसको हितमा ?

मिडिया फस्टाउनका लागि प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्ने प्रजातान्त्रिक व्यवस्था र विज्ञापन दिनसक्ने उद्योग व्यवसाय र बजारको विकासको खाँचो हुन्छ । विश्वीकरण, उदारीकरण र निजीकरणले जन्माएको व्यापारीकरणले गर्दा विश्वव्यापी रूपमा मिडिया नाफामुखी बन्दै गइरहेको सर्वविदितै छ । विज्ञापन भएन भने अहिले फस्टाएको मूलधारको मिडिया दिगो हुनसक्तैन ।

माओवादीले नेपालका ठूला उद्योगहरू बन्द गरिदिएपछि ती उद्योगले नेपाली मिडिया, खास गरी टेलिभिजनलाई दिने विज्ञापन सुक्छ । आम्दानीको मूल नै सुकेपछि मिडिया कसरी बाँच्नसक्ला ? यसैले उद्योग धन्दा बन्द गर्नु भनेको मजदुरको मुख, उद्योगी व्यापारीको थैली, सरकारको राजस्व बन्द गर्नु मात्रै होइन मिडियाको मुख थुन्नु पनि हो ।

मिडियाको मुख थुनिएपछि सरकार निरंकूश हुन्छ र प्रजातन्त्र तुहिन्छ । यसैले उद्योग बन्दको प्रभाव बहुआयामिक हुन्छ । यसले विज्ञापनमार्फत मिडियालाई धराशायी बनाउनसक्छ । नेपालमा पनि यो खतरा देखिइसकेको छ किनकि बन्द उद्योगहरू नेपाली मिडियामा विज्ञापन दिने मुख्य उद्योग हुन् ।

उद्योग बन्द भएपछि विज्ञापन व्यवसायीहरूको भेलाले आफ्नो व्यवसायमा गम्भीर खतरा आएको जनाएको थियो । तर यसले मिडियामा पार्ने प्रभावबारे उल्लेख गरेको देखिएन । स्वयं मिडिया हाउसहरूले पनि यतातिर ध्यान दिएको वा चिन्ता गरेको देखिएको छैन ।

माओवादीले प्रेस स्वतन्त्रताको ग्यारेन्टी गर्ने पत्र नेपाल पत्रकार महासंघलाई पठाएर पत्रकारहरूमाथि उर्लेको खतराको बाढी मत्थर भएजस्तो देखिएको छ । तर प्रेस स्वतन्त्रताको खुराक विज्ञापनलाई बन्द गरेर मिडियाको मुख थुन्ने गम्भीर अप्रत्यक्ष प्रयास गरेको देखिँदैछ ।

अहिले पनि जिल्लाबाट विस्थापित पत्रकारहरू जिल्लामा फर्कन तयार छैनन् । सफाया अर्थात् मृत्युको भयले कतिपय पत्रकारहरू काम गर्नसक्ने अवस्थामा छैनन् । पत्रकारहरूलाई निर्भय बनाउन र उनीहरूलाई कुनै क्षति भएमा त्यसको पूर्ति गर्न मिडिया मालिकहरूले जुन खालका उपायहरू गर्नु पर्ने थियो त्यो गरेको देखिएन । अधिकांश पत्रकारहरू स्टिंगरको रूपमा कार्यरत छन् । स्वास्थ्य, दुर्घटना र जीवन विमा गरिएका पत्रकारहरूको संख्या नगन्य छ । जसको समाचारको आधारमा मिडिया हाउसहरू चलेका छन् तिनै पत्रकारहरूको सुरक्षा र काम गर्ने वातावरण प्रति बेवास्ता गर्नाले त्यसको प्रभाव अब विज्ञापनबाट हुने आम्दानीमा पर्न थालेको छ ।

अर्कोतिर विज्ञापन व्यवसायीहरू मार्फत उद्योगीहरूले मिडिया हाउसहरूलाई प्रेसको व्यावसायिक धर्ममाथि प्रभाव पार्ने खालको दबाव दिन थालेको चर्चा सुनिन थालेको छ । नेपालमा विज्ञापनले सम्पादकीय स्वतन्त्रलाई हनन गर्न थालेको धेरै वर्ष भइसकेको छ । अहिले आएर माओवादीसम्बन्धी समाचार सामग्रीहरूको सम्बन्धमा प्रेसको सम्पादकीय स्वतन्त्रता हनन हुने परिस्थिति आएको बुझिन्छ । स्वतन्त्र प्रेसको लागि मात्र होइन शान्ति स्थापनाको लागि पनि योभन्दा ठूलो विडम्बना अरू केही हुनसक्तैन । यदि प्रेस स्वतन्त्रताको वास्तवमै र व्यवहारमै प्रत्याभूति गर्ने हो भने मिडियालाई आर्थिक रूपले आत्मनिर्भर र स्वतन्त्र हुन दिनुपर्छ ।

माओवादीले स्थापित सत्तामाथि सिर्जना गर्न थालेको चौतर्फी दवाब कतै मजदुरको अहित त कतै प्रेस स्वतन्त्रताको हननको रूपमा प्रत्युत्पादक साबित भइरहेको छ ।

भदौ २०६१, सेप्टम्बर २००४

# सुनामी : सूचना र संचार प्रविधिको लागि कलंक

भारतको पूर्वी समुद्र तटीय राज्य पोण्डेचेरीको एउटा गाउँ नाल्लवधुमा पनि सुनामी महाभूकम्पले उत्पन्न गरेको समुद्री छालको पानी पस्यो तर त्यहाँ कसैको पनि मृत्यु भएन । गाउँलेहरू सबै जना घर छाडेर सुरक्षित ठाउँमा गइसकेका थिए । यसको श्रेय त्यही गाउँका विजयकुमारले पाएका छन् । केही समयअघि उनले गाउँको सूचना व्यवस्था गर्ने स्वयंसेवीको तालिम लिएका थिए । हाल उनी सिंगापुरमा काम गर्छन् । सुनामीको छाल सिंगापुरसम्म आइपुगेपछि, अनि त्यो छाल भारततिर बढ्दैछ भन्ने थाहा पाएपछि उनले फोन गरेर आफ्नो गाउँलेहरूलाई सतर्क गराए । समुद्रको किनारामा छाप्राहरूमा बस्नेहरू तुरुन्तै त्यहाँबाट सरे र सुरक्षित ठाउँतिर लागे । जसले गर्दा त्यो गाउँका कोही पनि त्यो दुर्घटनामा परेनन्, जब कि त्यो दुर्घटनामा पोण्डेचरी राज्यमा मात्रै चार सय जनाको ज्यान गैसकेको खबर छ ।

सुनामी महाभूकम्पबाट सबैभन्दा धेरै नोक्सान श्रीलंकामा भएको छ । भारतमा पनि हजारौं मानिस र सम्पत्तीको नोक्सान भएको छ । भूकम्प र समुद्री छाल उद्‌गम भएको इण्डोनेसियाबाट समुद्री छाल श्रीलंका र भारतसम्म आइपुग्न दुई घण्टाको समय लागेको देखिन्छ । इण्डोनेसियामा दुर्घटना हुनेबित्तिकै चारैतिर खबर फैलाएको भए दुई घण्टाभित्र समुद्री किनारमा बस्ने धेरै मानिसहरूलाई सुरक्षित ठाउँमा पुऱ्याउन सकिन्थ्यो ।

एशिया र हिन्दमहासागरको तटीय क्षेत्रमा अहिले लाखौं मोबाइल फोन, हजारौं स्याटेलाइट फोन, करोडौं इमेल इन्टरनेट, सयौं भूउपग्रहबाट प्रसारित टेलिभिजन च्यानलहरू सक्रिय छन् । कुनै पनि खबर केही सेकेण्डभित्रै संसारभरि पुऱ्याउन सकिने संचार संजाल यो क्षेत्रमा उपलब्ध छ । साथै ह्याम रेडियोका शौखिन संचालकहरूको संख्या पनि निक्कै छ । यदि बेलैमा चेतावनी पाएको भए सम्पत्ती गुमे पनि ज्यान त जोगिन्थ्यो । तर दुःखको कुरा यो महाविनाशको चेतावनी फैलाउन सकिएन ।

अमेरिकाको हवाई द्वीपमा अवस्थित प्रशान्त सुनामी सतर्कता केन्द्र र अन्तर्राष्ट्रिय सुनामी सूचना केन्द्रले पनि भूकम्प र प्रशान्त महासागरमा उठेको छालको बारेमा थाहा पाइसकेको थियो । "भूकम्प र सुनामी आउने समयका बीचमा पर्याप्त समय थियो जसबाट तत्कालै सूचना प्रवाह गरेर धनजनको क्षति कम गराउनसकिन्थ्यो । उपयुक्त सतर्कता व्यवस्था भएको भए यस्तो दुर्भाग्य हुने थिएन ।" अमेरिकी भूगर्भविद केन ह्युटनको भनाइ छ ।

विश्वमा सूचना र संचार प्रविधिको यति धेरै विकास भइसक्दा पनि सुनामी महाविनाको चेतावनी फैलाउन नसक्नुका पछाडि के कारण थिए ? बीबीसी र सीएनएनजस्ता समाचारका प्रमुख माध्यमहरूलाई इराक, इजरायल, युक्रेनआदि देशमा पश्चिमी पुंजीपति देशहरूको स्वार्थ जोगाउनमै फुर्सद थिएन । विश्वका अरू प्रमुख संचार माध्यमहरूलाई मनोरंजन पस्कँदै व्यापार गर्न र नाफा कमाउने ध्याउनामै लागेका छन् ।

मानिसलाई आफ्नो जीवन सुरक्षित र सुखमय बनाउनका लागि प्रविधि चाहिएको हो, केवल प्राविधिक चमत्कार देखाउन वा मनोरंजनका लागि होइन । मिडियामा के विषयवस्तु प्रवाहित हुन्छ, जनताको लागि कुन विषयवस्तु आवश्यक हुन्छ भन्ने कुरामा ध्यान नदिई केवल सूचना प्रविधिको विकासमा मख्ख पर्ने, लामो भाषण छाँटने अनि सूचना प्रविधिलाई राजनीतिक र व्यापारिक फाइदामा मात्र सीमित गर्न खोज्नेहरूलाई यो महाविनाशले केही सन्देश दिनसक्यो भने हजारौं मानिसको ज्यान गएको सार्थक होला ।

पुस २०६१, जनवरी २००५

# बतासे डाँडा एफएम डाँडा भएछ

पाल्पा तानसेनको बतासेडाँडामा झण्डै दुईदुई सय मिटरको दूरीमा तीन वटा एफएम स्टेसन छन् । ती स्टेसनका तीन वटा ट्रान्समिटर टावरहरू टाढैबाट देखिन्छन् । बतासे डाँडाको दक्षिणतिर मदनपोखरा गाउँ छ र त्यहाँ पनि एउटा रेडियो स्टेसन छ । गाउँको थुम्कोमा फलामले बनेका अग्लो टावर देखिन्छ । मदनपोखरा गाउँको माथिल्लो भेक कोकल डाँडाबाट चार वटै टावर स्पष्ट देखिन्छ । पूर्वी पाल्पाको रामपुर फाँटमा पनि एफएम राख्ने सुरसार हुँदैछ ।

पाल्पा र छिमेकी जिल्लामा फिटिक्क केही हुनुहुँदैन रेडियोले फुकिहाल्छ । कुनै रेडियोले घण्टाघण्टामा मुख्यमुख्य समाचार सुनाउँछ भने सबैजसोले दिनको चारपाँच वटा समाचार बुलेटिन र कसैले स्थानीय भाषामा पनि समाचार प्रसार गर्छ । स्थानीय सम्बाददाताहरू पाल्पामा मात्रै होइन छिमेकी जिल्लाहरूमा पनि फैलिएका छन् । टेलिफोन पुगेका ठाउँबाट तिनले समाचार पठाउँछन् र रेडियोले उनीहरूकै स्वरमा समाचार सुनाउँछ ।

काठमाडौँमा १५ वटा एफएम सुन्ने बानी परेका मानिसलाई पाल्पामा जाँदा खल्लो लाग्दैन । उसले बेलाबेलामा राष्ट्रिय समाचार सुनिरहन पाउँछ भने गाउँमा दाउरा काटेको देखि लिएर बस गाउँठाउँमा हुने सार्वजनिक कार्यक्रम, पूजाआजाको पनि समाचार पाउँछ । कतिपय स्थानीय श्रोताहरूले त फलानो कार्यक्रममा जाने होइन भनेर सोद्धा खै एफएमले भनेकै छैन, कार्यक्रम होला र भनेर शंका गर्छन् । गाउँलेहरूको पनि सूचनाको लागि एफएममाथि निर्भरता बढिरहेको छ ।

कतै बस दुर्घटना हुने बित्तिकै फलानो ठाउँमा बस पल्टयो, घाइतेहरूलाई अस्पताल पुऱ्याउनु पऱ्यो, बिरामीलाई रगत चाहियो भनेर रेडियोले फुक्ने बित्तिकै युवाहरू सहयोग गर्न दगुरिहाल्छन् । पोखरा जाने राजमार्गमा बस लुटिँदा तल्कालै रेडियोले फुक्यो र गाउँलेहरूले लुटेराहरूलाई पक्रेर प्रहरीलाई बुझाइ दिए । पाल्पामा यस्ता सामाजिक सेवाका कामहरूमा एफएम, खास गरी सामुदयिक एफएमको भूमिका निक्के बढेको छ ।

यस पल्ट पाल्पामा पाँच दिन बस्दा एफएमको काम हेर्न सुन्न पाइयो । सानो ठाउँमा चारचार वटा रेडियो स्टेसन भएपछि बाँच्नका लागि प्रतिस्पर्धा हुनु स्वाभाविक हो । तर त्यहाँ राम्रो कार्यक्रम बनाउने होडबाजी भए पनि बाँच्ने समस्याले कोही पनि पिरोलिएको छैन । सामुदायिक रेडियो मदनपोखरालाई त गाउँलेहरूले “यो रेडियोले हाम्रो बोली बोल्दासम्म छाक काटेर दिनको एक मुठी चामल दिएर पनि यसलाई बचाउँछौँ” भन्ने बाचा गरिसकेका छन् र काम पनि थालिसकेका छन् ।

बतासेडाँडामा लस्करै उभिएका तीन वटा एफएमले पनि आआफ्नै विशेषता देखाउन थालेका छन् । अग्लो डाँडामा भएको र चारैतिर कुनै पनि डाँडाले नछेक्ने लाभदायी भौगोलिक स्थानमा भएको कारणले तीन वटैको प्रसारण निक्कै टाढासम्म सुनिन्छ । यसैले सामुदायिक रेडियो मुक्तिनाथ एफएमले रोल्पा रुकुमका जनताको सुखदुःख पनि बाँडने गरेको छ । पश्चिमांचल एफएमको पहुँच दक्षिण र उत्तरको व्यापारिक समुदायमा पनि राम्रै छ । श्रीनगर एफएमले घण्टाघण्टामा हाइलाइट भनेर राष्ट्रिय र स्थानीय ताजा घटना सुनाउने गरेको हुनाले र तीन वटामध्ये जेठो भएको नाताले पनि धेरैको ध्यान तानेको छ ।

एकै ठाउँमा चार वटा रेडियो स्टेसन चलेको सुन्दा मानिसहरूको मनमा पक्कै पनि चार वटा राजनीतिक पार्टीको स्टेसन हुनुपर्छ भन्ने लाग्नसक्छ । तर वास्तविकता बेग्लै देखिन्छ । पाँच दिनको बसाइको अवधिमा तेलको मूल्यवृद्धि, विरोध कार्यक्रमहरू पाल्पामा पनि भए तर कुनै पनि स्टेसनले बिना पक्षपात वस्तुगत रूपमा रिपोर्टिङ गरे । समुदायप्रति उत्तरदायी मिडियाले पक्षपात गर्दैन भन्ने उदाहरण पनि हो यो । साथै विज्ञापनमा चल्ने स्टेसनहरूले दलीय राजनीतिक खिचातानीमा अल्झिएर विज्ञापन गुमाउन चाहन्न भन्ने कुरा पनि स्पष्ट हुन्छ ।

पाल्पामा एफएममात्रै चलेको छैन । भित्ते पत्रिकादेखि स्थानीय टेलिभिजन र वेबसाइटमा अनलाइन पत्रिका पनि चलेको छ । गाउँले देउराली साप्ताहिक पत्रिका वेबसाइटमा हेर्नसकिन्छ । बहुलवादी समाजमा बहुलवादी मिडियाको नमुना संभवतः पाल्पामा विकसित हुँदैछ ।

माघ २०६१, जनवरी २००५

# सूचना क्रान्ति कि क्रान्तिको सूचना ?

विश्वमा सूचना तथा संचार प्रविधिले सूचना क्रान्ति ल्याएको छ । नेपालमा सूचना क्रान्तिको प्रभाव शहरमा र थोरै मात्रामा गाउँमा पनि देखिन थालेको छ । तर यो क्रान्तिलाई धेरै मानिसहरूले विषयवस्तुको रूपमा भन्दा पनि प्रविधि र यन्त्र उपकरणको रूपमा बुझेका छन् । जसको प्रत्यक्ष उदाहरण हो हिँजोदेखि काठमाडौँमा सुरु भएको क्यान इन्फेटेक प्रदर्शनी ।

विश्वमा आविष्कार भएको नवीनतम र सूचना प्रविधिका ताजा उपकरणहरू छ महिना नबित्दै नेपालमा आइसक्छन् । कम्प्युटर, क्यामेरा र टेपरेकर्डरको समेत काम गर्ने मोबाइल फोन बजारमा आइसकेको छ । नेपालको आकाशमा घुमिरहेका संचार भूउपग्रहहरूले हिमालको टुप्पादेखि बनजंगल खोलानाला जस्तै दुर्गम क्षेत्रमा पनि सूचना र संचारको सुविधा उपलब्ध गराइरहेका छन् । स्याटलाइट फोनमात्रै होइन काठमाडौँमा प्रसारित समाचार उही समयमा गाउँका स्थानीय रेडियोहरूले पनि स्याटेलाइटबाट टिपेर प्रसार गरिरहेका छन् । त्यसै गरी गाउँघरको समाचार पनि राष्ट्रव्यापी बनिरहेको छ । विद्रोहीहरूले पनि रेडियो र संचारको अत्याधुनिक साधन उपयोग गरिरहेको खबर आइरहेको छ ।

यसरी प्रविधि र यन्त्र उपकरणको हिसाबले नेपाल विश्वका आधुनिकतम सुविधा उपभोग गर्नसक्ने राष्ट्रको पंक्तिमा उभिएको देखिन्छ । टेलिफोन इमेल इन्टरनेट, मोबाइलफोनबाट आदानप्रदान गरिने छोटा सन्देश एसएमएस आदिको उपयोग यति धेरै बढिरहेको छ कि निकट भविष्यमै ताजा समाचारको लागि अखबार, रेडियो र टेलिभिजनजस्ता परम्परागत आमसंचार माध्यमहरूको ठाउँ नयाँ माध्यमहरूले लिने निश्चित देखिन्छ । तर जहाँसम्म सूचना तथा संचार प्रविधि र यन्त्र उपकरणहरूले बोक्ने वा ओसारपसार गर्ने सूचना, जानकारी र ज्ञानको कुरा छ त्यसमा नेपाल धेरै पछाडि परेको छ ।

अहिले आधुनिक संचार तथा सूचना प्रविधिबाट चल्ने मोबाइलफोन देखि इन्टरनेटसम्मका यन्त्र उपकरणहरूले ओसारपसार गरिरहेका विषयवस्तुलाई हेर्दा स्थिति उत्साहजनक छैन । केही वर्षअघिसम्म हाम्रा आमसंचार माध्यमहरू आमजनताको पहुँच भन्दा धेरै टाढा थिए । इलेक्ट्रोनिक मिडिया त सरकारकै एकाधिकारमा थियो र सरकारले नचाहेको कुनै पनि विषयवस्तु त्यसले संवाहन गर्ने संभावना थिएन । छापामाध्यम पनि साह्रै टाक्सिएको थियो र तिनले राजनीतिक कुरा बाहेक अरू कुरा जान्दैनथे ।

अहिले मिडिया ती जनताको हातमा छ जोसँग पैसा र सीप छ । पाँच जनाको परिवारमा मोबाइल र परम्परागत गरी सातआठ वटा टेलिफोन लाइन छ । भान्सा, बैठक, कोठाकोठामा केबुलजडित चारपाँच सेट टेलिभिजन छ । खल्तीमा अटाउने कलमजत्रो देखि दराज सजाउनेजस्तो स्टेरियो रेडियो र टेपरेकर्डर छ । हरेक कोठामा इन्टरनेट हेर्न मिल्ने कम्प्युटर छ । परिवारका सदस्यहरूको भेट भए पनि तिनीहरूको संवाद कुराकानी त्यहाँ नभएको व्यक्तिसँग भइरहेको हुन्छ । एकै कोठामा सुत्ने दाजुभाइबीच पनि कुराकानी हुन छाडेको छ । केही जरुरी कुरा गर्नु परे मोबाइल छँदैछ । जहिले जहाँ कुरा गरे पनि हुन्छ भन्ने भावनाले गर्दा मोबाइलफोनले परिवारभित्र संवादहीनता बढाएको छ । त्यसमाथि एसएमएसको सुविधाले गर्दा सस्वर गरिने कुराकानी अब अक्षरमा गरिन थालेको छ । जन्म दिन वा विशेष उपलक्षमा दिइने शुभकामना अब आफन्तको मीडो स्वरमा होइन मोबाइलको घण्टीको संकेत अनि अक्षरहरूमा आउन थालेको छ । अब आफन्तको मीठो स्वर सुन्न पनि दुर्लभ हुँदै गइरहेको छ ।

वैचारिक हिसाबले अहिले एफएम रेडियोले गाउँगाउँमा केही परिवर्तनको खुराक बाँडिरहेको छ तर चम्चाले ख्वाएजस्तो गरी । हामी सूचना क्रान्तिको दुनियामा मख्ख परेर ठूलो भ्रान्ति पालिरहेका छौँ । चिन्तनमा क्रान्ति नल्याई प्रविधि र मेसिनको क्रान्तिले मात्रै केही हुँदैन । उपयुक्त विषयवस्तुबिना उपयुक्त चिन्तन, सोच आउनसक्तैन । यसैले नेपालमा सूचना क्रान्तिले क्रान्तिको सूचना दिन बाकी नै छ । पर्खौं ।

माघ २०६१, जनवरी २००५

# माछापुच्छ्रे बिनाको पोखरा

पुच्छर नभएको माछा हुँदैन । माछापुच्छ्रे बिनाको पोखरा पनि हुनसक्तैन । तर एक साता पोखरा बस्दा मैले माछापुच्छ्रे देखिन । मेरो क्यामरा माछापुच्छ्रेविहीन भएर फर्क्यो । माछापुच्छ्रे नै नभएपछि अब पोखरा कसरी बाँच्छ ?

माघ १९ गते पोखरामा औद्योगिक मेला उद्घाटन गर्न प्रधानमन्त्री देउवा जाने कार्यक्रम थियो र त्यही दिन विहान संचारिका समूहले आयोजना गरेको सात दिने फिचर लेखन तालिमको उद्घाटन पनि देउवाकै हातबाट हुने कार्यक्रम थियो । दश बजेको घोषणा नहुँदै प्रधानमन्त्री नआउने हल्ला आइसकेको थियो ।

राजाको घोषणासँगै स्थानीय एफएमहरू, केबुल टीभीहरू, अखबार अनि दूरसंचार बन्द भए । सम्पूर्ण पत्रकार र तालिमका सहभागीहरूलाई पनि फुर्सदैफुर्सद भएपछि तालिम कार्यक्रम निर्विघ्न चल्ने कुरामा शंका भएन । त्यसमाथि मोबाइलको डिस्टर्ब पनि बन्द भएपछि त हाइसंचो भइहाल्यो ।

पृथ्वी नारायण शाहको पोखरा यस्तै आनन्ददायी थियो होला । त्यतिबेला बिसे नगर्चीले डुग्गी पिट्थ्यो । अहिले हाते माइक र लाउडस्पीकर छ । अलि सजिलो छ । त्यतिबेला अस्पताल एम्बुलेन्स थिएन तर अहिले फोन नभएपछि एम्बुलेन्स र अस्पतालको कामै भएन । पर्यटक र पर्यटन व्यवसायी पनि थिएनन् पोखरामा । अब संचार नभएपछि पर्यटकहरू हुने कुरा पनि भएन । उहिले झैं अहिले फेरि फेवातालको किनारामा भैंसीको हुल चर्न थालेको छ ।

बितेको पन्ध्र वर्षमा पोखरामा सबैभन्दा धेरै विकास र प्रचार भएको माछापुच्छ्रेकै हो । अखबारमा माछापुच्छ्रे, रेडियोमा माछापुच्छ्रे, टेलिभिजनमा माछापुच्छ्रे, इन्टरनेटमा माछापुच्छ्रे, जताततै माछापुच्छ्रे छाएको थियो । पेटभरि खानलाउन नपाए पनि माछापुच्छ्रे हेर्न, सुन्न र चढ्न पाउनु सबैको अधिकार हो भन्ने कुरा जनतालाई छर्लंग भएको थियो । विहान साँझ माछापुच्छ्रेलाई नहेरी वा उसको बारेमा केही कुरा नसुनी खाएको पच्दैनथ्यो । वास्तवमा पोखराबासीहरू माछापुच्छ्रेको फ्यान भएका थिए ।

अहिले इतिहासका विद्यार्थीहरूलाई पृथ्वीनारायण शाहको समयको पोखरा कस्तो थियो भन्ने अध्ययन गर्न गराउन उपयुक्त थलो भएको छ । बिसे नगर्चीको महत्व बल्ल उनीहरूले बुझ्न सक्नेछन् । विद्यार्थीमात्रै होइन पुरातत्वविदहरूकै लागि पनि अति उत्तम अध्ययन स्थल भएको छ पोखरा । किनकि यहाँ इतिहास अध्ययन गर्न उत्खनन गर्नु पर्दैन । माटोमाथि नै इतिहास छर्लंग देखिन्छ ।

तर फेवातालले आफूले जन्मेदेखि देखिरहेको साथी माछापुच्छ्रेलाई नदेखेर रोइरहेछ । फेवा शोकमा डुबेको छ । फेवातालको वरिपरि पर्यटकहरूलाई सारंगी सुनाएर रिझाएर पेट पाल्ने गाइनेहरू शोकमा डुबेका छन् । माछापुच्छ्रे भएन भने पर्यटक आउँदैनन् । पर्यटक नआएपछि उनीहरूको गुजारा चल्दैन । कि त उनीहरूले सारंगी फाल्नु पर्‍यो कि भने अंग्रेजका पालामा झैं गाउँगाउँ डुलेर भर्ती खुलेको सन्देश सुनाउनु पर्‍यो । कि "राजाको नुनपानी खाइयो नी भाइ हो बाँचे आउँला जुनी फेरेर" भन्ने गीत लाहुरेका घर आगनमा सुनाउँदै चुलो तताउने मेसो गर्नु पर्‍यो । के गर्ने भन्ने कुरा पोखराका गाइनेहरूलाई नै थाहा छ ।

२०६१ माघ २७, फरवरी २००५

# आर्यघाट एफएमको खाँचो

पशुपतिको आर्यघाटमा प्राण विसर्जन गर्न जानेहरूका लागि एउटा एफएम स्टेसन भए स्वर्ग जान सजिलो हुन्थ्यो । मर्ने बेलामा रुद्री, श्रीमद्भावत, शनिमृत्युञ्जय आदि पवित्र ग्रन्थहरूको श्रवण गर्दै मऱ्यो भने शिवलोक, बैकुण्ठलोक आदि विभिन्न लोकहरूमा जाने हाम्रो प्राचिन विश्वास छ । तर आर्यघाटमा त्यो संकटको बेलामा ती धार्मिक ग्रन्थ पाठ गरेर सुनाउने पण्डित पाउन गाह्रो हुन्छ । यो काम एफएम स्टेसनले सजिलै र प्रभावकारी तरिकाले गर्नसक्छ । यसैले पशुपति क्षेत्रको लागिमात्रै एउटा बेग्लै एफएम स्टेसनको खाँचो छ । विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस्तो स्टेसनलाई आर्यघाट एफएम भन्नु उपयुक्त हुनेछ ।

धर्मभीरु नेपालीहरूको जीवनको एकमात्र चाहना मरेपछि स्वर्ग जानु हो । यसको लागि उनीहरू जेजस्तो त्याग तपस्या गर्न पनि तयार हुन्छन् । खेतबारी बेचेर चारधाम गर्न जान्छन् । लाखौं रूपैयाँ खर्च गरेर धान्यान्चल महायज्ञ गर्छन् । साँच्चै भन्ने हो भने हाम्रो जीवनको मुख्य ध्येय नै स्वर्ग प्रप्ति हो । शिक्षा र संचारको उद्देश्य पनि स्वर्ग पुग्न सघाउनु नै हो । हाम्रा पुरेतहरू मन्त्रको बलले स्वर्गका देवीदेवताहरूँग संचार गर्छन् र यहाँ पाएको दानदक्षिणा स्वर्गमा पुऱ्याउँछन् । मेरा जेठा दाइ स्वर्गे हुँदा उहाँले सुन्ने गर्नु भएको रेडियो आमाले पुरेतलाई दान दिनु भएको थियो । पुरेतले भन्थ्यो यहाँ दान दिएको बस्तु स्वर्गमा उपभोग गर्न पाइन्छ रे ! तर स्वर्गमा कुन एफएम स्टेसन सुनिन्छ, अथवा अप्सराहरू कुन च्यानलमा नाच्छन् भन्ने कुरा पुरेतलाई थाहा रहेनछ । आर्यघाट एफएम भयो भने यस्ता कुराको जानकारी जनताले सजिलैसँग पाउन सक्नेछन् ।

आर्यघाट एफएमले मर्न लागेकाहरूलाई मात्रै होइन बाँचेकालाई पनि गरुडपुराण, स्वस्थानीआदि धार्मिक ग्रन्थहरू निरन्तर सुनाएर मानिसहरूलाई भौतिक सुखसम्पत्तितिर आकर्षित हुनबाट जोगाउन सक्छ । यसो गर्नसके हिंसा र द्वन्द्व नै हुँदैन । यसैले आर्यघाट एफएमको शान्तिकारी भूमिकालाई गहिरोसँग मनन गर्नु अति आवश्यक छ ।

नेपालका एफएमहरूले बाटो बिराएर समाचार दिने गरेका रहेछन् । सूचना विभागका एक जना विज्ञले भनेको कुरा निक्कै घतलाग्दो छ, “एफएम रेडियोलाई समाचार प्रसारण गर्ने छुट विश्वका कुनै पनि मुलुकमा दिने गरिएको छैन । नेपालमा भने विगत केही समयदेखि यो छुट एफएम रेडियोहरूले कसरी प्राप्त गरे भन्नेबारे स्पष्ट कारण हामीले पनि आजसम्म थाहा पाएका छैनौं ।” ती विद्वान संचार विशेषज्ञको कुरा सोह्रै आना सही हो । किन भने मरुभूमिको आकाशलाई पानी पार्ने छुट छैन । सुंगुरलाई आकाश हेर्ने छुट छैन । न त कुवाको भ्याकुतालाई इनारबाहिर जाने छुट छ । नेपालमा यो छुट दिने व्यवस्था नै खारेज हुनुपर्छ । अहिले नेपालमा एफएम रेडियोहरूलाई समाचार प्रसारण गर्न बन्देज लगाएकोमा सरकारलाई धन्यवाद दिनैपर्छ ।

अब सरकारले एफएमहरूलाई नेपालीहरूको जीवनको लक्ष्य अनुसार स्वर्ग पठाउने काममा लगाउनु पर्छ । यसको पहिलो कदमको रूपमा सबैभन्दा पहिले पशुपति क्षेत्रमा एउटा एफएम थाल्नुपर्छ । त्यसपछि नेपालका सबै तीर्थ स्थलहरूमा धार्मिक कार्यक्रम प्रसारण गर्ने एफएम स्टेसनहरू खोल्दै जानुपर्छ । साथै अहिले संचालित स्वर्गद्वारी, मुक्तिनाथ, मनकामना, कालिका, बिन्दबासिनी, बागेश्वरी, लुम्बिनी, अध्यात्मज्योति, कालिगंडकी, कोशी, सप्तकोशी एफएमजस्ता पवित्र नाम भएका एफएमहरूले प्रसारण गर्ने कार्यक्रमहरू उनीहरूको नामअनुसार हुनुपर्छ । यसो हुनसकेमा नेपालका धार्मिक कार्यक्रम प्रसारकहरूले केही समयअघि राखेको लक्ष्य स्वर्गको लागि संचार अवश्य पूरा हुनेछ । यसमा शंका छैन ।

२०६१ फागुन, फरवरी २००५

# मोहन शमशेरको आवा

अहिलेका युवाहरूलाई आवाको अर्थ थाहा नहुनसक्छ । तर श्री ३ प्रधानमन्त्री मोहन शमशेरको पालामा यो निक्कै महत्वपूर्ण थियो । काठमाडौंदेखि पोखरा, पाल्पा, बुटवलजस्ता प्रमुख सहरहरूसम्म तामोका नांगा तारहरू पुगेका हुन्थे । अहिले पहिरो र बाढीबाट जोगाउन बाटोको छेऊ र खोलाको किनारामा लगाइने गेभियन जालीको ढुंगे परखाल बाँध्ने तारभन्दा तामोको त्यो तार मोटो हुन्थ्यो । त्यो तारमार्फत काठमाडौंको हुकुम, आदेश, निर्देश, आशय जिल्लाजिल्लामा पुग्थ्यो र जिल्लाजिल्लाबाट नेहोरा, बिन्ती, फिराद र भित्री सूचना काठमाडौं पुग्थ्यो । श्री ३ मोहन शमशेरको निगाहले स्थापित मोहन आकाशवाणी त्यसबेलाको नेपालको लागि निक्कै प्रगतिशील थियो ।

सात सालको क्रान्तिमा जिल्लामा भएका मोहन आकाशवाणी कार्यालयहरू क्रान्तिकारीहरूको निसाना बनेका थिए । किनकि क्रान्तिलाई दबाउने आदेश तिनैमार्फत जान्थे । त्यसबेलाका आवाका सेटका अवशेषहरू क्रान्तिकारी, तिनका सन्तान वा नातेदारका घरहरूमा अझै पनि भेटिनसक्छन् । किनकि ती सेटहरू अहिलेको मोबाइल फोनजस्ता खल्ती वा दराजभित्र लुकाउनमिल्ने खालका थिएनन् । क्रान्तिकारीहरूले आफ्नै रेडियो प्रसारण पनि थालेका थिए । तर त्यसबेला फ्रिक्वेन्सी मोडुलेसन (एफएम) प्रविधिको विकास भइसकेको थिएन । सुटकेशभित्र अटाउने रेडियो स्टेसनको परिकल्पना पनि गरिएको थिएन ।

संचारले संसार हाँक्ने कुरा नयाँ कुरा वा सिद्धान्त होइन । पुराणहरूले नारद मुनिको महत्वलाई त्यत्तिकै माथि उठाएको होइन । ईश्वरको एउटा मुख्य गुण नै अन्तर्यामी मानिन्छ । अर्थात् भगवानलाई सबैको मनको कुरा थाहा हुन्छ । तै पनि नारद मुनि एकतारे बजाउँदै नारायण नारायण भन्दै बेलाबेलामा भगवानकहाँ कुरा पुऱ्याउन जान्थे । यसैले उनलाई विष्णुको सबैभन्दा ठूलो भक्त मानिन्थ्यो ।

संचारको महत्व राणा प्रधानमन्त्रीहरूले राम्ररी बुझेका थिए । जंगबहादुरले बेलायत यात्राबाट फर्कंदा त्यसबेलाको नवीन मुद्रण प्रविधि हाते प्रेस ल्याएका थिए, जसले सरकारी आदेश, रुक्का, पुर्जी रैतीहरूकहाँ पुऱ्याउन सजिलो भएको थियो । देव शमशेरले त गोरखापत्र अखबार नै प्रकाशन गराउन सुरु गरेका थिए, जो अहिले पनि टाठो भएर नुनको सोझो गर्दैछ ।

संचारलाई आफ्नो अनुकुल राख्नसके सबै कुरा अनुकूल हुन्छ भन्ने कुरा राणा प्रधानमन्त्रीहरूले राम्ररी बुझेका थिए । यसैले उनीहरूले सुब्बा कृष्णलालले मकैको खेती किताब लेख्दा जेलमा कोचेका थिए । जेलमै उनको मृत्यु भएको थियो ।

तर अहिले जमाना धेरै फेरिइसकेको छ । संचारलाई आफ्नो अनुकूल गर्ने पुरानो तरिका पनि फेरिइसकेको छ । युनानका दार्शनिक एरिस्टोटललाई तत्कालीन सत्ताधारीहरूले बिष ख्वाएर मारेका थिए । तर पूर्वको चलन बेग्लै छ । राजा भोजले आफ्नो आलोचना गर्ने कविलाई फूलमालाले स्वागत गरेर हात्तीमा चढाएर धुमधामले सिंदूर जात्रा गरेर दरबारमा भित्र्याएर दरबारिया कवि (नवरत्न) बनाएका थिए रे ! एउटा छिमेकी देशका मिडिया हाउसहरू पनि त्यसरी नै सत्ताको अनुकूल बनेको उदाहरण पाइन्छ ।

अहिले हेलो हेलो शब्दको सट्टा “जर्जकिंग जर्जकिंग” भनेर चिच्याएर बोलाउनु पर्ने मोहन आकाशवाणी छैन । अठार सालपछि अमेरिकाले जिल्लाजिल्लामा माइक्रोवेभले चल्ने आवासेट जडान गरेर आवा अफिसहरू बनाइदिएछि धेरै सजिलो भयो । सन्देशमा लेखेका अक्षर गनेर त्यसै अनुसार पैसा तिरेर सन्देश पठाउने व्यवस्था भएपछि थोरै शब्दमा धेरै कुरा भन्नु पर्ने शैलीको विकास भएको हुनुपर्छ । भविष्यका पत्रकारहरूलाई फाइदै भयो होला ।

मोबाइल फोन बन्द भएपछि आनन्द छ । बेमौसममा भ्यागुता कराएझैं ट्र्यार्र टुर्र सुन्न परेको छैन । जसरी भए पनि काम चल्दो रहेछ । मोहन आवाले पनि काम चलेकै थियो भने बेकारमा यत्रो लगानी र खर्च किन ? साँच्चै भन्ने हो भने तपाईंले आफ्नो मोबाइल फोनको नम्बर पनि बिर्सिसक्नु भयो होला । अर्काको मोबाइलमा फोन नगरी आफ्नो नम्बर थाहा पाउनसक्ने नेपाली कति जना बाकी होलान् ? लौ नपत्याए दश सेकेन्डभित्र आफ्नो नम्बर भन्नुस् त । मोहन शमशेरको पालामा यस्तो झंझट थियो त ?

२०६१ फागुन, मार्च २००५

# भीमेश्वरको मन्दिरतिर !

पोहोर दोलखाको भीमेश्वरको मूर्ति पसिनाले लुछुप्पै भिजेपछि देशमा अनिष्ट आउने हल्ला चल्यो । भीमेश्वर महादेवलाई खुशी पार्न एक जना मानिसले काठमाडौँदेखि दोलखाको भीमेश्वर महादेवसम्म उल्टो दिशामा गाडी चलाएर लग्यो । अर्थात् काठमाडौँदेखि उसले गाडि व्याक गर्दै चरीकोट पुऱ्यायो । भोग ख्वाएर देउतालाई खुशी पार्ने कुरा त धेरैलाई थाहा छ तर व्याक गियरमा गाडी चलाएर पनि देउता खुशी हुन्छ भन्ने कुरा सबैका लागि नौलो कुरा हुनुपर्छ । तर त्यो घटनाले एउटा सन्देश र शिक्षा के दियो भने गाडीमात्रै होइन सिंगै मुलुक पनि व्याक गियरमा चलाउन सकिने रहेछ ।

एक्काइसौँ शताब्दी सूचना र संचारको युग हो । यसैले नेपालले सन् २००१ मा सूचना प्रविधि नीति घोषणा गर्दा “नेपाललाई सूचना प्रविधिको विश्वको नक्सामा अंकित गर्ने” लक्ष्य लिएको थियो । यसैअनुसार नेपालले विश्वमा भएका विभिन्न सम्मेलनहरूमा सामेल भएर सूचना तथा संचार प्रविधिलाई उदार र प्रतिस्पर्धी बनाउने बाचा गरेको थियो । तीन वर्षभित्र झण्डै डेढ लाख मोबाइल फोन अनि बेतार फोन आउनु त्यही प्रतिवद्धताको परिणाम थियो ।

“सूचना र ज्ञान परिवर्तनको उर्जा हो” भन्ने कुरा साबित भइसकेको छ, किनकि ज्ञान, जानकारी वा सूचना फैलिने गतिको वृध्दिसँगै मानिसले नयाँ ज्ञान-विज्ञानको आविष्कार गर्ने गति पनि बढ्दै छ । कुनै समाज कति विकसित छ भन्ने कुरा त्यो समाजका सदस्यहरूले कति मात्रामा ज्ञान र सूचनालाई उपयोग वा उपभोग गर्छन् अनि उनीहरूको पहुँच सूचना र ज्ञानका स्रोतहरूसमक्ष कत्तिको सरल र सहज छ भन्ने कुराले जनाउँछ ।

मानव सभ्यता द्रुत गतिले सूचना समाज (इन्फर्मेसन सोसाइटी) अर्थात् ज्ञानमा आधारित समाज (नलेज बेस्ड सोसाइटी) तिर उन्मुख हुँदै छ । मानव विकासको सूचक अब भौतिक सुख सुविधाको उपभोगको सट्टा सूचना र ज्ञानको उपलब्धता, उपयोग गर्ने क्षमता र पहुँचलाई मान्न थलिएको छ ।

मानव जातिलाई जंगलबाट निस्केर, घुमन्ते र शिकारी जीवन त्यागेर वस्ती बसालेर सभ्यताको विकास गराउने कामदेखि औद्योगिक क्रान्तिको थालनी भयो, नयाँ वाणिज्य, अर्थतन्त्र, राज्य, साम्राज्य, उपनिवेश, विश्वीकरण ( ग्लेबलाइजेसन) गरेर आजको सूचना समाजको युगसम्म ल्याउने काम सूचना र ज्ञानको प्रसार गर्नसक्ने मानिसको क्षमतामा अभूतपूर्व विकास भएको कारणले नै भएको हो । फलस्वरूप आज हामी सूचना क्रान्तिको संघारमा छौँ ।

अहिलेको युगमा सूचनाका स्रोतहरू र माध्यमहरूमा पहुँच नदिनु भनेको मानव विकासको धारालाई नै उल्टो दिशामा मोडने प्रयासजस्तै हो । बिसे नगर्चीको पालामा यस्तो प्रयास सम्भव थियो होला तर अहिले प्रविधिको जुन गतिले विकास भइरहेको छ त्यसले गर्दा यस्तो प्रयास असम्भव छ । यस्तो असंभव अभ्यासतिर लाग्नु भन्दा सूचना तथा संचारका माध्यमलाई आफ्नो स्वाभाविक गतिमा चल्न दिएर जनताको मन जित्नु समयको माग हो ।

सत्र सालभन्दा पहिले नेपालमा मोटरबाटो पाँच सय किलो मिटर पनि थिएन होला । अहिले चौध हजार किलो मिटर बाटो बनेको छ । त्यसबेला गाडी हाँक्ने ड्राइभरहरू थोरै थिए । नेपाली ड्राइभर त औँलामा गन्न मिल्ने संख्यामा थिए होलान् । तर अहिले संसारको कुनै पनि मोडेलको गाडी हाँक्नसक्ने मानिसहरू नेपालमा जन्मिसकेका छन् । उहिलेका गाडीहरूको अव अवशेष पनि बाकी छैन । अहिलेको नयाँ मोडेलका गाडी चलाउने काम उहिलेका ड्राइभरले कसरी गर्नसक्लान् ? भीमेश्वरतिर लैजाने वा भीरबाट लडाउने भए बेग्लै कुरा हो ।

२०६१ चैत, मार्च २००५

# एफएमको मुख थुन्दा ....

पश्चिम नेपालको एउटा दुर्गम जिल्लाबाट एक जना पत्रकार मित्रको फोन आयो । भलाकुसारी गरेपछि उनले सोधे "... देखि बन्द छ नि । त्यहाँको हाल खबर के छ ?" तर मलाई काठमाडौँमा बसेर पनि यो कुरा थाहा थिएन । मेरो कुरा सुनेर ऊ छक्क पऱ्यो । त्यसो भए बन्द हल्ला मात्रै हो कि ? उनले शंका व्यक्त गरे । कुरै कुरामा उनले रहस्य खोले । हिँजो आज मानिसको बस्तीमा स्थापित एफएमबाट समाचार आउन छाडेपछि जंगलबाट एफएम सुनिन थालेको रहेछ । रोल्पा, रुकुम, प्युठान दाङ आदि जिल्लामा अहिले दुइटा जंगली एफएम सुनिन्छन् । एउटा स्टेसनबाट स्पष्ट सुनिन्छ अर्को अस्पष्ट । मानिसहरू अहिले त्यही एफएम सुनेर समाचार थाहा पाउँदा रहेछन् । पश्चिमका अधिकांश जिल्लामा अखबार पुग्दैन । गाउँमा टेलिभिजन छैन । एफएमले समाचार दिन बन्द गरिहाल्यो । अहिले त्यतातिर समाचार थाहा पाउने साधन कि त सरकारी रेडियो छ कि जंगली रेडियो । जनताको रेडियो बन्द भएपछि विकसित स्थिति हो यो ।

पाल्पाको श्रीनगर एफएम रेडियोले संकटकाल लागेपछि एउटा प्रशंसनीय काम गऱ्यो । एफएमबाट समाचार सुन्न बानी परिसकेका श्रोताहरूले संकटकाल लागू भएपछि रेडियो सुन्न धेरै कम गरिसककेका छन् । फलस्वरूप रेडियोको विज्ञापन र आम्दानी घटनु स्वाभाविक थियो । तर श्रीनगर एफएपले समाचार दिन नपाएपछि आफ्नो लोकप्रियता बढाउने एउटा सिर्जनात्मक र समसामयिक काम गऱ्यो । एसएलसीका विद्यार्थीहरूलाई त्यसले सित्तैमा रेडियोबाट टचुसन पढायो । यसबाट एसएलसी परीक्षाको तयारी गरिरहेका हजारौं विद्यार्थीहरू लाभान्वित भए । निश्चय नै यसको प्रभाव त्यहाँको एसएलसीको परीणामले देखाउने नै छ । श्रीनगर एफएमको सिर्जनात्मक सोच र कामको तरिफ गर्नैपर्छ ।

संकटकालको सबैभन्दा धेरै नकारात्मक प्रभाव नेपाली संचार क्षेत्रले भोग्नु परेको सर्वविदितै छ । त्यसमा पनि गैरसरकारी क्षेत्रमा एफएमहरूमाथि परेको छ । प्रजातन्त्रको अभ्यास गरिरहेका आम नेपालीहरूका लागि एफएमले समाचार र समसामयिक विषय र घटनाको विश्लेषण गरेर ठूलो गुन लगाएको थियो । मानिसहरूमा समाचार सुन्ने लत लागिसकेको थियो । तर अचानक यसमा भाँजो पऱ्यो । अहिले गाउँ मात्र होइन नगरहरू पनि समाचारविहिन बन्न पुगेका छन् । कतिपय अवस्थामा हल्लाले प्रभाव पार्न थालेको छ ।

नेपालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापना भएपछि अक्षर नचिनेका सैकडा साठी जनसंख्यालाई सुसूचित गर्नका लागि रेडियो नै सबैभन्दा उपयुक्त र प्रभावकारी माध्यम हो भन्ने अवधारणा अनुसार एफएम रेडियो गैरसरकारी क्षेत्रलाई संचालन गर्ने नीति बनेको हो । त्यसै अनुसार ५६ संस्थाले रेडियो स्टेसन चलाउने इजाजत पाए र चालिसभन्दा धेरैले प्रसारण गरिरहेका छन् । चार पाँच वटा एफएमलाई छाडेर सबैले समाचार र ताजा घटना, विषय र विश्लेषण प्रस्तुत गरेर जनतालाई प्रजातन्त्रको शिक्षा दिइरहेका थिए । अहिले यो काम अवरुद्ध भएको छ ।

यस स्थितिमा गैरकानुनी तरिकाले संचालित जंगली रेडियोहरू फस्टाउनु स्वाभाविक देखिन्छ । यस्तो भयो भने ती रेडियोहरूले जनतालाई बहुदलीय प्रजातान्त्रको अनुकूल शिक्षा देलान भनेर चिताउनु व्यर्थ हो । तर मानिसहरू वाध्यतावश पनि त्यस्ता रेडियो सुन्न थाले भने जुन स्थिति आउनसक्छ त्यसको परिणामाको परिकल्पना सरकारले गरेको छ कि छैन ? अतः यस्तो स्थिति आउन नदिन जनतालाई नै जनताप्रति जिम्मेवार रेडियो स्टेसन चलाउन दिनुपर्छ । एफएम रेडियोहरूमाथि लागू गरिएको बन्देज तुरुन्त हटेन भने परिणाम निकै अप्रिय हुनसक्छ ।

२०६१ चैत, अप्रिल २००५

# राष्ट्र, राष्ट्रियता र स्वतन्त्र प्रेस

स्वतन्त्र प्रेसको घाँटी निमोठने विभिन्न उपाय लागू गर्ने मेसोमा अहिले सरकारले नयाँ विज्ञापन नीति ल्याउने बहानामा निजी क्षेत्रको प्रेसको दानापानी नै बन्द गर्ने अर्को घिनलाग्दो चाल चाल्न लागेको देखिन्छ । तर यसको लागि बडो आकर्षक नारा दिइएको छ : राष्ट्र र राष्ट्रियताको । सरकारी अखबार गोरखापत्रले आफ्नो निधारमा रातो अक्षरमा राष्ट्र र राष्ट्रियताको नाराको टिका लाउन थालेको केही दिन भएको छ ।

पंचायत कालमा निजी क्षेत्रको प्रेसको त्यति विकास नभए तापनि त्यसबेलाको प्रेस दुई खालका थिए । एउटा प्रेसले पंचायती व्यवस्थाको पक्षपोषण गर्थ्यो भने अर्को प्रेसले पंचायतको पतन र प्रजातन्त्रको बहालीका लागि काम गर्थ्यो । तीस वर्षे कालरात्रीको अन्त्य गर्ने काममा त्यस बेलाको प्रेसले महत्वपूर्ण भूमिका खेलेको सर्वविदितै छ । त्यसबेला राष्ट्रवादजस्तो पवित्र शब्दलाई पंचहरूले बडो बदनाम गरेका थिए ।

इतिहास जस्ताको तस्तै दोहोरिँदैन तर आसय र नियत दोहोरिनसक्छ । अहिले आएर राष्ट्र र राष्ट्रियताजस्ता महत्वपूर्ण शब्दलाई संकुचित अर्थमा मात्र होइन अनर्थमा प्रयोग गर्ने प्रयास हुन थालेको छ ।

राष्ट्र भनेको कुनै देशको ढुँगामाटो वा भौतिक वस्तु होइन त्यहाँका जनता नै राष्ट्र हो । अनि जनताको हितनै राष्ट्रियता हो । निजी क्षेत्रको स्वतन्त्र प्रेसले राष्ट्र र राष्ट्रियताको यति सरल र सोझो अर्थ आफूले पनि बुझ्नुपर्छ र जनतालाई पनि बुझाउनु पर्छ । कौवाले कान लग्यो भनेर कान नछामीकन कौवाको पछि लाग्नु हुँदैन । शब्दको अर्थ लाउने एकाधिकार कसैलाई छैन । यसैले कसैले भरौटे प्रेसलाई नै राष्ट्र र राष्ट्रियताको पगरी भिराउन खोज्छ भने स्वतन्त्र प्रेसले वास्तवमा राष्ट्र र राष्ट्रियताको पक्षमा काम गर्ने हामी हौँ भनेर ठूलो स्वरले भन्नुपर्छ र काम गरेर देखाउनुपर्छ । भरौटे प्रेसलाई राष्ट्र र राष्ट्रियताजस्ता पवित्र शब्दहरूको पगरी लाउने अवसर दिनु हुँदैन ।

पत्रकारीताको कखरा पढेका विद्यार्थीलाई पनि थाहा छ प्रेसले जनताको हितमा काम गर्छ । त्यसले सही जनमत बनाउनका लागि जनतालाई सही सूचना प्रवाहित गर्छ । यो उसको प्रजातन्त्रको लागि सबैभन्दा महत्वपूर्ण र प्रमुख भूमिका हो । प्रेसलाई राज्यको चौथो अंग भन्नुको तात्पर्य के हो भने यसले सरकार, संसद र अदालतले गरेको कामको निगरानी गर्छ फलस्वरूप ती तीनै अंगलाई जनता अर्थात् राष्ट्रको अहित गर्नबाट जोगाउँछ । अनि प्रेसको अर्को महत्वपूर्ण काम शासक, नीति निर्मातादेखि लिएर तल्लो तहका कर्मचारी र जनताको सेवा गर्न बनेका निकायहरूलाई जनताको पीरमर्का र आवाज/जनमत सुनाउँछ । यसरी राष्ट्र र राष्ट्रियताकोलागि दिनरात खटेर काम गर्ने स्वतन्त्र प्रेसलाई राष्ट्र र राष्ट्रियता शब्दहरूकै जाल रचेर भूमिका बिहीन बनाउन खोज्नु प्रजातान्त्रिक अवधारणा अनुकूल हुनसक्तैन ।

२०६१ चैत, अप्रिल २००५

# मौन मोबाइल फोनको तीतो सन्देश

अहिले नेपालमा एक लाख भन्दा धेरै मोबाइल फोनका सेटहरू खेलौना वा शोपिसको रूपमा रहेका छन् । ती सेटहरूले एकातिर नेपालको सूचना प्रविधिप्रतिको प्रतिवद्धताको खिल्ली उडाइरहेका छन् भने अर्कोतिर खास गरी नयाँ पुस्तामाथि वर्तमान सत्ताले गरेको सौतेलो व्यवहार र भद्दा मजाकको तीतो अनुभूति दिइरहेका छन् ।

माघ १९ गतेदेखि एक सातासम्म इन्टरनेट र इमेल बन्द हुँदा नयाँ सूचना प्रविधिको आधारमा सूचना र ज्ञान आदानप्रदान गर्दै आइरहका नेपालका झण्डै एक लाख मानिसहरू प्रभावित भए भने अधिकांश विदेशीहरू र विदेशमा आफन्तहरू भएका परिवारहरू बढी प्रभावित र पीडित भएका थिए । सूचना प्रविधिमा आधारित कारोबार जस्तै बैंक, क्रेडिट कार्ड, पर्यटन व्यवसाय, नेपालमा बसेर विदेशी कम्पनीहरूको काम गर्ने आउट सार्सिङको कारोवार, स्वास्थ्योपचार, आदि अनेकौं क्षेत्रमा यसले प्रतिकूल प्रभाव पाऱ्यो । नेपालमा सूचना प्रविधि उद्योगमा लगानी गर्न खोज्ने स्वदेशी र विदेशी उद्यमीहरू झस्के ।

एक्कइसौं शताब्दी सूचना प्रविधिको शताब्दी हो । यो प्रविधि बिना कृषिदेखि अन्तरिक्ष यात्रासम्म कुनै पनि काम अब सम्भव छैन । एकातिर देश र समाजको कुनै पनि काम, अर्थतन्त्र, उद्योग धन्दा, शिक्षा, स्वास्थ्य, राजनीति आदि सबै कुरालाई यो प्रविधिले संचालन गर्दै छ भने अर्कोतिर यो प्रविधि स्वयं पनि एउटा विशाल उद्योग र अर्थतन्त्र बन्दैछ । यो प्रविधिलाई उपयोग गर्दै हाम्रा दुई विशाल छिमेकीहरू अर्थतन्त्रमा फड्को मार्दैछन् । वर्षौंको शत्रुतालाई बिर्सेर उनीहरू यो प्रविधिको आधारमा देशको विकास गर्न सहकार्य गर्न हालै दुई देशका सरकार प्रमुखहरूले हातेमालो गरेको घटना ताजै छ । दुबै छिमेकी देशका करोडौं युवाहरू सूचना प्रविधिमा अधारित व्यवसायमा लागेर आकर्षक सपना बुनिरहेका छन् । साथै यो प्रविधिमै विशेषज्ञता हासिल गरेर प्रविधको विकास गर्दैछन् ।

यो कुरा स्पष्ट छ कि सूचना प्रविधि सूचना र जानकारी ओसारपसार गर्ने काममा मात्रै सीमित छैन । त्यो त यो प्रविधिको एउटा सानो हिस्सा मात्रै हो । सूचना प्रविधिको भूमिका सूचना र ज्ञानको संचारमा भन्दा अर्थतन्त्र र अन्य क्षेत्रमा बढी छ । यसैले यसलाई बन्द गर्नु एफएम रेडियो, अखबार वा टेलिभिजनजस्ता आमसंचार माध्यम बन्द गर्नुजस्तो कदापि होइन । माघ १९ गतेको कदमप्रति मित्र राष्ट्रहरू बढी आक्रोशित बन्नुमा सूचना प्रविधलाई बन्द गर्नु एउटा प्रमुख कारण थियो । किन भने इमेल, इन्टरनेट र अन्तर्राष्ट्रिय टेलिफोन बन्द भएपछि मानिसहरू सूचना र ज्ञानभन्दा पनि बढी दैनिक कारोवार, आफन्तसँग संवाद, स्वास्थ्योपचार आदि आधारभूत सुविधाबाट बंचित भएका थिए ।

सूचना प्रविधिको नेपालमा धेरैले उपयोग गरेको सेवा मोबाइल फोन हो जसबाट परम्परागत फोनले दिएको संवाद सुविधाबाहेक एसएमएस, मनोरंजन तथा विविध सुविधा दिइरहेको थियो । अहिले राजधानी लगायत विभिन्न शहरका एक लाखभन्दा बढी मानिससँग रहेका मोबाइल सेटहरूले माघ १९ को तीतो सम्झना दिलाइरहेका छन् । प्रणहीन तर सुन्दर ती सेटहरूलाई देख्दा युवा पुस्तामा वर्तमान व्यवस्था र आफू बाँचेको समाजप्रति कस्तो विचार उत्पन्न हुन्छ होला अनुमान गर्न सकिन्छ । यसले वर्तमान सत्ताबारे सकारात्मक सन्देश अवश्य पनि दिँदैन ।

एकातिर मोबाइल फोनलाई सूचना संचार गर्ने साधनको रूपमा मात्र लिनु भूल हो भने अर्कोतिर कुनै पनि साधन र प्रविधिको दुरूपयोग भएमा नियम कानुनु अनुसार दुरूपयोग रोक्नुको सट्टा त्यो साधन र प्रविधिलाई नै बन्द गरिदिनु बुद्धिमानी होइन । यसले देशको आर्थिकमात्र होइन बोद्धिक स्वास्थमाथि पनि नराम्रो प्रभाव परिरहको कुरामा कुनै शंका छैन ।

२०६२ वैशाख, अप्रिल २००५

# घण्टाकर्णको कानमा एफएम ?

काठमाडौँ उपत्यका अनेक प्रकारका देवीदेवता, भूत, प्रेत र राक्षसहरूको लागि नामी छ । यहाँ टुंडिखेल, चोक र मन्दिरहरूमा अझै पनि विभिन्न प्रकारको दानवहरूको मन्दिर वा बास भएको कल्पना गरिन्छ । उनीहरूलाई वार्षिक पूजा, राँगो, भात, रक्सी ख्वाउनका लागि गुठीको समेत व्यवस्था छ । यहाँको वायु गुठी पनि निक्कै धनी थियो । तर त्यसको जग्गा धेरैले पचाएको कुरा केही महिना पहिलेको अखबारमा आएको थियो ।

घण्टाकर्ण यस्तै एउटा राक्षसको नाम हो । जसको जात्रा काठमाडौँमा हरेक वर्ष गरिन्छ । गल्ली गल्ली र चोकचोकमा केटाकेटीहरूले घण्टाकर्णको मूर्ति बनाएर जगात (कर) लिन्छन् । घण्टाकर्णको नाममा भोज खान्छन् । घण्टाकर्णको विशेषता के हो भने उसले दुबै कानमा ठूलाठूला घण्ट झुण्ड्याएको हुन्छ । उसलाई कसैले भगवानको नाम लिएको वा गुण गाएको मन पर्दैन । ऊ भगवानको नामै सुन्न चाहन्न । भगवानको नाम, भजन, कीर्तन सुन्नु पर्ला भनेर उसले कानमा घण्ट झुण्डाएको थियो । तर विडम्बना के भयो भने त्यही घण्टले गर्दा उसको ध्यान भगवानको नाममा केन्द्रित भएछ । अनित भगवानको नामै सुन्न नचाहने दैत्य मरेपछि वैकुण्ठलोक पुगेछ । यो कथा हो ।

एफएम स्टेसन बन्द भएपछि म आफै घण्टाकर्ण भएको अनुभव गरेँ । एफएम स्टेसनबाट समाचार वा समाचार मूलक कार्यक्रम बज्न रोक लागेपछि रेडियो सेट मलाई घण्टजस्तै लाग्न थाल्यो । किनकि रेडियोले समाचार नै नबजाएपछि घण्ट बज्नु र रेडियो बज्नुमा केही फरक रहेन । घण्टले घण्टी बजाएझैँ रेडियोले दिनरात संतीत सुनाउन थालेपछि कसैले कसैको आलोचना पनि सुन्न परेन । कसले काम गरेन, कसले भ्रष्टाचार गर्‍यो, जनतालाई के पीरमर्का पर्‍यो इत्यादि कुराको चासो राख्ने र सुनाउने तत्व नै हराएपछि हाइसंचो भयो ।

घण्टाकर्णमा परिणत भएको दिन अर्थात गएको माघ १९ गते म पोखरामा थिएँ । म जुन कार्यक्रममा भाग लिन गएको थिएँ त्यसको उद्घाटन तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले गर्ने भएका थिए । विहान दस बजे उद्घाटन कार्यक्रम थियो । तर विहानैदेखि काठमाडौँमा केके हुँदैछ भन्ने अनेक हल्ला चल्न थाल्यो । आखिर प्रधानमन्त्री नआउने र राजाबाट विशेष घोषणा हुने खबर थाहा भयो । कार्यक्रम छाडेर सबै जना होटलका कोठाकोठामा गएर राजाको भाषण टीभीमा तात्तातै हेर्न थाले । सुरुमा म हलमै बसेर रेडियो सुनिरहेको थिएँ । तर भाषणको विषयवस्तु सुन्दै गएपछि टीभीमै हेर्न मनलाग्यो र कोठामा गएर हेर्न थालेँ ।

भाषण नसकिँदै होटलको टीभी च्यानल बन्द भयो । अनि रेडियो खोलेँ । पोखरामा चार वटा एफएम छन् । तर पालैपालो एफएम पनि बन्द भयो । के भएको होला भनी बुझ्न होटलको लाउन्जमा गएँ । त्यहाँ अरू मानिसहरू पनि उत्सुक भएर कुरा गरिरहेका थिए । फोन पनि बन्द भइसकेको रहेछ ।

२०१७ साल पुस १ गतेको घोषणा हुँदा देशमा एफएम थिएन । सर्टवेभ रेडियोबाट राजा महेन्द्रको घोषणा सुनेको सम्झना भयो । भारतमा इन्दिरा गान्धीले इमर्जेन्सी लाउँदा त्यहाँबाट निस्कने अखबारहरू कालो पोतेर निस्केको सम्झेँ । अहिले प्रविधिले ठूलो फडको मारिसकेको छ । सूचना र ज्ञान बाँडने अनेक, अकल्पनीय तरिकाहरू आइसकेका छन् । तर बायु, भूत, प्रेतको पूजा पनि चलेकै छ ।

२०६२ जेठ, जुन २००५

# यो आन्दोलन पत्रकारको लागि होइन

गोरखापत्रका सुरुसुरुका दिनमा केही थान गोरखापत्र सुनौला अक्षरमा छापेर दरबार अर्थात् श्री ३ महाराजकहाँ पठाइन्थ्यो । त्यस बेला रेडियो र टेलिभिजन पनि सुरु भएको भए कसरी सुनाइन्थ्यो वा नजर गराइन्थ्यो होला ? यसको जवाफ दिन गाह्रो छैन । अहिलेको सरकारको मिडियाबारे दृष्टिकोण र रणनीतिलाई हेर्दा सजिलैसँग अडकल गर्नसकिन्छ ।

प्रेस र सरकारबीचको द्वन्द्व प्रजातान्त्रिक मुलुकमा नयाँ कुरा होइन । बाह्र वर्षे प्रजातान्त्रिक कालमा यसको अभ्यास पर्याप्त मात्रामा भएको हो । अभिव्यक्ति स्वतन्त्रता र जनताको हकको लागि पत्रकारहरू जेलनेल सहन त्यस बेला पनि तयार थिए । पत्रकारहरू जेलयात्रालाई तीर्थयात्राभन्दा पवित्र ठान्थे । यसैले जनताको मनमा प्रेसप्रति सम्मान जाग्नुका साथै स्वतन्त्र प्रेसको अनिवार्यतामा विश्वास बढेको हो ।

तर अहिले देशभरिका पत्रकारहरू जुन उद्देश्यका लागि आन्दोलित भएका छन् त्यो उद्देश्यको प्रकृति प्रजानन्त्रकालीन संघर्षहरूको भन्दा बेग्लै छ । पत्रकारहरूको आन्दोलन अहिले प्रजातन्त्रका मूलभूत कुराहरूमा आधारित छ ।

२०५९ असोज १८ मा पहिलो पटक जनाधिकारको हनन हुँदा प्रेस स्वतन्त्रतामाथि बन्देज लाग्ने छ भन्ने धेरैले अडकल गरेका थिए । केही प्रकाशन गृहमाथि भ्रष्टाचारी मन्त्रीसँग मुछेर कार्वाही हुँदा पनि स्वतन्त्र प्रेसलाई तर्साउने चाल भनी केहीले शंका गरेका थिए । तर प्रेसमाथि सोझै हमला गरिएको थिएन । कतिपय मानिसले पाकिस्तानमा जनरल मुसर्रफले सैनिक शासन लागू गरे पनि प्रेसलाई स्वतन्त्र छाडेको उदाहरण दिँदै नेपालमा पनि त्यस्तै भएको अनुमान गर्ने गर्थे । आमसंचार माध्यमको सम्बन्धमा सरकारले गर्ने हरेक प्रकारका सोझो र घुमाउरो कदमप्रति नेपाली मिडिया जगत निक्कै शंकालु र सचेत हुँदै थियो । अगुल्टोले हानेको कुकुर बिजुली देखेर तर्सन्छ भने झैं आफूसँग सम्बन्धित हरेक खालका निर्णय प्रति मिडिया जगत सजग हुँदै आएको थियो । तर गएको माघ १९ गतेपछि प्रेसमाथि सुरु भएको दमनले मुसर्रफ नीतिलाई पाखा पार्‍यो र प्रेसका घाँटी कुन बेला निमोठिने छ भन्ने त्रास कार्यान्वयनमा परिणत हुनथाल्यो ।

आन्तरिक द्वन्द्व वढदै गएपछि द्वन्द्वरत पक्षहरूबाट पत्रकारहको हत्या, थुनछेक, मानसिक तथा शारीरिक यातना दिने क्रम बढिरहेकै थियो । नेपाल विश्वमै पत्रकारहरूको लागि प्रताडना भूमिको रूपमा चिनिन थालेको थियो । तर अहिले आएर प्रेस स्वतन्त्रता नै हनन गर्ने कालो इतिहास सुरु भएको छ ।

पत्रकारहरूले प्रेस स्वतन्त्रता बहालीका लागि नयाँ चरणको संघर्षको कार्यक्रमको घोषणा गरेका छन् । पहिलो चरणको कार्यक्रमप्रति सरकारको असहिष्णु र नकारात्मक प्रतिक्रियाले गर्दा दोस्रो चरणको कार्यक्रम ल्याउनु परेको स्पष्टै छ ।

पत्रकारहरूको यो संघर्ष उनीहरूको गासबासको लागि नभएर आमजनताका आधारभूत मानवीय हक अधिकारका लागि हो । यो प्रजातान्त्रिक आन्दोलनकै अंग हो । तर आमजनतामा पत्रकारहरूको आन्दोलनप्रति जति समर्थन र सहयोग हनुपर्ने हो त्यति हुनसकेको छैन । पत्रकारहरू हाम्रो हकहितका लागि लडिरहेका छन् भन्ने सोचाइ पर्याप्त मात्रामा आइनसकेको देखिन्छ । अझै अचम्म लाग्दो कुरा के छ भने राजनीतिक नेताहरूले पत्रकारले लडिरहेको यो लडाइँलाई पत्रकारहरूले उनीहरूको लागि लडिरहेको लडाइँको रूपमा लिनु त कता हो कता उनीहरूको लडाइँको अंगको रूपमा सकेत लिन सकिरहेका छैनन् । स्वतन्त्र प्रेस र पत्रकारहरूको योगदानको बारेमा उनीहरूको अनभिज्ञता वा निरपेक्ष भाव आश्चर्य लाग्दो मात्रै होइन, दुःख लाग्दो पनि छ ।

२०६२ असार, जुन २००५

# सूचना प्रविधिमा पनि प्रतिगमन ?

संसारको कुनै पनि भागमा भएको घटनाको समाचार सुन्न, पढ्न वा हेर्न अब अखबार, रेडियो वा टेलिभिजन चाहिँदैन । टेलिफोन जडित कम्प्युटरले अखबार, रेडियो र टेलिभिजनले गर्ने सबै काम गर्छ । ती तीन वटै परम्परागत आमसंचार माध्यमभन्दा कम्प्युटर अझ प्रभावकारी छ, किन भने परम्परागत मिडियाले एकतर्फी सन्देश प्रसार गर्छ भने कम्प्युटरमा जसले पनि सन्देश प्राप्त गर्न र प्रसार गर्नसक्छ । वास्तवमा उपयोग गर्न जान्यो भने हरेक कम्प्युटर सिंगो रेडियो र टेलिभिजन स्टेसन हो । साथै यो आफैं प्रकाशन गृह पनि हो ।

यसैले हिँजोसम्म संसारका प्रजातान्त्रिक देशहरूमा राज्यको चौथो अंग मानिएको प्रेस/पत्रकारिताको महत्व थियो भने अहिले आएर छैटौँ अंगको प्रभाव निरन्तर बढिरहेको छ । मोबाइल फोनमा एकैचोटी हजारौँ मानिसलाई छोटा सन्देश (एसएमएस) पठाउने देखि लिएर इमेल इन्टरनेट हेर्ने र आफैले इमेल इन्टरनेटबाट अक्षर, ध्वनि, चित्र, चलचित्रको रूपमा सन्देश पठाउनेहरूको संख्या द्रुत गतिले बढिरहेको छ । आफूलाई चाहिएको जानकारी र ज्ञानगुनका कुरा चाहेको बेलामा लिने र आफूलाई मनमा लागेको कुरा, विचार, सन्देश तत्काल संसारभरि पठाउने मानिसहरूको संख्या अब झण्डै आधा अरब पुगेको अनुमान छ ।

अहिले नयाँ सूचना प्रविधिमार्फत समाजको हित पूरा गर्ने र असामाजिक, अमानवीय काम र दुःखपीडाको विरुद्ध आवाज उठाउनेहरूको विशाल जमात संसारभरि तयार भएको छ र यही जमात अहिले विश्वमा छैटौँ सत्ताको नामले परिचित हुँदैछ । यस्ता उदाहरण नेपालमा पनि प्रसस्तै छन् ।

वास्तवमा छैटौँ सत्ता विश्वभरि शक्तिशाली बन्दैछ । कतिपय अवस्थामा यसले परम्परागत चौथो सत्तालाई पनि ओझेलमा पार्न थालेको छ । उदाहरणका लागि सुनामी महाभूकम्पको समाचार र भिडियो चित्रहरू पत्रकारहरूले भन्दा पहिले शौकिन, गैरपत्रकारहरूले आआफ्नो भिडियो क्यामेरा, डिजिटल क्यामेरा र कम्प्युटरबाट विश्वभरि प्रवाहित गरेका थिए । संसारका प्रमुख मिडियाले समेत ती शौकिन पत्रकारहरूले बटुलेका सामग्री उपयोग गरेका थिए ।

यसरी निरन्तर शक्तिशाली बन्दै गएको प्रविधिलाई गएको माघ १९ गते नेपालमा रोक्ने कोशिस गरियो । यदि सूचना प्रविधिले सूचनामात्रै प्रवाहित गर्ने गरेको भए प्रतिगमनको अन्त्य नभएसम्म नेपालमा यो प्रविधि बन्द नै हुने थियो । तर यो बिना आर्थिक कारोवार, पर्यटन, उद्योग, व्यापार, औपाधोपचार, वैदेशिक रोजगार, रिमिटेन्स रकमको आगमन इत्यादि कुनै पनि आधुनिक कारोवार नचल्ने भएको हुनाले वाध्यतावश सूचना प्रविधिलाई एक साता बन्दी बनाएपछि मुक्त गरिएको हो ।

त्यसपछि राज्यले कतिपय वेबसाइटहरू नेपालबाट हेर्न नसकिने बनाएको छ । प्रतिगमनको विरोधको गन्ध आउने वेबसाइटहरू धमाधम बन्द गरिँदै छन् । यो प्रविधिको प्रयोगकर्ताले इजाजत लिनुपर्ने अप्रजातान्त्रिक नियम कानुनहरू बन्न लागेको पनि बाहिर आउँदै छ । के सूचना प्रविधिमा प्रतिगमन संभव छ ?

वास्तवमा इन्टरनेटको विकास नै सूचनाको निर्वाध प्रवाहको सिद्धान्तको आधारमा भएको थियो । विश्वयुद्धमा संचारका साधनहरू ध्वस्त भएको खण्डमा पनि सूचनाको प्रवाह नरोकिने गरी इन्टरनेटको विकास गरिएको थियो । यसैले कसैले इन्टरनेटलाई सेन्सर वा नियन्त्रण गर्नु संभव देखिँदैन ।

माघ १९ मा नेपालमा इन्टरनेट र इमेल रोकिएपछि नेपालस्थित विदेशी नियोगहरूले आफ्नो इन्टरनेट सम्पर्कको आधार नेपालबाहिरको भूउपग्रहीय व्यवस्थामा सारेका थिए । प्राविधिक दृष्टिले भारतीय उपमहाद्वीपमा अन्तरिक्षमा स्थापित कुनै पनि संचार भूउपग्रहबाट नेपालमा इन्टरनेट सेवा संचालन गर्नसकिन्छ । नेपालभित्रका आइएसपीहरूलाई तर्साएर उनीहरूको माध्यमबाट प्रतिगमन विरोधीहरूको वेबसाइट बन्द गर्न गरिने प्रयास एकैछिनका लागि काम लागे पनि प्राविधिक दृष्टिले यो बन्देज कायम राख्नु सम्भव छैन । एक्काइसौं शताब्दीमा सूचना प्रविधिलाई नियन्त्रण गर्न खोज्नु समाजलाई बिसे नगर्चीको समयभन्दा पहिलेको युगमा फर्काउनुजस्तै हो । यसैले बुद्धि भए सूचना प्रविधिलाई देशको विकासमा लगाऔं । दुनियाँलाई हँसाउने काम बन्द गरौं ।

२०६२ असार, जुलाई २००५

# प्रेस स्वतन्त्रताका लागि अन्तर्राष्ट्रिय मिसन

गएको माघ १९ को शाही कदमको सबैभन्दा धेरै प्रभाव नेपालको आमसंचार माध्यम र यसका उपभोक्तमाथि परेको छ । शाही कदमको उद्देश्य आतंकको विरोध र शान्ति स्थापना भएको भए मिडियालाई यसको लागि उपयोग गर्नु पर्ने थियो तर उल्टो मिडियालाई दमन गरेर जनताको सूचित हुने अधिकार खोसेर त्रास र आतंक बढाउने काम भएको छ । यसबाट शाही कदमको नियत स्पष्ट हुन्छ ।

वितेको पाँच महिनाको अनुभवबाट यो साबित भइसक्यो कि माघ १९ को घोषित उद्देश्य निरर्थक भइसकेको छ । निहित उद्देश्यमात्र बाकी छ । त्यो पूरा गर्नका लागि मिडियामाथि किन प्रहार गर्नु पर्‍यो भन्ने कुरा पनि स्पष्टै छ । किनकि स्वतन्त्र मिडिया भएको समाजमा निरंकूश व्यवस्था मौलाउनसक्तैन ।

नेपालमा मुस्किलले सैयकडा एक नेपालीले अखबार पढ्छन् । तर सयकडा सत्तरी जना भन्दा धेरै मानिसले रेडियो सुन्छन् । यसैले नेपालमा रेडियो यति धेरै लोकप्रिय भएको हो । माघ १९ को शाही कदमले पहिलो प्रहार नै रेडियोमाथि गरेको र अहिलेसम्म त्यसमाथि सौतेनी व्यवहार गरिरहेको कुराबाट पनि प्रस्ट हुन्छ कि सत्ता रेडियोबाट साह्रै डराएको रहेछ । त्रिचन्द्र कलेज खोल्दा चन्द्र शमशेर पनि त्यत्तिकै डराएका थिए । किनकि शिक्षित जनताले एकतन्त्री शासनलाइ सहन्न भन्ने कुरा उनले बुझेका थिए ।

बितेको पाँच महिनाले अर्को कुरा पनि साबित गरेको छ । नेपालमा राजतन्त्र र प्रजातन्त्र सँगसँगै जान नसक्ने रहेछ । तीनतीन पटक अर्थात् सात, सत्र र एकसठ्ठी सालको इतिहासले यो कुरा साबित गरिसकको छ । तर यो कुरा पनि स्पष्ट छ कि एककइसौं शताब्दीका नेपालीहरू जसले पन्ध्र वर्षको प्रजातन्त्रको स्वर्णयुग उपभोग गरिसकेका छन् अब पृथ्वीनारायण शाहले आर्जेको मुलुकको रैती बनेर बस्न सक्तैनन् ।

स्वतन्त्रता नेपालको नयाँ पुस्ताको प्राणवायु र उर्जा हो । यो उर्जालाई प्रज्वलित गर्ने तत्व स्वतन्त्र प्रेस हो । अहिलेको नेपाली प्रेस सत्र सालको जस्तो होइन । उसलाई सघाउन अहिले जिउँदो जाग्दो अन्तर्राष्ट्रिय समुदाय जागरुक छ । एक जना नेपाली पत्रकारले दुःख पाउँदा, थुनिँदा वा मारिँदा विश्वभरिका संचारकर्मी, मानवअधिकारबादी तथा स्वतन्त्रताका हिमायतीहरू एकस्वरले कराउँछन्, सघाउँछन् ।

यही अन्तर्राष्ट्रिय भ्रातृत्व र सहयोग अहिले मूर्त रूपमा देखिएको छ । स्वतन्त्र प्रेस, पत्रकारको हकहित तथा जनताको सूचित हुने अधिकारका बारेमा कार्यरत अन्तर्राष्ट्रिय अग्रणी संस्थाका प्रतिनिधिहरू अहिले नेपाल आएका छन् । उनीहरूले नेपालमा प्रेस स्वतन्त्रता वस्तुस्थिति बुझ्दैछन् । यो साताको आखिरमा फेरि मिडिया र नागरिक समाजका मानिसहरूसँग विस्तृत छलफल गरेपछि नेपालमा प्रेस स्वतन्त्रतालाई पुनर्बहाली गर्न के गर्नु पर्छ भनेर ठोस कार्यक्रम बनाउने आशा छ ।

यसबीच संचार निकाय तथा नागरिक समाजका प्रतिनिधिहरूसँग भएको छलफलमा यो कुरा स्पष्ट भइसकको छ कि प्रेस स्वतन्त्रताको लडाई एक्लो संचारकर्मीहरूको लडाइँ होइन । यो लडाई प्रजातन्त्रको लागि लडिने लडाइँको अभिन्न अंग हो । प्रजातन्त्र मास्ने योजनाकै हिस्साको रूपमा संचारको घाँटी निमोठ्ने काम भएको हो ।

यसैले संचारकर्मी र नागरिक समाजले मात्रै यो कुरा बुझेर भएन । प्रजातन्त्रको लडाइँका अग्रपंक्तिका योद्धा भनेका राजनीतिक दल र नेताहरू नै हुन । उनीहरूले नताने सम्म पछडिबाट घचेटेर केही हुँदैन । एजेन्डा स्पष्ट छ, लक्ष पनि स्पष्ट छ भने अगुवाहरू किन अगाडि छैनन ? आममानिसले यो कुरा बुझ्नसकेका छैनन् । त्यसैले अन्तर्राष्ट्रिय टोलीले मिडियालाई मात्रै हैन प्रजातन्त्रकै आन्दोलनलाई घच्घच्याउन सघाओस् भन्ने अपेक्षा नागरिक समाजले राख्नु अस्वाभाविक होइन ।

२०६२ असार, जुलाई २००५

# कलम बन्धकी राखेर आत्मघाततिर ?

केही दिनअघिसम्म देश पंचायती कालतिर अग्रसर बढिरहेको जस्तो लाग्थ्यो । तर अहिले आएर यो कुरा गलत साबित हुँदैछ । वास्तवमा देश सात साल पहिलेको स्थितितिर तीब्रगतिले अगाडि बढिरहेको स्पष्ट हुँदैछ । तर सात सालमा झैँ जनताले क्रान्ति गरेर राजालाई राणाहरूको घेराबाट मुक्त गरी पुनस्थार्पित गर्ने काम फेरि गर्ला कि नगर्ला भन्न सकिन्न ।

पुनर्गठित मन्त्रीमण्डलमा परेका पूर्वपंच, तस्कर र अपराधीहरूको नामको सूचीले नै देश एउटा ठूलो दुर्घटातिर अगाडि बढिरहेको छ भन्ने संकेत दिइसकेको छ । नयाँ मन्त्रीका नयाँनयाँ चमत्कारहरू जनताले भोग्न बाकी नै छ । तैपनि तीन चारदिन भित्रै जेजति कदम उठाइएका छन् र जेजस्ता अध्यादेशहरू जारी भएका छन् तिनले नै भावी सुनामीको संकेत स्पष्ट रूपमा दिइरहेको छन् ।

सरकारी अखबार गोरखापत्रले ७६ वर्षअघिको राणाकालीन नाम गोर्खापत्र धारण गर्नु र नामको मुन्तिर भानुभक्तकालीन भाषामा 'निरोगी सबै हुन् सबै हुन् सुखीया । सबै बेस देखुन नहुन् क्वै दुखीया ॥' भन्ने नारा छाप्नु कुनै संयोग होइन, राणाकालीन व्यवस्थातिर फर्कने प्रतिगमनको स्पष्ट संकेत हो यो । गोरक्षनाथ, गोरखनाथ हुँदै गोरखा शब्द बनेको वास्तविकतालाई चटक्क बिर्सेर गोर्खापत्र नै सही शब्द हो भन्ने बौद्धिक कसरतमा केही प्राडाहरू लागिसकेका छन् ।

कर्मचारीहरूले पेशागत हितको लागि संगठन (ट्रेड युनियन) बनाउन नपाउने अध्यादेश आइसकेको छ । पूर्व प्रधान सेनापतिले अब गाउँगाउँमा युवाहरूको रक्षा समिति बनाउने कुरा भनिसकेको छ । संविधानको दुहाइ दिएर नथाक्ने सरकारले संविधानकै भावनालाई मिचेर लोक सेवा आयोगले दिएको परामर्श मान्न सरकारलाई कर छैन भनेर एक जना मन्त्रीले भनिसकेको छ । शिक्षा क्षेत्रलाई दास उत्पादन गर्ने कारखाना बनाउने अभ्यास पनि सरकारले थालिसकेकोछ । साथै निरंकूश व्यवस्थालाई सघाउने खालको दासप्रेसको खोजतिर पनि मन्त्रीहरू लागिपरेका छन् ।

देश जुन व्यवस्थातिर अग्रसर भइरहेको छ त्यो व्यवस्थामा पुऱ्याउने अर्थतन्त्र, शिक्षा र प्रेस हुनै पऱ्यो । यसैले नेपाली प्रेसलाई सके दास बनाउन नसके मुख थुन्न अनेक अभ्यास भइरहेका छन् । पंचायतकालमा एक जना मंजुरत्न थिए भने अहिले धेरै मंजुरत्नहरू प्रकट हुन थालेका छन् । सत्ताले राज्यका स्रोत र साधनहरू जनतालाई विभाजित गर्ने काममा खर्च गरिरहेको छ ।

देश स्पष्ट रूपमा दुई ध्रुवमा बाँडिदै छ । माघ १९ लाई शीरोपर गर्ने र नगर्नेहरूबीचको विभाजन विभिन्न क्षेत्रमा देखिन थालेको छ । यो विभाजन अन्य क्षेत्रमा देखिनु केही मात्रामा स्वाभाविक भएता पनि प्रेस र पत्रकारको सवालमा पनि यो विभाजन देखिनु साह्रै लाजलाग्दो कुरा हो । किन भने प्रेस भन्नु नै स्वतन्त्र अभिव्यक्ति र प्रजातन्त्रको अर्को नाम हो ।

प्रजातन्त्रबिना प्रेस बाँच्नै सक्तैन । यसैले कुने पनि पत्रकारको मनमा माघ १९ लाई लिएर दुविधा हुनै सक्तैन । माघ १९ लाई मान्नु भनेको आफ्नै अस्तित्वलाई नकार्नु अर्थात् आत्महत्या गर्नु हो किनकि निरंकूश व्यवस्थामा प्रेसले आफ्नो दायित्व पूरा गर्नै सक्तैन ।

आस्थाको आधारमा संगठित हुने अधिकार सबैलाई हुन्छ । पत्रकार पनि आस्थाका आधारमा संगठित हुनसक्छन् । तर प्रेस स्वतन्त्रतालाई नै बलिदान गर्ने सिद्धान्तको आधारमा कोही पनि सच्चा पत्रकार संगठित हुनसक्तैन । आफ्नो कलम बन्धकी नराखी कुनै पनि पत्रकारहरूले माघ १९ लाई समर्थन गर्न सक्तैन ।

२०६२ सायउन

# बालबालिका र मिडिया : सर्जकको भूमिका

आधुनिक समाजमा मिडियाद्वारा लक्षित र मिडियाको दुष्प्रभावमा पर्नसक्ने सबैभन्दा खतरामा परेको (भल्नरेबल) वर्ग बालबालिका नै हो । नेपालमा दुई दशकअधिसम्म बालबालिकाको भौतिक तथा मानसिक आवश्यकता आमाबाबु वा अभिभावकहरूले पूरा गर्थे भने अहिले बजारले गर्न थालेको छ । तर बजारले नाफा हेर्छ अभिभावकले झैँ बालबालिकाको हित हेर्दैन ।

उहिलेका बालबालिकाले के खाने, के लाउने, के सिक्ने, के खेल्ने, कसरी रमाइलो गर्ने आदि  कुराहरू अभिभवक, आमाबाबु वा गुरुहरूबाट सिक्थे भने अहिले दूधेबालकको उमेरदेखि नै टेलिभिजन, इन्टरनेटजस्ता आधुनिक संचार माध्यमहरूले सिकाउन थालेको छ । सिक्ने सिकाउने, बानी बसाल्ने तथा विश्वास र धारण बनाउने मामिलामा अभिभावक र शिक्षकको भूमिका निरन्तर घटिरहेको छ । कतिपय अवस्थामा उनीहरूको भूमिका नकारात्मक पनि बन्दैछ ।

टेलिभिजन, रेडियो र पत्रपत्रिकाले बालबालिकालाई लक्षित गरेर बौद्धिक खुराक उत्पादन र प्रचार प्रसार गर्ने प्रवृत्ति विश्वव्यापी रूपमै बढिरहेको छ । ठूला उद्योगी तथा व्यापारीहरूले मिडियामार्फत बालबालिकासमक्ष पुग्ने होड विश्वभरि नै बढेको छ । यसको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव मिडिया उद्योगको आम्दानी र बालबालिकालाई लक्षित गरी उत्पादन गरिने विज्ञापनमात्रै होइन, साहित्यिक तथा बौद्धिक खुराकको विषयवस्तु र गुणस्तरमै पर्न थालेको छ ।

बालबालिकाहरूको मानसिक खुराकको बारेमा अभिभाकहरू पनि पर्याप्त मात्रामा सचेत र शिक्षित छैनन् । बालबालिकामाथि विज्ञापनको कत्तिको असर पर्छ भन्ने बुझ्न स्कुलका खाजको बट्टा हेरे पुग्छ । अभिभवकहरू पनि बालबालिकाको माग सहजै अस्वीकार गर्न सक्तैनन् । उनीहरूले पनि सामग्रीको गुणस्तर विश्लेषण प्रायः गर्दैनन् । उनीहरूलाई तयारी सामान किनिदिनु नै सजिलो  लाग्छ । आधुनिक देखिने चाहना, सामाजिक हैसियत, इजजतको नाममा पनि कतिपय अभिभावकहरूले आफ्ना सन्तानलाई गुणस्तरहीन बजारी सामानको उपभोक्ता बनाइरहेका छन् ।

बालबालिकाले सानैदेखि खाने गरेको कुरा जीवनभरि मिठो मानेर खाएझैँ सानैदेखि परेको धारणा र विश्वास जीवनभरि कायम रहन्छ । उनीहरूमा कुनै भौतिक वा मानसिक खुराक वा समग्रीप्रति रुचि जगाउनु वा कुनै विषयबारे धारणा बनाउने भनेको उसलाई जीवनभरि त्यो विषय वा वस्तुको उपभोक्ता, हिमायती र दास बनाउनुजस्तै हो ।

मिडियाको हिँजोको कल्याणकारी भूमिका बिस्तारै फेरिएर व्यावसायिकताको नाममा नाफामूखी हुँदै गइरहेको छ । मिडियालाई हिँजोजस्तै गरी आँखा चिम्लेर स्वीकार गर्नु खतरामुक्त छैन । मिडियाका विषयवस्तु, तिनीहरूमा अन्तर्निहित स्वार्थको बारेमा बहस र विश्लेषण नगरी प्रचार र प्याकेजिङको आधारमा स्वीकार गर्ने बानी नफेरिनहुने अवस्था आइसकेको छ ।

मिडियालाई आलोचनात्मक ढंगले ग्रहण गर्ने बानी विकास गर्नु आजका अभिभावक र बालबालिकाका लागि अति आवश्यक छ । मिडियालाइ आलोचनात्मक ढंगले ग्रहण गर्नु पर्ने धारणको विकास झण्डै तीन दशकअघिदेखि कतिपय देशमा भइरहको छ । तर नेपालमा मिडिया एजुकेसनको नाममा पत्रकारिता र आमसंचार विषयको पढाइ हुने गरेको छ । शिक्षाशास्त्रीमात्र होइन समाजशास्त्रीहरूको पनि यसमा पटक्कै ध्यान पुगेको छैन । लेखक तथा साहित्यकारहरू त झन कोशौं टाढा छन् । भोलिको उनीहरूको बालसाहित्य वा बालबालिकाका लागि लेखनको विषयवस्तुलाई कसरी मल्टी नेसनल र राष्ट्रिय उद्योगहरूले प्रभाव पार्दैछ भन्ने कुरा बुझ्न ढिलो भइसकेको छ ।

अहिले नेपालमा बालपत्रकारहरूको संख्या निक्कै बढेको छ । तर बालपत्रकारहरूको गतिविधि अहिले मुख्य रूपमा बालहितमा कार्यरत राष्ट्रिय र अन्तर्राष्ट्रि संस्थाहरूको एजेण्डासँग गाँसिएको छ । बालबालिकाका अधिकारहरूको बारेमा सचेतना जगाउने, उनीहरूको कहहितको बारेमा लेख्ने र केही मात्रामा भविष्यका पत्रकार उत्पादन गर्ने उद्देश्यमा सीमित अहिलेको गतिविधि र संगठित शक्तिलाई ब्यापक बनाएर आमसंचार शिक्षा (मिडिया एजुकेसन) तिर उन्मुख हुनु अति आवश्यक छ । बालबालिकाका लागि बौद्धिक तथा मनोरंजनात्मक खुराक उत्पादन गर्ने लेखक तथा साहित्यकारहरूको भूमिका साह्रै महत्वपूर्ण छ । स्रष्टाहरूको यो महत्वपूर्ण भूमिकालाई नेपाली लेखक तथा साहित्यकारहरूले फेरि आत्मसात गर्नु परेको छ । सर्जकको स्वाभिमान फेरि पलाउनु जरुरी छ ।

२०६२ भदौ, अगस्ट २००५

# कार्टुनको कमाल !

स्वस्थानी कथामा महादेवले सतीदेवीको लास बोकेझैँ नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले काँधमा बोकेको घोडाको सिनो नेपाली कांग्रेसले पार्टीको विधानबाट मिल्काउने निधो गर्‍यो । साथै नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले पनि लोकतान्त्रिक गणतन्त्रको नारा लिएर आन्दोलनमा जाने निर्णय गर्‍यो । सडकमा घन्केको नारा अन्ततः देशका दुई प्रमुख राजनीतिक दलका एजेण्डा बने । ख्यालख्यालमै स्याल पल्टेको हो कि वास्तवै देश गणतन्त्रका लागि तयार भएको हो ?

पुराणमा हजार जिब्रो भएका शेषनागले पनि ईश्वरको महिमा गाउन सक्तैन भनिन्छ । तर हजार शब्दले गर्न नसक्ने काम वात्स्यायनको एउटा कार्टुनले गर्‍यो । २००४ सालमा प्रजापरिषदको एउटा पर्चाले राणा शासनलाई हल्लाएझैँ केही दिनअघि मात्रै सरकारलाई कमजोर नठान्न हाँक दिने सरकारी प्रवक्तालाई एउटा कार्टुनले हल्लाइदियो ।

कार्टुन देखेर प्रवक्ता यति तिल्मिलाए कि होस गुमेको मानिसझैँ बर्बराउन थाले । फलस्वरूप विश्वभरि नेपालको अभिव्यक्ति र प्रेस स्वतन्त्रताको पोलपट्टी खुल्यो । उनले कार्वाही गर्छु भनेको कान्तिपुर र काठमाडौँ पोष्टको पक्षमा साथै नेपालको अभिव्यक्ति र प्रेसस्वतन्त्रताका लागि विश्वभरि आवाज उठ्यो । नेपाली कार्टुनको इतिहासमा वात्स्यायनले इतिहास बनाए भने कान्तिपुर पब्लिकेसनले नेपाली प्रेसको इतिहासमा एउटा कोसेढुँगा गाड्यो ।

समयले कसैलाई पर्खन्न । सबैको हाईहाई बनेको व्यक्ति वा विषय केही समयमै बाईबाई हुन बेर लाउन्न । जनता जागे भने जे पनि हुनसक्छ । एककाइसौँ शताब्दीको परिवर्तनको गति अकल्पनीय छिटो छ । विश्व सांगुरिएको छ । कुनै पनि देशलाई फलामको पर्दाभित्र राखेर विश्वबाट अलग्ग गरेर शासन गर्न सकिन्न । ग्लोबलाइजेसनले आर्थिक रूपमा गरिब देशहरूलाई फाइदा दिन नसके पनि राजनीतिक रूपमा प्रजातन्त्र र मानवअधिकारको बहालीका लागि यसले निक्कै ठूलो योगदान गरिरहेको छ ।

देशका दुई प्रमुख राजनीतिक शक्तिहरूले राजतन्त्रको बारेमा पुनर्विचार गर्नु भनेको ऐतिहासिक घटना हो । यसको पछाडि आउनसक्ने खतरा र लाभमात्रै होइन यसका लागि रणनीति र कार्यक्रमका बारेमा पनि दुबै दलहरूले निश्चय नै सोचबिचार पुर्‍याएको हुनुपर्छ । नत्र यो कुरा भीडलाई शान्त पार्ने अस्थायी उपायमात्र देखिने निश्चित छ । यदि नेताहरूले यसलाई कार्यकर्तालाई तुष्टि गर्ने उपायका रूपमा लिएका रहेछन् भने यो ठूलो धोका हुनेछ । यसको परिणाम के होला भनेर पनि उनीहरूले सोचिसकेको हुनुपर्छ ।

राजनीतिक दलहरूको बाटो फेर्न लागाउने काममा स्वतन्त्र प्रेस र नागरिक समाजको प्रमुख भूमिका छ भन्ने कुरा निर्विवाद छ । स्वतन्त्र प्रेस र सचेत तथा जिम्मेवार नागरिक समाजबिना प्रजातन्त्र दिगो रहन्न भन्ने स्पष्ट भइसकेको छ । साथै स्वतन्त्र प्रेसको हिमायती न्यायालयको महत्वलाई पनि नकार्न सकिन्न । सरकार गैरजिम्मेवार भएको र संसद नभएको बेलामा स्वतन्त्र न्यायालय र प्रेसको भूमिका कस्तो हुने रहेछ भन्ने उदाहरण पनि हालका घटनाले देखाएको छ । संविधान निर्माताहरूले अभिव्यक्ति र प्रेस स्वतन्त्रको कुरा संविधानमा यति स्पष्टसँग राख्नुको महत्व पनि अहिले देखिएको छ । अदालत स्वतन्त्र रहेन भने स्वतन्त्र प्रेसको अस्तित्वमा खतरा भए झैँ स्वतन्त्र प्रेस भएन भने पनि अदालत स्वतन्त्र रहनसक्तैन । यो अन्योन्याश्रित सम्बन्धलाई दरिलो पार्नु अहिले झन आवश्यक भएको छ ।

२०६२ भदौ, अगस्ट २००५

# ट्युनिसमा हावादरी गफ

न्यायालयप्रतिको जनताको आस्थामा पहिरो गएको दिन म सर्वोच्च अदालतको विशेष इजलासमा पुगेको थिएँ । सर्वोच्च अदालतको इजलासमा जाने मेरो जीवनको त्यो पहिलो घटना जनताको सूचना पाउने हक खोसिएको साक्षी बस्न गएजस्तो भयो । वकिलहरूको बहस चलिरहको थियो, तर भित्र बाहिर बस्ने र सुन्ने कसैको पनि अनुहार हँसिलो र आशावादी देखिन्नथ्यो । शायद त्यहाँको वातावरण सँधै त्यस्तै हो कि ?

संचारसम्बन्धी अध्यादेशको मुद्दाको फैसला नभएसम्म संचार माध्यमहरू, खास गरी रेडियोलाई समाचार प्रसारण गर्न रोक्ने सरकारी प्रयासलाई रोकियोस् भनेर गरिएको मागलाई न्यायालयले आफैले झण्डै दुई महिनाअघि मात्र स्थापित मान्यतालाई आफैले तोडेर स्थगन आदेश दिनुनपर्ने निर्णय सुनायो । फलस्वरूप सरकार कालो अध्यादेश कार्यान्वयन गर्न फुक्का भयो ।

संयोग भनौं या दुर्योग त्यही दिन राजा बंगलादेश हुँदै ट्युनिसियाको राजधानी ट्युनिसमा हुनलागेको सूचना समाजको विश्वसम्मेलनमा जाँदै थिए । त्यसको भोलि या पर्सि पल्ट संचारमन्त्री पनि त्यतातिर लागे । आफ्नो देशमा जनताको सूचित हुने हकको घाँटी निमोठेर अन्तर्राष्टिय मंचमा सूचना समाजको वकालत गर्न जाने यो कस्तो आडम्बर हो ?

नेपालले अन्तर्राष्टिय सन्धी, सम्झौता, अनुवन्धहरूमा सही गरेर जनताको अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकको ग्यारेंटी दिएको छ । संविधानमै अखबार र प्रेस बन्द गर्न नपाइने र पूर्व सेन्सरसिप लागू गर्न नपाइने प्रावधान किटान गरिएको छ । अनि अदालतले नै रेडियोलाई पनि अखबारसरहको संचारमाध्यम मानेर अखबारकै अधिकार कायम गरेको छ । यस्तो घामजस्तो उज्यालो कुरालाई पनि अँध्यारोमा पार्न खोज्दा जनताको आस्थामा निको नहुने चोट लागेको छ । न्यायालयमा पनि पंचायती व्यवस्था फर्केको अनुभव बौद्धिक वर्गले गर्न थालेको छ ।

कुनै पनि तानाशाही सत्ताको प्रहारको पहिलो निसाना सूचना र संचार हुन्छ भन्ने कुरा दिनदिनै भोगिरहेकोले दोहोर्याइराख्नु पर्दैन । निरंकूश सत्तालाई बलियो बनाउने अर्को उपाय सामाज कल्याण परिषदको आचार संहिताको रूपमा आएको छ । आचार संहिताले सबै गैरसरकारी संस्थाहरूलाई सरकारी नीति र कार्यक्रम अनुकूल चल्न वाध्य पारेकोछ ।

तर के एक्काइसौं शताब्दीका तानाशाहरूले जनताको आँखा, कान, दिमाग र मुख थुनेर आफूखशी शासन चलाउनु संभव छ ? आजदेखि तीन दिनसम्म ट्युनिसमा हुनलागेको सूचना समाजको विश्वसम्मेलनमा विश्वभरिका संचार सूचनाविदहरूको ध्यान केन्द्रित भएको छ । मानिसहरू प्राविधिक दृष्टिले त्यो स्तरमा पुगेको छ जहाँ सम्पूर्ण सूचना, विचार, ज्ञान चाहे त्यो अक्षरमा होस, चाहे ध्वनिमा चाहे चलचित्रमा होस्, मानिसको ज्ञानेन्द्रियले ग्रहणगर्नसक्न कुनै पनि रूप आकारमा होस्, त्यसलाई डिजिटल माध्यमबाट विश्वको कुनै पनि कुनाबाट कहिँ पनि पठाउन, प्राप्त गर्न, भण्डारण गर्न र प्रशोधन गर्नसकिन्छ । मानव समाजमा विकास भएको यो क्षमताले गर्दा मानिसको बोल्ने, सोच्ने, पढने, खेल्ने, व्यक्तित्व विकास गर्ने आदि जीवनका हरेक क्षेत्रका आनीबानी र व्यवहारमा परिवर्तन आइरहेको छ । इन्टरनेट धनी गरिब, नजिक टाढा, विकसित अविकसित सबैका लागि सूचना र ज्ञानको साझा स्रोत बनेको छ ।

मानव समाजले हासिल गरेको यो अभूतपूर्व उपलब्धिलाई कुनै देश वा समुदायको पेवा बन्न नदिन र सबैले साझा रूपमा सबैको हितमा प्रयोग कसरी गर्न सकिन्छ भन्ने छलफल गर्नु नै अहिले ट्युनिसमा भइरहको विश्व सम्मेलनको मूल उद्देश्य हो । तर नेपाल कामकुरा एकातिर कुम्लो बोकी ठिमीतिर भनेझैं सूचना समाजको ठिक उल्टो दिशातिर लम्किरहको छ । संचार अध्यादेशले जनताका सूचित हुने हक नै खोस्छन् भने सूचना समाजको कुरा त हावादारी गफ मात्रै हो अहिलेको नेपालमा । नेपालले अन्तर्राष्टिय समुदायलाई कहिलेसम्म भ्रममा राख्छ पर्खौं ।

२०६२ कार्तिक

# जनता, प्रेस र बिचरा पत्रकार !

हुनत नेपाली प्रेसमाथि राज्य र विद्रोहीहरूको अतंकको श्रृंखला टुँगिएको छैन तैपनि गएको माघ १९ पछि नेपाली प्रेसको भोगाइ विश्वका प्रजातन्त्रका लागि संघर्षरत देशहरूको लागि महत्वपूर्ण पाठ हुनु अवश्यंभावी छ । तर नेपाल नेपाली समाज स्वयंका लागि यो भोगाइले कुनै पाठ सिकाउला कि नसिकाउला भनेर शंका गर्नुपर्ने अवस्था अझै पनि छ ।

देशमा आन्तरिक द्वन्द्वको थालनी भएपछि, खास गरी सरकारले लागू गरेको दुबै संकटकालको अवस्थामा पत्रकारहरूले भोगेका चरम यातना र मृत्यका घटना र अनुभवहरूलाई आमनेपालीले कसरी लिएका छन् भन्ने कुरा अझै पनि स्पष्ट छैन । सयकडा दुई जनाले अखबार पढने समाजमा पत्रकारले प्रजातन्त्र र जतनाका लागि भोगेको दुःख, कष्ट, यातना र मृत्युलाई जतनाले के ठानेका छन् भनी अध्ययन गर्नु निश्चय नै महत्वपूर्ण विषय बन्नसक्छ ।

तर विगतमा जनताको सबैभन्दा नजिक पुगेको एफएम स्टेसनको लागि भएका सडकदेखि सर्वोच्च अदालतसम्मका संघर्षमा जनताको उत्साहजनतक सहभागिताको अभावलाई ध्यान दिँदा अधिकांश नेपालीका लागि प्रेस भनेको कुन चराको नाम हो वा पत्रकार भनेको कस्तो जीव हो भन्नु पर्ने अवस्था देखिन्छ ।

निश्चय नै पत्रकारहरू  अभिव्यक्ति स्वतन्त्रताका लागि लडिरहेका छन् । जसलाई कानुन व्यवसायी, तथा बौद्धिक सामाजले समर्थन र सहयोग गरिरहको छ । पछिल्लो समयमा आएर राजनीतिक दलहरूले पनि सघाइरहेका छन् । तैपनि जुन राजनीतिक दल, बौद्धिक समुदायका लागि प्रेसको अपरिहार्यता छ त्यही समुदाय सुरुमा प्रेसप्रति निरपेक्ष रहेको तितो सत्य नेपाली प्रेस जगतले भोग्नु परेको थियो ।

अहिले स्थिति अलिकति फरक देखिएता पनि आम नेपालीमाझ अझै पनि प्रेस र पत्रकारहरूबारे अन्यौल बाकी छ । स्वतन्त्र प्रेस बिना प्रजातन्त्र रहन सक्तैन भनी राम्ररी बुझेकाहरूले पनि अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र प्रेस स्वतन्त्रतालाई पत्रकार, सम्पादक र प्रकाशकहरूका लागि मात्रै चाहिने कुरा ठाने । यो भ्रम केही मात्रामा पत्रकारहरूमा पनि नभएको होइन । जसले गर्दा पत्रकारहरूले प्रेस स्वतन्त्रताको लडाइँ एकहदसम्म एक्लैले लडे र लडनु परिरहेको छ ।

प्रेस स्वतन्त्र र आत्मनिर्भर भएन भने प्रजातन्त्र दिगो नरहने भएको हुनाले नै आम जनताले प्रेसको स्वतन्त्रताको लडाइँलाई आफ्नो लडाइँ ठान्नु पर्ने हो । तर यो स्थिति आउन अझै कुर्नु पर्ने देखिन्छ । पत्रकारले हाम्रो लागि दुःख पाएको छ भनेर भित्री मनले नबुझेसम्म जनताले प्रेसको लडाइँलाई पत्रकारको मात्रै लडाइँ ठान्नेछन् । यो बुझाउने काम पत्रकारको मात्रै होइन प्रजातन्त्रका हिमायती सबैको हो ।

प्रजातन्त्रकालमा सबैभन्दा फस्टाएको क्षेत्र प्रेस नै हो भनेर हामीले बारंबार भन्ने गर्छौं । तर नेपाली प्रेस जनताको सुसूचित हुने हकका लागि, प्रजातन्त्रको रक्षाको लागि फस्टाएको रहेछ कि भोट र नाफा बटुल्न फस्टाएको रहेछ भन्ने कुराको तीतो अनुभव प्रेस स्वतन्त्रताको लागि आन्दोलन गर्दाको बेलामा बारंबार भोग्नु परेको थियो । अहिले पनि लगानी डुब्ने खतरालाई दाउमा राखेर संघर्ष गर्न तम्सने मिडिया हाउसहरू कति छन ?

पन्ध्र वर्ष कुनै पनि देशको इतिहासको लागि लामो समय होइन । तर यति छोटो समयभित्र नेपाली प्रेसले भोगेको यथार्थलाई केलाउने हो भने यो कुरा स्पष्ट देखिन्छ कि जुन कलमका सिपाहीको मेहनतमा ठूलाठूला मिडिया हाउसहरू खडा हुन्छन्, धन र इज्जत कमाउँछन् तिनैले आफूलाई संकट पर्ने संकेत आउने बित्तिकै ती सिपाहीहरूलाई दूधको तरबाट झिंगा मिल्काएझैँ गरी मिल्काउनसक्छन् । अरूको हक अधिकारका लागि लडने पत्रकारहरू कति निरीह छन् भन्ने कुरा पत्रकारको घेराभन्दा बहिरकालाई थाहा छैन ।

देश, प्रजातन्त्र र जनताका अधिकारका लागि लडने पत्रकारहको लागि लडिदिने को हो ? जसका लागि पत्रकारहरू लडिरहेका छन् उनीहरू नै पत्रकारका लागि लडनु पर्ने होइन र ? तर हामीकहाँ त्यो अवस्था कहिले आउला ?

२०६२ मंसिर, डिसेम्बर २००५

धन्यवाद !